# अध्याय–१
# परिचय

## १.१ अध्ययनको पृष्भूमि

नेपालमा दलितको कूल जनसँख्या १३ प्रतिशत छ । कुल दलित मध्ये तराई दलितको हिस्सा ३५ प्रतिशत छ । २०५८ सालको जनगणनाले तत्मा, खत्वे, पासवान मुसहर, बन्तर, धोबी, चमार, चिडिमार, पथरकट्टा, हलखोर र डोम सहित ११ समूहलाई तराई दलितको रूपमा पहिचान दिएको छ । तराई दलित मध्ये जातीय उचनिचको हिसाबले सब भन्दा तल्लो र समाजिक आर्थिक रूपमा पिछडिएको डोम समुदायलाई नै मानिन्छ ।

जनगणना २०५८ अनुसार डोम समुदायको जम्मा जनसँख्या आठ हजार नौ सय एकतीस छ । यो भनेको कूल तराई दलितको १ प्रतिशत हिस्सा हो । डोम परिवारको औसत आकार ६ जना भन्दा माथि छ जुन राष्ट्रिय औसत भन्दा ठूलो हो । यसले डोम समुदायमा प्रजनन दर औसत भन्दा उच्च रहेको देखाउँछ । महिला मृत्यु दर पनि डोम समुदायमा औसत भन्दा उच्च रहेको छ ।

डोम समुदाय नेपालको सबै भन्दा गरिब समुदाय मध्ये एक हो र कथित उच्च जातबाट शोषित छ । उच्च जातका मानिसका घरमा उनीहरूको प्रवेश वर्जित छ । उनीहरू पानी लिने धारा र ट्युबवेल नै भिन्नै हुन्छ, किनकी सार्वजनिक वा निजी धाराबाट उनीहरू पानी लिन सक्दैनन् ।

डोम समुदायमा पितृसतात्मक जातीय संरचना छ । समाजमा र परिवारमा महिलाहरूको सामाजिक आर्थिक हैसियत कमजोर छ । दाजु भाई बीचको झगडा सासु र बुहारीका झगडा, देउरानी जेठानी बीचको झगडा नै डोम समुदायमा परिवार टुक्रनका मुख्य कारण्का रूपमा देखिएका छन् । परिवार टुक्रनको परिणाम स्वरूप डोम समुदायमा ८६ प्रतिशत एकात्मक परिवार रहेको छ तर १४ प्रतिशत अझै वृहत परिवार बोकी रहेको छ ।

डोम समुदाय राजनीतिमा सक्रिय छैनन् । जनकपुर नगरपालिका क्षेत्रका डोम समुदायको स्थानीय, जिल्ला र राष्ट्रिय स्तरमा राजनीतिक प्रतिनिधित्व छैन । उनीहरू केवल भोट दिन्छन् । परन्तु डोम समुदायको आफनै परम्परागत राजनीतिक नेतृत्व भन्ने हुन्छ । त्यस्तो नेतृत्वलाई डोम समुदायमा माइजन भनिन्छ । त्यस्तै गाउं स्तरको नेतृत्व को रूपमा जावरहरू हुन्छन् । धेरै जाबरमध्येबाट एउटा माइजन चुनिन्छ । माइजनले सबै जाबरका गतिबिधिलाई निगरानी नियन्त्रण र उनीहरूको काम र भूमिकाबारे निर्देशन गर्छन् । व्यभिचार, चोरी विवाह सम्बन्धी जमिन जंगल पानी जस्ता स्थानीय श्रोत सम्बन्धी झै झगडा परम्परागत रीतिरिवाजको उल्लङ्घन र अपराधीको न्यायनिसाफ नारी दण्ड सजाय समेत माइजनले तोक्छन् ।

डोम समुदायका सदस्यालाई नागरिकता र यी पाउनेविधि बारे पनि त्यति जानकारी छैन । उनीहरूलाई जन्म मृत्यु विवाह बसाई सराई जस्ता घटना दर्ता सम्बन्धी पनि हेक्का छैन ।

जनकपुर नगरपालिका क्षेत्रमा ६० प्रतिशत डोमसँग मात्र नागरिकता प्रमाणपत्र रहेको छ । प्रमाण, पैसा र चेतनाको अभावका साथै झन्झटीलो प्रशासनिक प्रक्रियाले गर्दा अध्ययन क्षेत्रका ४० प्रतिशत डोम समुदायले अझै नागरिकता प्रमाण पत्र लिएका छैनन् ।

डोम समुदाय प्रायः अशिक्षित छ । उनीहरूमध्ये धेरैजसोले स्कूलको मुख कहिल्यै देख्न पाएका छैनन् । त्यस कारण उनीहरू प्रत्येक क्षेत्रमा पछि परेका छन् । अरु तराई दलितका तुलनामा डोमको साक्षरता दर कम छ । कूल डोम उतरदाता मध्ये ४७ प्रतिशत पुरै निरक्षर भएको पायो । डोम समुदायमा प्राथमिक तह पुरा गरेको १.४ प्रतिशत, नि.मा.बि. तह पुरा गरेको १.३२ प्रतिशत र एस.एल.सी. पास गरेका डोम १.३२ प्रतिशत थिए । खटकिदों बास्तविकता के देखियो भने डोमहरू मध्ये एक जना पनि महिला साक्षर थिएनन् तर आज भोली डोम समुदाय शिक्षा प्रति आकर्षित भने भइरहेका छन् ।

डोम समुदायका मुख्य परम्परागत पेशा विभिन्न किसिमका बाँसका टोकरी बनाउनु र बेच्नु हो । साथ साथै चिहान खन्ने र लाश जलाउने पेसा पनि उनीहरू गर्छन । ९४ प्रतिशत डोम को खेती गर्ने कुनै जमिन छैन, उनीहरू भूमिहिन छन् र उनीहरूलाई बर्ष भरि खाधान्न संकट पर्दछ । यसले पनि डोम समुदायको गरिबीलाई देखाउछ । यी समुदायले सुंगुर, बाख्रा लगायत अरु घरेलु जनावर पनि पाल्छन् । घरेलु इन्धनका रूपमा काठ र घरेलु पाल्तु जनावरका गोबरका गुइठा इन्धनको रूपमा प्रयोग हुन्छन् । महिलहरूले पुरुष भन्दा बढी घरेलु काम धन्दा र टोकरी बुन्ने काम गर्छन् । उनीहरू बाँसका टोकरी बनाएर वरिपरीका गाउँमा पैसामा र अन्य वस्तुसँग साटेर आफ्नो जीविकोपार्जन गर्छन् ।

विगतमा डोम समुदायमा संयुक्त परिवारमा बस्थे तर अहिले एकात्मक परिवार बढी छ । विगतमा डोम समुदायमा छिट्टै बिहे गर्ने चलन थियो भने अहिले कम उमेरमा विवाह गर्ने चलन घटदैछ । डोम समुदायले गरिवीको कारण छैठी वा न्वारन गर्ने संस्कार छोडेर बाबु आमाले नै बच्चा को नाम राख्न थालेका छन् । मृत्यु संस्कार छोडेर बाबु आमाले नै बच्चा को नाम राख्न थालेका छन् । मृत्यु संस्कार पनि परिवर्तन हुदै छ । दाउरा किन्न उनीहरू हिन्दुले भनि जस्तै विभिन्न चाँडपर्व मनाउछन् तर मनाउने तरिकामा परिवर्तन आउँदै छ । जनकपुर नगरपालिका क्षेत्रमा डोमहरू छिमेकका अन्य समुदायबाट असाध्यै प्रभावित बनेका छन् । डोमहरू डोमको सट्टा स्थानीय रूपमा सम्मान पाउन आफ्नो नामका पछाडि मलीक लेख्न थालेका छन् ।

शैक्षिकस्तरमा पनि परिवर्तन भइरहेको छ । आजभोलि डोम अभिभावकले पनि बालबच्चा स्कूल पठाउन थालेका छन् । धार्मिक गतिविधि देवीदेवताको पूजाआजामा पनि उनीहरू परम्परागत र कट्टर देखिन छाडेका छन् । युवा डोमहरूले देवी देवताको पूजा गर्न रुचि देखाउन झनै छाडेका छन् । परम्परात रूपमा चिहान खन्ने पेसालाई छाडेर बाँसका किसिम-किसिमका टोकरी बनाउन तिर लागेका छन् यस

वाहेक आजकल युवा डोमहरूले सरकारी तथा राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थामा सानो तिनो जागिर पनि गर्न थालेका छन् ।

छुवाछुत प्रति को धारणा र व्यवहारमा कमी हुँदै गए पनि यसलाई आत्मसाथ गर्न अझै डोम समुदायलाई समस्या परेको छ । वर्षै देखिको अछुतको रूपमा स्वयंलाई हेर्ने बानी पर्नु र अन्य समुदायले हेलाको दृष्टिले हेर्ने चिहान खन्न र लास जलाउने परम्परागत पेशा ले पनि उनीहरूलाई हीनतावोधले अझै खुम्चिएका छन् ।

डोम समुदायमा रक्सी खाने एक आपसमा झगडा गर्ने प्रवृति आम रूपमा रहेको छ । उच्च जातकाले डोम समुदायलाई समान हैसित दिन चाँहदैनन् । तर शिक्षा र चेतनामुखी कार्यक्रमले यो मनस्थितिलाई सुधार्दै लगेको छ । स्वयं डोम समुदाय पनि आफ्नो वहिसकरणको विरुद्धमा सचेत हुँदै गएका छन् ।

(गोरखापत्र २०६६ साल जेठ ५ गते मंगलवार, समावेशीकरण अनुसन्धान कोष)

नेपालको कुनै पनि जिल्लामा डोम भनेर चिया खाना, नास्ता होटलमा दिदैन डोम दलित भित्र पनि दलित छ । डोमप्रति विभिन्न दलित र गैर दलितवर्गबाट जुन भेदभाव हुन्छ त्यसका प्रमुखकारण छन् ।

(क) अशिक्षा
(ख) गरिबी
(ग) शरीर, घर आगंन दरवाजा सफा सुग्धर नहुनु
(घ) परम्परागत कर्म जस्तो जुठो उठाउने, मरेको मान्छेलाई जलाएको बाँकी दाउरा प्रयोग गर्नु
(ङ) मरेको कुकुर उठाउनु, गधा फाल्ने काम गर्नु
(च) संगुर जथाभावी तरिकाले पालनपोषन गर्नु
(छ) जाँड रक्सी धेरै मात्रामा प्रयोग गर्नु

करिव ४० प्रतिशत डोमहरू दाइजो लिई मात्र विवाह गर्ने गर्दछन् । नगदमा रु. ३००० देखि १०००० सम्म तिलकको व्यवस्था छ । छोरी माथि रूपमा लिनेमा करिब ६० प्रतिशत मरीक डोम सहभागी छन् । जसमा रूपैया १००० देखि रु. २००० सम्म केटीवालाले रूपया लिने गर्दछन् । विवाहमा पहिले छेका हुन्छ

त्यसपछि तिलक हुन्छन् । एउटा निश्चित शुभ मुहुर्तमा विवाह हुन्छ । गोसाई घरमा विवाहको एक दिन पहिले गोसाई गीत हुन्छ । जयन्ती आएमा पहिले भाग दाल तरकारी रक्सी मासुको व्यवस्था हुन्छ र जाने समयमा जयन्तीलाई डाली हारी, लोटा माल (संगुर) पनि  दिइन्छ ।

(सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज

फेडरिक इवर्ट स्टिफटुड, (एफ.इ.एस.) ९-१०-२०५८

डोम जातिको उत्पति बारेमा मनुस्मृतिमा केही कुरा उल्लेख छ । जस अनुसार
क्षत्रियादि्र प्रकान्यायां सुतो भवति जातित ११

वैश्यान्मागधवैदेही राज विप्रङनासुतौ

शुद्रादायोगवः क्षता चण्डलश्चधर्मौ नृगाम ।१२

अर्थात प्रतिलोमविवाह अनुसार ब्राम्हण वर्णको केटी र शुद्र वर्णको केटाको विवाह पश्चात उत्पन्न सन्तान नै डोम वा चण्डाल हुन् । यी डोम जाति चारै वर्ण र सबै जाति भन्दा तल्लो जाति हो ।

(मनुस्मृति, प्रथम भाग १९४४ दशमभाग)

वि.सं. २०५२ सालको जनगणनाअनुसार यो जाति को कूल जनसँख्या ८९३१ देखाएको छ यस मध्ये ४७३१ पुरुष र ४३०० महिला छन् जुन यो देशको कूल जनसँख्या को ०.०४ प्रतिशत हुन आउंछ ।

हालसम्म प्राप्त तथ्याङ्क अनुसार यिनीहरू सदा, मधैयसदा र गुरुसदा गरी तीन थरमात्र पाइएका छन् । (मधुसुदन पाण्डेय २०६३)

| **तालिका नं. १<br>दलितहरूको कूल जनसंख्या** | | | |
|---|---|---|---|
| **क्षेत्र** | **जात** | **जनसंख्या** | **प्रतिशत** |
| पहाडका निवासी | कामी | 895954 | 3=94 |
| | दमाई | 390305 | 1=72 |
| | सार्की | 318989 | 1=4 |
| | गाइने | 5887 | 0=03 |
| | वादी | 4402 | 0=02 |
| **पहाड वासीका जम्मा सँख्या** | | **1615537** | **7=11** |
| तराईका निवासी | चमार | 269661 | 1=19 |
| | मुसहर | 172434 | 0=76 |
| | दुसाध | 158525 | 0=7 |
| | धोवी | 73413 | 0=32 |
| | खत्वे | 74972 | 0=33 |
| | तत्मा | 76512 | 0=34 |
| | सन्याल | 42698 | 1=19 |
| | ढांगर | 41764 | 0=18 |
| | वातर | 35839 | 0=16 |
| | कटार | 34531 | 0=15 |
| | माली | 11390 | 0=05 |
| | डोम | 8931 | 0=04 |
| | हलखोर | 3621 | 0=02 |
| | पथ्थरकट्टा | 522 | 0=01 |
| **तराईवासीका जम्मा सँख्या** | | **1004813** | **4=43** |
| जात नखुलेका दलितहरू | | 173401 | 0=76 |
| सम्भावित दलितहरू | सोनार | 145088 | 0=64 |
| | लोहार | 42637 | 0=36 |
| | | 401126 | 1=76 |
| कूल दलित सँख्या | | 3020875 | 13=20 |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग २०५९

धनुषा जिल्लाको जनकपुर नगरपालिका मा विविध वडामा डोमहरू छरिएर रहेका छन् अतः मैले समाजशास्त्र तथा मानवशास्त्री लेखनमा सहयोग पुऱ्याउनुमा साथै त्यस पक्षको एउटा महत्वपूर्ण दस्तावेजका रूपमा रहने विश्वास लिइएको छ ।

नेपालमा दुई प्रकारका दलितहरू पाइन्छन् । पहाडमा बस्ने दलितहरू र तराईमा बस्ने दलितहरू । पहाडमा बस्ने दलितहरूमा कामी, दमाई, सार्की इत्यादि । तराईमा दलित अन्तर्गत चमार, मुसहर, धोवी, खत्वे ततमा कहार आदि जातिहरू पर्दछन् । पहाडे दलितमा उपत्यकामा नेवारी समाजमा रहेको पोडे च्यामे, कसाई आदि जातिहरू पनि दलित वा अछुत जातका रूपमा पाइन्छ ।

## १.२ अध्ययनको समस्या

डोम जाति अछुत जात वा दलित वर्ग अन्तर्गत पर्दछन् । जात प्रथाको यो तहगत विभाजन अन्तर्गत डोम जातिलाई धार्मिक क्षेत्रमा निषेध व्यवस्था गरेको पाइन्छ । जुन दक्षता सीप र सम्पतीले पनि तोडन सकेको छैन । डोम जाति हिन्दु धर्मावलम्बी भएता पनि हिन्दूहरूको मठ मन्दिरमा पस्न मनाही गरिएको हुन्छ । जात प्रथा द्वारा सामाजिक भूमिका, सामाजिक स्थान, जन्मजात रूपमा जातले छुट्याउँदछ न कि क्षमता, सीप र योग्यताको आधारमा तल्ला जातका लागि समाजिक गतिशिलताको अवसर प्रतिवन्धित हुन्छ । अछुत जातका सदस्यले उच्च जातको सदस्यता कहिले पनि प्राप्त गर्न सक्दैन । डोम जाति पनि यस जात भित्र पर्ने भएको हुनाले यिनीहरूलाई उक्त सुविधाबाट बञ्चित गरेको पाइन्छ । डोम जातिलाई उच्च जातिको घर भित्र पस्न दिनुहुँदैन । साथै हाम्रो समाजमा आज पनि कायमै रहेको छ ।

अपवित्र र अछुत जातिको बारेमा विस्तृत अध्ययन अनुसन्धान भएको पाइदैन । डोम जातिको समग्र उत्थानको निमित कुनै सरकारी एवं गैर सरकारी स्तरबाट कुनै ठोस कार्यक्रमहरू तर्जुमा हुन सकिरहेको छैन । यस जातिको परम्परागत मूल्य र मान्यता सांस्कृतिक विशेषता आर्थिक एवं सामाजिक अवस्था को बारेमा कम मात्रामा

अध्ययन अध्यापन भएको हुनाले यि माथिका विविध पक्षमा प्रकाश पर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । डोम जातिमा हुने विवाह प्रणाली यिनीहरूको दिनचर्चा पेशा संगठन आम्दानी र खर्चमा सम्बन्धित कुरा क्षमता मा अध्ययन केन्द्रित भएको छ ।

कार्यगत रूपमा भन्ने हो भने यो अनुसन्धान निम्नलिखित प्रश्नहरूमा केन्द्रित भएको छ ।

(१) यस जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक राजनैतिक आर्थिक अवस्था कस्तो छ?

(२) उनीहरूको सामाजिक जीवनमा के कस्ता परिवर्तन अपनाई राखेको छैन ?

(३) उनीहरूको सामाजिक जीवनमा के कस्तो परिवर्तन अपनाइराखेका छन् भने त्यसको कारण के हो ?

(४) यो जातिको समाजिक संरचना कस्तो छ? भन्ने कुराको अनभिज्ञता नै यो अध्ययनको समस्या हो ।

अतः यस समस्याहरूमा नै अध्ययन केन्द्रित हुनेछ ।

## १.३ अध्ययनको उद्देश्य

यस शोध अध्ययनको उद्देश्य धनुषा जिल्लाको जनकपुर नगरपालिकाको डोम जातिको जनजीवन र संस्कृतीका बारेमा छोटो विवराण तयार पार्नु हो ।

(क) जनकपुर नगरपालिकाको डोम दलित जातिको सामाजिक सांस्कृतिक पक्षहरू बारे जानकारी हाँसिल गर्ने ।

(ख) डोम दलित जातिको आर्थिक अवस्थाको जानकारी प्राप्त गर्ने ।

(ग) डोम दलित जातिको परम्परागत मान्यता र पेशाागत परिस्थितिमा देखा परेका परिवर्तनको अध्ययन गर्ने ।


(घ) डोम दलित जातिमा देखा परेका विभिन्न पक्षको सुधार गर्ने सम्बन्धमा आवश्यक सुझाव दिने ।

## १.४ अध्ययनको अवधाणात्मक रुपरेखा

तलको अवधारणात्मक रूपरेखाबाट के प्रस्ट गर्न खोजिएको हो भने डोम समुदायमा समाजिक संरचना सांस्कृतिक पक्ष र आर्थिक पक्ष स्वतन्त्र चरहरू हुन् । जातिय संरचना पारिवारिक संरचना, नातागोता छर, छिमेक, गाउँघर सामाजिक संरचनाका मध्यम चरहरू हुन् भन्ने मूल्य मान्यता, खानपिन संस्कारहरू भेषभूषा बसउठ एकताको भावना संस्कृतिका पक्ष अन्तर्गतको मध्यम चरहरू हुन् भने आर्थिक संरचना अन्तर्गत कृषि जातिगत पेशा र श्रम विभाजन मध्यम चरहरू हुन् ।

माथि उल्लेखित तिनै स्वतन्त्र चरहरू अन्तर्गतका आश्रित चरहरू वा त्यसका परिणामहरू चाहिं सामाजिक प्रतिष्ठाको अभाव, हीनतावोध अशिक्षा, गरिवी, बस्तु, र सेवाको उपलब्धता सामुदायिक सहभागिता न्यूनता र शून्य राजनैतिक सहभागिता छन् ।

**अवधारणात्मक रुपरेखा**



## १.५ अध्ययनको महत्व

यस मुलुकको राष्ट्रिय एकताका लागि बहुभाषिक, बहुजातीय सम्प्रदायलाई राष्ट्रको विकासको मुल प्रवाहमा समाहित गराएर अनेकतामा एकता कायम भएको नेपाली प्रजातान्त्रिक समाजको विकास गर्नु आजको आवश्यकता हो । नेपाली समाज र संस्कृतिको अन्तरसम्बन्ध र अन्तरनिर्भरतालाई बुझेपछि मात्र नेपाली समाजको यथार्थमा आधारित एकीकृत स्वरूपका (समाजको) विकास गर्न सकिन्छ । यसका लागि सबै जातजाती समुदायहरूको आर्थिक समाजिक र सांस्कृतिक स्वरूपको समसामयिक अध्ययन हुन जरुरी छ । त्यसैले यस अध्ययनका मुख्य दुई महत्वहरू रहेका छन् ।

(क) **सैद्धान्तिक महत्व** : कुनै पनि विषयको सैद्धान्तिक महत्व नै पहिलो महत्व हुन्छ किनभने सैद्धान्तिक अध्ययनबाट प्राप्त हुने जानकारीहरूले यस जातिको समाजिक सांस्कृतिक पक्ष वर्तमान स्वरूपको अवस्थाको ज्ञान हुन्छ । यसका साथ साथै यस जातिको विगतको अवस्थाका बारेमा पनि थाह हुन सक्छ । यस जातिको परम्परा, चालचलन रीतिरिवाजका बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ । यस ज्ञानबाट अन्य जातिगत स्वभाव जातीविचको अन्तरक्रिया र परिणामका बारेमा केही थप सैद्धान्तिक ज्ञान प्राप्त हुन सक्छ । जाती परम्परागत रूपबाट समाजिक, आर्थिक पछौटेपनका कारणले दलित जातीको रूपमा चिनिएको समुदाय हो । समाजमा अछुत जातीको रूपमा समाजिक स्थिति (Social Status) रहेको कारण ले नै यो जाति आर्थिक रूपले हालसम्म पनि पछाडि परेको देखिन्छ । यिनै कारणहरूको सैद्धान्तिक पक्षको खोजी गर्ने काम पनि यस अध्ययनले गर्दछ ।

(ख) **व्यवहारिक महत्व** : कुनै पनि विषयको सैद्धान्तिक महत्वबाट प्राप्त ज्ञानलाई व्यवहारिक महत्व भनिन्छ । सैद्धान्तिक अध्ययनबाट हामी जनजाती एवं जातजातीको समाजिक अर्थिक एवं सांस्कृतिक पक्षको वर्तमान अवस्थाको जानकारी गरी त्यस जानकारीको सहायताबाट देश वा विभिन्न योजना तथा विकास कार्यक्रम बनाउन नीति निर्माण गर्न योजनाको उद्देश्य तय गर्न, योजनाका कार्यान्वयन पक्षको

मूल्याङ्कन गर्न तथा विकास कार्यकर्ताहरूलाई र योजनाकारहरूलाई तालिम दिन कार्य योजना बनाउन, आदि कुराहरूमा बारेमा यस सैद्धान्तिक ज्ञानको व्यवहारिक महत्व रहन गएको छ ।

## १.६ अध्ययनको सीमा

अनुसन्धान कार्य सदैव एउटा निश्चित परिधिभित्र रहेर गरिने कार्य भएको हुँदा अनुसन्धान कार्यको मूल्य र मान्यता पनि निश्चित रूपमा रहेका हुन्छन् । अध्ययनका लागि बनाइएको योजनाअनुसार कार्य संचालन गर्नुपर्ने हुन्छ । अध्ययन अनुसन्धान कार्यका पनि निश्चित सीमाभित्र मात्र यसको परिणाम र निष्कर्षहरू मान्य हुन्छन् । यो अध्ययनको उद्देश्य धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १,६,७,१२,१५ एवं १६ मा बसोवास गरेका डोम जातिको समाजिक साँस्कृतिक तथा आर्थिक अवस्थाको अध्यन गर्नु हो । यो अध्ययन केवल जनकपुर नगरपालिका वडा नं. १,६,७,१२,१५ एवं १६ बसोवास गरेका डोम जातिको अध्ययनबाट प्राप्त हुने निष्कर्षहरू अन्य क्षेत्र र परिवेशमा लागु नहुन पनि सक्छ । साथै यस अध्ययन त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र विषयको स्नातकोत्तर तहको समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि मात्रै तयार गर्न लागिएकोले यस अध्ययन सीमित साधन स्रोत र कम समयमा एउटा विद्यार्थीको हैसितयले गर्न लागिएको हुनाले यस अध्ययनले यस समुदायको आर्थिक तथा समाजिक पक्षको सम्पूर्णतालाई समेटिएको हुन सक्छ ।

## १.७ अध्ययनको संगठन

धनुषा जिल्लाको जनकपुर नगरपालिकामा बसोवास गर्ने डोम जातिको बारेमा गरिएको यस अनुसन्धानलाई अध्याय, शीर्षक तथा उपशीर्षकमा राखी प्रस्तुत गरिएको छ । प्रत्येक अध्यायमा निम्न अनुसारको शीर्षक रहेको छ ।

- प्रथम अध्यायमा अनुसन्धानको परिचय रहेको छ । यस अन्तर्गत अध्ययनको परिचय, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठनको बारेमा वर्णन गरिएको छ ।

- दोस्रो अध्यायमा पूर्व साहित्यिक अध्ययन गरिएको छ जस अन्तर्गत जाति (शुद्ध वर्ग) को उत्पति सम्बन्धी अध्ययन, थर, गोत्र सम्बन्धी अध्ययन रहेको छ ।

- तेस्रो अध्यायमा अनुसन्धान विधि राखिएको छ । यस अन्तर्गत अनुसन्धान खाका ( वर्णानात्मक अध्ययन) अध्ययनको क्षेत्रको छनौट, तथ्य स्रोतहरू (प्राथमिक र द्धितीय स्रोतबाट तथ्यांक संकलन) तथ्यांक संकलन प्रविधिहरू (अवलोकन, अध्ययनका सीमाहरूको अध्ययन क्षेत्रको अनुभव बारेमा उल्लेख गरिएको छ ।

-चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ जस अन्तर्गत धनुषा जिल्लाको परिचय, भौगोलिक अवस्था र क्षेत्रफल, जनसंख्या र अध्ययनको धारणागत खाकाको वर्णनको साथै धनुषा जिल्लाको जनकपुर नगरपालिकामा रहेको डोमहरूको संख्या भाषागत आधारमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

- पाचौ अध्यायमा डोम जातिको सामाजिक तथा साँस्कृतिक स्थितिको वर्णन गरिएको छ । जस अन्तर्गत डोम जातिको ऐतिहासिक पृष्ठभूमि, डोम जातिको जनसंख्या, बसोबास, भाषा, धर्म, पारिवारिक बनौट, उत्तरदाताको वैवाहिक स्थिति तथा सामाजिक, स्वास्थ्य उपचार, शैक्षिक अवस्था महिलाको स्थिति तथा सामाजिक र राजनैतिक चेतना सम्बन्धी कुराको वर्णन गरिएको छ । साथै उनीहरूको रहन सहन, खानपान, भेषभुषा र चाडपर्व, देवीदेवताहरू आदिको बारेमा चर्चा गरिएको छ ।

छैटौं अध्यायमा डोम जातिको आर्थिक सांस्कृतिक अवस्थाको वर्णन गरिएको छ । यस अन्तर्गत सक्रिय र निष्क्रिय जनशक्तिहरू, उनीहरूको पेशा, वार्षिक आय र व्ययको विवरण आर्थिक अवस्था कमजोर हुनका कारणहरूको बारेमा चर्चा गरिएको छ ।

- सातौ अध्यायलाई डोम जातिको आर्थिक अवस्थाको वर्णन गरिएको छ ।

- आठौं अध्याय अन्तरगत सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

**अन्य दलित जातिका बारेमा गरिएको अध्ययन**

हिन्दु समाजमा वर्णाश्रम धर्म अन्तर्गत चौथौं वर्ण शुद्र जातिलाई परम्परा देखि नै अछुत भनिदै आए पनि वि.सं. २०२४ सालदेखि दलित भन्न थालियो ।

बृहत नेपाली शब्दकोष (२०४०) मा दलित शब्दको अर्थ दलिएका, दमन गरिएको, थिचिएको, कुल्चीएको, विध्वंस गरिएको र नष्ट गरिएको साथै समाजमा हक इज्जत र प्रतिष्ठा समानरूपले पाउन नसकेको जाति वा समूह, सामाजिक व्यवस्थाको असमानतनले सोसिएको वा पछि परेको जनसमुदाय भनेर लगाइएको छ ।

दलित उत्थान र संरक्षण सम्बन्धी विधेयक २०५९ अनुसार विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा दलित भन्नाले समाजमा छुवाछुतमा भेदभावबाट पिडित भई आर्थिक रूपमा शोषित, राजनीतिक रूपमा उपेक्षित, शिक्षामा पछाडि परेको, धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भइरहेका जातिका व्यक्तिलाई सम्झिनुपर्छ ।

लोकानां तु विद्दयर्थ मुखवाहुरूपपादत : ।

ब्राह्मणं क्षत्रियं वैश्यं शुदं च निरवर्तयत् ॥ (मनु १/३१)

अर्थात संसारको विकासको लागि मुख, वाह,। तिध्रा र खुट्टाबाट क्रमैसँग ब्राह्मण, क्षत्रिय, बैश्य र शुद्रलाई उत्पन्न गरियो भनिएको छ ।

ध्वजाहतौ भक्तदासो सृहजः क्रीतदत्रिमौं ।

पैत्रिको दण्डदासश्च सप्तैते दासयोनय : ॥ (मनु ८/४१३)

अर्थात युद्धमा जितेर ल्याइएका भोजनका लाचले आफै आएका दासीका गर्भबाट जन्मिएका, किनेर ल्याएका, पुर्खादेखि काम गर्दै आएका, दण्ड वा ऋण चुक्ता नगर्नका लागि काम गर्न लागेका यी सातै किसिमबाट शुद्र वा दास हुन्छन् ।

बिष्ट, डि.वि. (२०३०) का अनुसार सार्की जाति नेपालको पहाडी भेगमा बस्ने आदिवासी भए तापनि, यिनीहरू कहिले देखि बसोबास गर्न थालेका हुन्, त्यो किटान साथ भन्न नसकिने र यिनीहरू तागाधारी जातिको छेउछाउमा बसोबास गर्दैआएका छन् भनिएको छ ।

गौतम, राजेश, अशोक थापा मगर (१९९४) ले आफ्नो पुस्तक ट्राएवल इथ्नोग्राफी अफ नेपाल (भोलम २ ) मा विभिन्न २४ जाति जनजातिहरूको संस्कारहरूको व्याख्या गर्दै मुसहर सम्बन्धी केही जानकारी लेखेका छन् । जसमा मुसहरको नेपालको मोरङ्ग, सुनसरी, उदयपुर, सिरहा, सर्लाही धनुषा, सप्तरी, महोत्तरी र रौतहट मुख्य सांस्कृतिक थात्थलो भएको बताउदै पहिले घुमन्ते फिरन्ते जाति रहेकोमा पछि घरबार बनाउन थाले । उनीहरू ७०० वर्ष अघि दक्षिणतिरबाट आएका हुन पनि भनिएको छ ।

राष्ट्रिय दलित आयोगको स्थापना गर्न बनेको विधेयक, २०५९ मा दलित समुदाय भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परि सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडी पारिएको र मानवीय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको भन्दै सोही विधेयकको अनुसुची १ मा उल्लेखित जातहरू विश्वकर्मा (कामी, सुनार, लोहार, चमार, चुनरा, ओड), दर्जी (दमाई, परियार, हुडके, ढोली) सार्की (मिजार, चर्मकार), वादी, गाइने (गन्धर्व), कपाली, खड्गी, देउला, कुचे, चमार, दुसाद (पासवान, हजरा), धोवी (रजक), तत्मा, डोम, बाँतर, खत्वे, मुसहर, हलखोर, पत्थरकट्टालाई दलित मानेको छ ।

कप्लान ए पेट्रिका (१९७२), कार्यक्षेत्र अध्ययनका आधारमा तयार पारिएको यस कृतिमा तल्ला जातकालाई उपल्ला जातले सामाजिक, राजनीतिक, आर्थिक मात्र नभई शारीरिक एवं यौन शोषण समेत गर्ने गरेको र तल्ला जातलाई उपल्ला जातले परिनिर्भर बनाएको भन्ने उल्लेख गरिएको छ ।

मधुसूधन, पाण्डेयले नेपालका दलितहरू (२०६२)मा पहाडीया दलितहरूमा कामी, दमाई, सार्की, बादी, गाईने, सुनार गरि जममा (६) वटा तराईवासी दलितहरूमा पासवान, लोहर, डोम, चमार, हलखोर, वातर, धोबी, तत्मा, चिढिमार, खटिक, खत्वे, शरभङ्ग, मुसहर, र नजजातिय दलितहरूमा, कुसले र पोडेको सामान्य परिचय, जनसंख्या, पहिरन, शैक्षिक अवस्था, मुख्य पेशा, चाडपर्व, खानपान, मुख्य संस्कार विवाह आदिका बारेमा छोटो र मिठो व्याख्या गरेका छन् । हरिवंश झा ले आफ्नो पुस्तक तराई दलित मा विभिन्न थरीका मेधेशी दलितको साथै मधेशमा बसाँइ सरी आएका पहाडीया दलितको सामान्य परिचय, संस्कार, सँस्कृति, आहार-विहारको छोटो वर्णन गरेका छन् । उनले यो किताब घटना-अध्ययनविधि अपनाएर तयार गरेका छन् ।

समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागले निकालेको वार्षिक पुस्तकमा हर्क गुरुङ्गद्धारा लिखित द दलित कन्टेक्सट् नामक आलेख जसमा विभिन्न दलित भनिएकाहरूको जनसंख्या उनीहरूको थर र काम सहित पहाड, काठमाडौं उपत्यका र तराई भनी तीन भागमा वर्गिकरण गरिएको छ जुन दलित जातिको अध्ययनमा प्रस्तुत गर्नु अपरिहार्य यहाँ गरिएको छ ।

**तालिका नं. २**

**भौगोलिक आधारमा दलितजातिको नाम, उपनाम**

| क.सं. | जातिगत नाम | अन्य उपनाम | परम्परागत पेशा | जनसंख्या १९९१ | २००१ | परिवर्तन |
|---|---|---|---|---|---|---|
| | (क) पर्वते (पहाड) | | | १६१९४३४ | १६१५५७७ | ०.२ |
| १ | वादी | नेपाली | नाच्ने गाउने | ७०८२ | ४४४२ | ४७.२ |
| २ | दमाई | परियार हुड्के | लेगा सिउने र बाजा बजाउने | ३६७९८९ | ३९०३०५ | ६.० |
| ३ | गाइने | गन्धर्व | गाउने, बजाउने | ४४८४ | ५८८७ | ३१.३ |
| ४ | कामी | अगरी, विश्वकर्मा, चुनरा, महार, पर्की, पौरी, रसाइली, सुनार, टमाटा | धातुकर्मी | ९६३६५५ | ८९५९५४ | ७.० |
| ५ | सार्की | भुल, चर्मकार | छालाको काम गर्ने | २७६२२४ | ३१८९८९ | १५.५ |
| (ख) नेवार (काठमाडौं उपत्यका) | | | | | | |
| ६ | च्यामे | हालाहुलु। कुचिकार | सरसफाई | - | - | - |
| ७ | वोडे | दिओला, धाँला | सरसफाई | - | - | - |
| (ग) मधेशी (तराई) | | | | | | |
| ८ | बाँतर | सरदार | मजदुरी | - | ३५८३९ | |
| ९ | चमार | मोचि, राम | छालाको काम | २०३९१९ | २६९६६१ | ३२.२ |
| १० | चिडिमार | - | चरा समात्ने | - | १२२९६ | - |
| ११ | धोवी | - | लुगा धुने | ७६५९४ | ७३४१३ | ४.१ |
| १२. | डोम | डोम | सरसफाइ | - | १२२९६ | - |
| १३ | दुसाध | पासी। पासवान | रक्सी उत्पादन | ९३२४२ | १५८५२५ | ७० |
| १४ | हलखोर | भङ्गी, मेहतर | सरसफाई | - | ३६२१ | - |
| १५ | खत्वे | काहार, मण्डल | भुमिमजदुर | ६६६१२ | ७४९७२ | १२.५ |
| १६. | मुसहर | सदा | भुमिमजदुर | १४१९८० | १७२४३४ | २१.४ |
| १७ | तत्मा | तन्ती | लुगासिउने | - | ७६५१२ | - |
| जम्मा | | | | २२०१७८१ | २५०१७१८ | १३.६ |

स्रोत: ओकेजनल पेपर्स, २००५ पृष्ठ आठ, समाजशास्त्र मानवशास्त्र के.वि.

उपर्युक्त तालिकामा तथ्याङ्क विभागले नै उपलब्ध गराउन नसकेको तथ्याङ्क खाली छोडिएको छ । यस प्रकार अहिले देशमा २५ लाख १ हजार ७८१ भन्दा बढि दलित जनसंख्या रहेको अनुमान गर्न सकिन्छ ।

खत्री, प्रेमकुमार (२०५०) मा प्राचीन देखि वर्तमान कालसम्मको नेपाली समाज र सँस्कृतिको झलक प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा ऋग्वेदकालमा वर्ण व्यवस्थाले प्रवेश पाए पनि त्यसबाट उचता निचताको भावना वा छुवाछुतको भावना नरहेको उल्लेख गरिएको छ तर ब्राह्मण साहित्यको युग पश्चात हिन्दु वर्ण बीच भिन्नता ल्याइयो । शुद्रलाई सबैभन्दा तल्लो वर्णमा राखियो साथै शुद्रलाई लेखपढ गर्न र हिन्दु संस्कारहरू गर्न प्रतिबन्ध लगाइयो भनिएको छ ।

नेपाली, जि.एस. (१९६५० नेवारी जातीय संरचनामा पनि हिन्दु धर्म अन्तर्गतका संरचना जस्तै भएको र उच्च ब्राह्मण देखि अछुत सम्मका जातिहरू विभिन्न तह र पदमा रही विभिन्न सामाजिक कार्यहरू चाडपर्वहरू, जन्म संस्कार विवाह आदि पुरा गर्ने गरेको भनी नेवारी जातिमा रहेको प्रकार्यात्मक सम्बन्धको बखान गरेका छन् ।

रेग्मी, आर. आर. (१९९९) नेपालमा भौगोलिक विविधता अनुसार विभिन्न जातजातिको अवस्थिति रहेको र आ-आफ्नै समाज र सँस्कृति सञ्चालनका प्रकृया रहेको साथै हिमाली भू-भागका समूदायमा तिब्बती तथा तराईका भू-भागमा रहेको जनजातिहरूमा भारतीय समाज र संस्कृतिको प्रभाव परेको र नेपालमा शासन व्यवस्था प्राचीन कालदेखि हिन्दुहरूको बाहुल्यता रहेकाले सँस्कृतिकरणको प्रकृयामा गैर हिन्दुहरूमा हिन्दु धर्मको प्रभाव परेको कुरा उठान गरिएको छ ।

पाण्डे रामनिवास र दिनेश चन्द्र रेग्मी, (२०५४) पौराणीक नेपाली इतिहासको साङ्गोपाङ्गो अध्ययन प्रस्तुत गरिएको पुस्तकमा विद्धान लेखक द्धयले वैदिक आर्यहरूको मुल थलो बारेपनि बृहत चर्चा गरेका छन् । केही विद्धानहरूले भारतका उत्तर प्रदेश र विहारलाई नै आर्यहरूको मुल थलो मानेता पनि आर्यहरू मूलतः मध्य एसीयाली मूलका नै मानिन्छन् भन्ने चर्चा यस अनुसन्धानमा गरिएको छ ।

शर्मा, जनकलाल (२०३९) का अनुसार प्रस्तुत पुस्तकमा मानव विकासको सन्दर्भमा नेपाली समाज, जातीवादका सन्दर्भमा नेपाली समाज, प्रजाती वादका सन्दर्भमा नेपाली समाज, धर्म अविचार र विज्ञान, लोकआख्यान, थर, गोत्रको नालीबेली र राई, गुरुङ्ग, किराती थारु, धिमाल, आदि प्राचीन जनजातिका बारेमा समुच्च अध्ययन गरिएको उक्त पुस्तकमा वैदिक युगदेखि आर्य हिन्दु समाज कसरी विकशित हुदै आयो र काल क्रममा वर्ण विभाजनका साथै ऋगवेदकाल पश्चात अस्पृस्यताको उदय भएको उल्लेख गरिएको छ ।

शर्मा, (२०४३) का अनुसार नेपालमा वसोवास गर्ने सम्पूर्ण मानिसहरूलाई हिन्दु वर्णाश्रम व्यवस्था अनुसार विभाजन गरिएकोमा पछि वि.सं. १९१० सालमा राजा सुरेन्द्र वीर विक्रम शाहले तागाधारी, मतवाली, पानी नचल्ने छोइछिटो नहाल्न पर्ने र पानी नचल्ने छोइछिटो हाल्न पर्ने गरि चार भागमा विभाजन गरे ।

तामाङ्ग, सीताराम (२०५७) का अनुसार जातपाल नेपालको उब्जनी होइन बरु यहाँ इसाको दोस्रो शताब्दीसम्म जनजातिहरूमा जातपात र छुवाछुतको बिँउ पनि थिएन । यो रोग समय समयमा भारतबाट नेपाल आउने वर्णविदहरूको साथसाथै सालनाल झै बेरिएर आएको हो ।

हफर, एण्ड्रस (१९७९ ई) का अनुसार पुस्तकको शीर्षकबाटै स्पष्ट हुन्छ, यो जङ्गबहादुर राणाद्धारा निर्मित वि.सं. १९१० को पहिलो मुलुकी ऐनमा आधारित तत्कालिन नेपालको जातीय स्थितिको अध्ययनमा केन्द्रीत पुस्तक हो । यसमा नेपाली भारतीय समाजको तत्कालीन परम्परा एवं प्रचलनको पनि तुलनात्मक अध्ययन गरिएको छ । त्यसैगरि माथिल्लो छुत जाति अछुतसँग बिटुलिएमा पतिया लिनुपर्ने र पतिया नलिउञ्जेलसम्म फरकै बस्नुपर्ने राणाकालीन सामाजिक नियम औं व्यवस्थाको चित्रण प्रस्तुत गरिएको छ ।

होमवर्ग, डेबिड (१९८९) विशेषगरी पश्चिमका तामाङहरू माझ रहेको लामा, लाम्बु र बाम्वो संस्कारबाट जीवन सञ्चालन भएको बताइएको छ । लामाहरू मृत्य

संस्कारमा भूमिका बढि हुन्छ, त्यसैगरी लाम्बोहरू उत्सर्ग तथा यज्ञसँग सम्बन्धित छन् भने बाम्बाहरू मृत आत्मालाई जगाउन सक्ने क्षमता भएको मानिन्छन् ।

पाण्डेय (२०६०) हायूहरू आजभन्दा १८०० वर्ष अघि श्रीलङ्काबाट आएको र यिनीहरू फिरन्ते जाति नै भएको कुरा बताएका छन् । यिनीहरू राई-लिम्बुसँग मिल्दाजुल्दा देखिने तथा समुहमा बस्न र काम गर्न मन नपराउने प्रकृतिका हुन् उरुल्लेख गरेका छन् ।

रेग्मी, आर. आर. (१९९१) झापाका सत्ताइस गाँउमा रहेका धिमाल भारतको सिलगुढी जल्पाई तथा अझमल्मा पनि रहेका तथा धिमालहरू तिब्बती-बर्मेली परिवार भित्र पर्ने सङ्गित प्रति रुचि राख्ने, गरगहना लगाउने, परम्परागत नृत्य गर्ने, साधारण खानाका अतिरिक्त पेय पदार्थको प्रयोग गर्ने र आफ्नै परम्परागत भेषभुषामा रहने गरेको उल्लेख छ ।

**डोम जातिको बारेमा गरिएका अध्ययन अनुसन्धान**

नेपालमा डोमहरूको जनसंख्या २०५८ सालको जनगणना अनुसार ८९३१ देखिएको छ जसमध्ये ४६३१ पुरुष र ४३०० महिला छन् जुन नेपालको कुल जनसंख्याको .०४ हुन आउछ (सि.वि.एस) । डोम जातिको संस्कृति झल्काउने साहित्यको स्वभाव देखिन्छ ।

मेची देखि महाकाली (भाग ४,१९७४) मा डोमहरू धेरै पहिले दक्षिण भारतबाट मैथली ब्राह्मण र राजपुतहरूसँग आएर बसोबास गर्न थालेको कुरो उल्लेख छ ।

मजुमदार, डी.एन. (१९४४), का अनुसार डोम जाति जुठोपुरो खाने, फोहर उठाउने, शव दहन गर्ने ठाँउमा आगो बेच्ने जातिका रूपमा परिचित छ भन्ने उल्लेख गरेका छन् ।

डोमहरू ग्रामिण भेगतिर यद्यपि भोजभतेरमा फ्याकिएको जुठो खान्छन् । यसमा तत् जाति मा एउटा लोककथाको व्याख्या गरेको कुराको सन् १९९४ मा लिखित ट्राइवल इथनोग्राफी अफ नेपाल भोलुम १ मा व्याख्या यसरी गरिएको छः - शिव र पार्वतीले

परापुर्व कालमा सबै जातजातिका प्रतिनिधिलाई भोज डाकिएको रहेछ, जसमा डोम जातिका पुर्खा सतपुत भगत, ढिलो गरी पुगेछन् निकै भोकाएर पुगेका उनले सबैले खाएर रहेको जेठोपुरो खाएछन् त्यसबेलादेखि डोमहरूले जुठोपुरो खाने चलन रितिस्थति नै बसेको हो भनी उल्लेख गरिएको छ । त्यसैगरि सोही पुस्तकमा तराईबासी डोमहरू भारतीय महाद्धीपमा द्रवीडजाति भन्दा पुरानो भनी इङ्गीत गरिएको छ । उनीहरूको थरमा चिरनिया, लेदवार, विरजिया, भकरहित, पोखरिया, जोन्जा, लुक्लधेर आदि हुन्छ भनेर उल्लेख गरिएको छ ।

पण्डेय, मधुसुदन (२०६३) ले डोम जातिको अध्ययन गरी यो अत्यन्तै पिछडिएको तराईबासी भएको खासगरी यिनीहरूको बसाइँ सप्तरी, धनुषा, महोत्तरी, रूपन्देही जिल्लामा भएको ठाँउ अनुसार यिनीहरू भोजपुरी, हिन्दी बोल्ने गरेको रक्सी अत्यधिक सेवन गर्ने, अन्ध विश्वास व्याप्त रहेको, बाल विवाहले ग्रस्त भएको मुख्य पेशा नाङ्गलो, ढकिया, भकारी, हाते पङ्खा, पिँजडा आदि बनाउने र सुङ्गुर, बाख्रा, कुखुरा आदि पालन गर्ने, निजी, सार्वजनिक, सरकारी शौचालय सफा गर्ने जातिको रूपमा परिचित गराएका छन् ।

झा, हरिवंशले (१९९८) मा आफ्नो पुस्तक तराई दलित्स मा हिन्दु जातको स्तरिकरणमा सबैभन्दा तल्लो जातमा पर्ने, पहिले भोज भतेरमा जुठो खाने गरेको, लावारिस लाशलाई ठेगान लगाउने गरेको, समाजमा सरसफाई गर्ने बाँसबाट विभिन्न सामग्री बनाउने र विशेषगरी सँगुर पालन गर्ने गरेको एउटा पिछडिएको जातिको रूपमा इङ्गित गरेका छन् । त्यसैगरि (सूर्य चन्द्र) सकिएपछि ग्रहण दान दिने गरिएको रोचक कुरा लेखिएको छ । यसरी दान दिदा विभिन्न ग्रहबाट मुक्त हुने कुरो लेखिएको छ ।

यिनीहरूको थलो बारे मत भिन्नता रहेको पाइन्छ । मधुसुदन पाण्डेयले नेपालका दलितहरू मा सदा मघैया सदा र गुरुसदा गरी तीन वटा थर उल्लेख गरिएको छ । भने दिगम्बर ठाकुरले आफ्नो शोधपत्र रौतहट जिल्लाको डोम जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको एक अध्ययन मा एक मात्र थर मलीक लेखिएको

छ । त्यसैगरि २०६३।१२।१३ गतेको राष्ट्रिय दैनिक कान्तिपुरमा सामान बेच्न गाँउ किन्नुर्पे शिर्षकमा मलीक लेखिएको छ ।

जे होस् डोम मधेशको एक दलित जाति हो जसको अध्ययन अनुसन्धान दुई तीनवटा, त्यही पनि सानो एकाईमा भन्दा हुन सकेको छैन । अतः मेरो अध्ययनले डोम जातिहरू जो जनकपुर वडा नं. १, ६, ७, १२ र १६ मा बसोबास गर्छन तिनीहरूको अध्ययनमा उक्त समुदायको अध्ययनबाट यस जातिको अध्ययन अनुसन्धानमा उक्त समुदायको साँस्कृतिक पक्षका अध्ययनमा एउटा आधार स्तम्भ निर्माण गर्ने छ भन्ने आशा लिएको छुँ ।

खस बाहुन, क्षेत्री ठकुरी र सन्यासी (सवाछेठ) र अर्को समूहमा दलित । त्यस्तै अर्को भिन्न समूह जो प्रकृतिसँग नजिक र मङ्गोल अनुहारको छ, तयसलाई मङ्गोल किरात भनिन्छ। अहिले यिनीहरू आदिवासी जनजातिबाट चिनिन्छन् । काठमाडौं उपत्यकाका मूल निवासी जसको आफ्नै अलग संस्कृति र भाषा रहेको छ, उनीहरू नेवार हुन् । अर्को एउटा भिन्न धार्मिक र सांकृतिक समूह मुसलमान समूह पनि छ जसको जनसंख्या एक लाखभन्दा बढि रहेको बताइन्छ । यो समूहमा मुसलमान  पर्दछन् । यस हिसाबले हिमाल-पहाडको सामाजिक समूहलाई बाँडेर हेर्दा अध्ययन गर्न सजिलो हुनेछ ।

मधेशी मूलका जातिहरू र जनसंख्या, सन् २००१

**तालिका ३**

**मधेशी मूलका जातिहरू र जनसंख्या, सन् २००१**

| क.सं. | जातजाति | जनसङ्ख्या | जनसंख्या प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| A | बयालीस/पेशागत र अन्य छ जात समूह | ३४९५९४<br>२२९०२१ | १.०१ | सनातन हिन्दु, पेशागत समूह |
| १ | ब्राह्मण | १३४४९६ | ०.५९ | |
| २ | राजपुत | ४८४५४ | ०.२१ | |
| ३ | कायस्थ<br>छत्तिस जात र अन्य<br>किसानी समूह | ४६०७१<br>३२६६४७३<br>१५७१९५२ | ०.१८<br>१४.३७<br>६.९२ | |
| ४ | यादव/अहिर | ८९५४३२ | ३.९४ | |
| ५ | कोइरी/कुसवाहा | २५१२७४ | १.१ | |
| ६ | कुर्मी | २१२८४२ | ०.९४ | |
| ७ | धानुक | १८८१५० | ०.८३ | |
| ८ | राजभर<br>व्यापारी समूह | २४२६३<br>७८३३६८ | ०.११<br>३़४५ | |
| ९ | बनियाँ | १२६९७१ | ०.५६ | |
| १० | कलवार | ११५६०६ | ०.५१ | |
| ११ | तेली | ३०४५३६ | १.३४ | |
| १२ | सुडी | ८९८४६ | ०.४० | |
| १३ | हलवाई | ५०५८३ | ०.२२ | |
| १४ | कानु<br>दक्ष पेशागत | ९५८२६<br>८३३६३८ | ०.३६<br>३.६७ | |
| १५ | लोहार | ८२६३७ | ०.३७ | |
| १६ | सोनार | १४५०८८ | ०.६० | |
| १७ | कुम्हार | ५४४१३ | ०.२४ | |

| | | | | |
|---|---|---|---|---|
| १८ | हजाम/ठाकुर | ९८१६९ | ०.४३ | |
| १९ | बरई | ३५४३४ | ०.१६ | |
| २० | बढई | ४५९७५ | ०.२० | |
| २१ | माली | ११३९० | ०.०५ | |
| २२ | मल्लाह | ११५९८३ | ०.५१ | |
| २३ | बिन | १८७२० | ०.०८ | |
| २४ | बेवट | १३६९५३ | ०.६० | |
| २५ | नुनिया | ६६८३७ | ०.२९ | |
| २६ | कहार | ३४५३१ | ०.१४ | |
| २७ | भेडियार/गडेरी | १७७२९ | ०.०८ | |
| २८ | लोध | २४७३८ | ०.११ | |
| २९ | धुनिया | १२३१ | ०.०१ | |
| ३० | कमार<br>अन्य | ८७६१<br>७७५२५ | ०.०४<br>०.३४ | |
| ३१ | बङ्गाली | ९८६० | ०.०४ | |
| ३२ | मारवाडी | ४३९७१ | ०.१९ | |
| ३३ | जैन | १०१५ | | |
| ३४ | सिख/पन्जाबी | ३०५४ | ०.०१ | |
| ३५ | नुराङ | १७५२२ | ०.०८ | |
| ३६ | ब्याङ्सी | २१०३ | ०.०१ | |
| B | दलित | ८८७४१६ | ३.०९ | सनातन हिन्दु |
| ३७ | खत्वे | ७४९७२ | ०.३३ | |
| ३८ | चमार | २६९६६१ | १.१९ | |
| ३९ | चिडिमार | १२२९६ | ०.०५ | |
| ४० | डोम | ८९१३ | ०.०४ | |
| ४१ | तत्मा | ७६५१२ | ०.३२ | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | दुसाध | १५८५२ | ०.७० | |
| ४३ | धोबी | ७३४१३ | ०.३२ | |
| ४४ | बाँतर | ३५८३९ | ०.१६ | |
| ४५ | मुसहर | १७२४३४ | ०.७६ | |
| ४६ | हलखोर | ३६२१ | ०.२१ | |
| ४७ | कुसवाडिया | ५५२ | | |
| C | जनजाति समूह | १९१७४२८ | ८.४३ | हिन्दु, प्रकृति धर्म, हाल कतै कतै बौद्धको प्रभाव पनि |
| ४८ | धिमाल | १९५३७ | ०.०९ | |
| ४९ | गनगाई | ३१३१८ | ०.१४ | |
| ५० | राजवंशी (कोच) | ९५८१२ | ०.४२ | |
| ५१ | झाँगड/धाँगड | ४१७६४ | ०.१८ | |
| ५२ | किसान | २८७६ | ०.०१ | |
| ५३ | कोचे | १३२९ | ०.०१ | |
| ५४ | मेचे | ३७६३ | ०.०२ | |
| ५५ | ताजपुरिया | १३२५० | ०.०६ | |
| ५६ | मुण्डा | ६६० | | |
| ५७ | सतार/सन्थाल | ४२६९८ | ०.११९ | |
| ५८ | थारु | १५३३८७९ | ६.७५ | |
| ५९ | आदिवासी/जनजाति | ५२५९ | ०.०२ | यो कुनै जाति होइन |
| ६० | दनुवार | ५३२२९ | ०.२३ | |
| ६१ | माझी | ७१६१४ | ०.३२ | |
| D | मुसलमान | ९७१०५६ | ४.२७ | इस्लाम धर्म |
| ६२ | मुसलमान | ९७१०५६ | ४.२७ | |

| | | | | |
|---|---|---|---|---|
| | A+B+C+D (कुल मधेशी जनसंख्या) | ७२७१३९४ | ३१.९८ | |
| | पहिचान नभएका जनजाति | २३१६४१ | १.०२ | पहाड र मधेश दुर्वतर्फ |
| | पहिचान नभएका दलित | १७३४०१ | ०.७६ | पहाड र मधेश दुर्वतर्फ |

स्रोत केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१ ।

पहाड र मधेश दुवैतर्फ बसोबास रहेका जाति (पहाडको जनसंख्या समावेश गरिएको छैन् )

# अध्याय–२
# सन्दर्भ साहित्यको अध्ययन

## २.१ विभिन्न जातजातिसम्बाधी अध्ययन

नेपाल भौगोलिक हिसाबले सानो राष्ट्र भए तापनि जनजातिय विविधताले भरिएको देश हो । जसले गर्दा मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्किोणले अध्ययन अनुसन्धानको लागि स्वर्ग नैं मानिन्छ (विष्ट, १९७२) । यसर्थ के पुष्टि गर्छ भने नेपाल सानो राष्ट्र भए तापनि मानवशास्त्र र समाजशास्त्रको अध्ययन अनुसन्धानको लागि उर्वरभूमि मानिन्छ । तर यस्तो उर्वरभूमिमा बसोबास गर्ने जनजातिय समाजको प्रजातीय अध्ययन वैज्ञानिक ढंगले हुन सकेको छैन (खत्री, दाहाल, २०५४) । नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनको शुरुवात भएको भने धेरै भएको छैन ।

विगतमा राजनैतिक, आर्थिक, समाजिक तथा शैक्षिक कारणले गर्दा पनि अध्ययन अनुसन्धान नभएको हुन सक्छ । जस्तो अरु जाति, धर्म, भाषा, समुदाय आदिका मानिससँग सम्मर्कमा आउन नसक्नु श्री ५ पृथीनारायण शाहलगायतका शासकहरूको अंग्रेज (विदेशी) विरोधी नीति हुनु, देशका बुद्धिजिवि, शिक्षित तथा राजनैतिक व्यक्तिहरूको अधिकांश समय युद्धमा वित्नु आलि कारण हुन सक्छन् । भने केहि ढिलै भए पनि गरिएका विगतका अध्ययन अनुसन्धानहरू समाजशास्त्रीय तथा मानशास्त्रीय आधारमा अध्ययन नभई राजनैतिक फाइदाका लागि, व्यापार विस्तारका लागि तथा घुम्न वा धर्म प्रचारका लागि गरेको देखिन्छ ।

यद्यपि समयको अन्तरालसँगै वि.सं. २००७ सालको प्रजातान्त्रिक आगमनपछि विदेशीहरूको नेपाल आगमन क्रिया पनि शुरु भयो । देशमा प्रजातान्त्रिक खुल्ला वातावरण भएको हुँदा स्वदेशी तथा विदेशीहरूले समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धानमा चासो लिई कलम चलाउन शुरु गरेको देखिन्छ । जसको फलस्वरूप विभिन्न जनजातीय अध्ययनको शुरुवात हुन थाल्यो । जस्तो - विदेशी

विद्धानहरूमा सेडन (१७८०), हाइमेन डोर्फ (१९९६), पि.कप्लान (१९७२), हिचक (१२९६०), आदि रहेका छन् भने स्वदेशी विद्धानहरूमा प्रा. डोरबहादुर बिष्ट (१९६७), जि.एस.न्पाली (१९६५), डा. गणेशमान गुरुङ्ग प्रा. डिल्लीरमण रेग्मी (१९८४), डा. प्रेमकुमार खत्री (२०३६) डा. नविनकुमार राई (१९७५), डा. ऋषिकेशवराज रेग्मी (१९८२) आदि रहेका छन् (स्रोत विभिन्न पुस्तकहरू )

केही समय यता आएर जातीय अध्ययनमा प्रगति भएको देखिन्छ । तर यसरी गरिएका जातीय अध्ययनमा जातीय अध्ययनमा जातीय जनजीवनका बारेमा वर्णन गरेको पाइन्छ तर ती जातजातिका उत्पति र विकास कसरी भयो भन्ने विषयमा कमै चासो देखाएको पाइन्छ (वान्तवा, ०५४) ।

## २.२ शूद्र वर्णको उत्पति सम्बन्धि अध्ययन

शूद्र वर्णको उत्पति बासु बराल (०५०:१०-५९ सम्म) का अनुसार वेदले दासहरूलाई शूद्र भनेको छ । गीतामा कृष्णले चार वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र) कर्मको आधारमा सृष्टि गरेको हुँ भनेका छन् । ऋग्वेदका अनुसार चार वर्णमध्ये ब्राह्मण ब्रह्माको मुखारविन्दबाट, क्षेत्रीहरू बाहुबाट, वैश्यहरूको उँरुबाट र शूद्रहरूको उत्पति पाउबाट भएको हो भनिएको छ । मनुका अनुसार चार वर्णको उत्पति लोककल्याणका लागि भएको छ । जस्तो ब्राह्मणको कर्तव्य मनुष्यहरूलाई उपदेश र ज्ञान दिनु हो । बाहु शक्तिको द्योतक मानिन्छ । त्यसैले क्षेत्रीको काम, कर्तव्य मानव जातिको रक्षा गर्नु हो । समाजको अस्तित्व रक्षाको लागि व्यवसाय, कला, कौशल आदिको जति महत्व हुन्छ उत्तिकै महत्व तिघ्राको पनि हुन्छ । फलतः तिघ्राबाट वैश्यको उत्पति भएको हो । त्यसैगरि पैतालाबाट मानव शरीरलाई स्थिर राखी सेवा गर्ने भएको हुँदा पैतालाबाट शूद्रहरूको उत्पति भएको हो । भृगु ऋषिले रंगको आधारमा वर्णको उत्पति सम्बन्धमा व्याख्या गरेका छन् । उनका अनुसार ब्राह्मणहरू छोरा, क्षेत्रीहरू श्वेत वर्णका वैश्यहरू पित्त वर्णका र शूद्रहरू कृष्ण वर्णका हुन्छन् भनेका छन् । त्यसैगरी महाभारतमा युधिष्ठिरले भनेका छन् जो व्यक्ति सत्यवादी, दानी, दयालु, क्षमाशिल, र चरित्रवान छ अनि अरूप्रति सहानुभुति

राख्ने तपस्वी छ भने त्यो ब्राह्मण हो । यदि गुणहरू शूद्रमा पाइयो भने त्यस शूद्रलाई ब्राह्मणको कोटीमा राखिनु पर्छ ।

राजधानी दैनिक (०५८) का अनुसार वर्णव्यवस्थाको उत्पति उँचनिचको भावना वा कसैलाई होच्याउने वा अलग्याने दृष्टिबाट पक्कै भएको होइन बरु प्रत्येक व्यक्तिलाई उसको स्वभाव अनुसार, चाहना अनुसार, गुणको आधारमा उन्नतीपथमा अग्रसर हुन अभिप्रेरित गरेको छ र यो विभाजन समाजलाई उचित सन्तुलनमा राख्न सेवारूपी परम धर्ममा लागेका जातिलाई शूद्र भनेको हो र यो हाम्रो पूर्वजन महर्षिहरूको वैज्ञानिक विभाजन पनि थियो ।

यसै गरि जनकलाल शर्मा (०३९:६२-७१) हाम्रो समाजः एक अध्ययन नामक आफ्नो पुस्तकमा शूद्र वर्णको उत्पतिको सम्बन्धमा मनुले सबै प्रतिलोप सन्ततीलाई शूद्र भनेका छन् भनी उल्लेख गरेका छन् । बहिष्कार भएपछि अस्पृश्यतामा गनिन थाल्दछ र त्यस्ता व्यक्तिसित खानपान गर्ने वा यौन सम्पर्क राखने व्यक्ति पनि अस्पृश्यमा गनिन्छ । त्यसै गरी मनुले भनेका छन्  ब्रह्महत्या गर्ने ब्राह्मणको सुन चोर्ने र सुरापान गर्ने व्यक्तिलाई पनि जाति भ्रष्ट गर्नु भनेका छन् । ब्रह्मापुराणका निर्माताले बौद्ध, पाशुपत लोकायत, कपिल अर्थात सांख्याका अनुयायी, धर्मच्युत ब्राह्मण, शैव र नास्तिकलाई पनि अस्पृश्यताको गणनामा राखेका छन् ।

समाजले हीन ठानेको व्यवसाय अपनाउने अस्पृश्यताको अर्को कारण पनि हो । यस बाहेक खास परिस्थितिमा अस्पृश्यता हुने जस्तै सुत्केरी वा मृत्यु भएको परिवारको व्यक्तिसितको अज्ञानवश वा परिस्थितीवश स्पर्श हुनु अथवा रजोवती महिलाहरू छोड्नु । यसबाट पनि स्नान नगरेसम्म अस्पृश्यताको भावना आउँदछ । यसबाहेक म्लेच्छ अर्थात अहिन्दु जातिमा र कुनै खास देशको निबासी वा कुनै खास धर्म मान्ने व्यक्तिको संसर्ग आउने व्यक्ति अस्पृश्य मानिन्छ । यसैगरी मनुले चार वर्णका अतिरिक्त अन्य जातिले आर्यको भाषा बोल्नु या नबोलुन् ती सबै शूद्र हुन् भनेका छन् ।

वेदमा व्याख्या भएको ब्राह्मण ग्रन्थको प्रणयनको समयसम्म वर्णव्यवस्था सुदृढ भएसकेको देखिन्छ । यस कालमा आएर मनुष्य मात्र होइन देवता र ऋतु पनि चार वर्णमा विभक्त भइसकेका थिए । वर्णव्यवस्था वा जातिवादका अनुसार अग्नि र बृहस्पति देवता ब्राह्मण, ईन्द्र, वरुण यम क्षत्रिय, वशु रुद्र, सपश्पलेव तथा मरुत वैश्य र पुषा शूद्र गनिन थालियो । त्यसैगरी बसन्त ऋतु ब्रह्मण, ग्रीष्म ऋतु क्षेत्रिय र वर्षा ऋतु वैश्यमा गनियो । नेपाली समाजमा अस्पृश्यताको भावना कहिलेबाट शुरु भयो तथा शूद्रवर्णमा पर्ने डोम जातिको उत्पति तथा विकास कुन-कुन चरणमा कसरी विकसित हुँदै आएको छ भन्ने कुराको त्यति यकिन साथ भन्न सकिने स्थिति छैन् । जस्तो धर्मशास्त्रहरूले ब्राह्मण, क्षेत्री, वैश्य तथा शूद्रको उल्लेख बारम्बार गरे पनि नेपाली समाजमा त्यही स्थिति देखिन कठिन छ । ब्राह्मण र क्षेत्रीको स्थिति स्पष्ट भएतापनि वैश्य र शूद्रको स्थिति त्यति स्पष्ट छैन । भनाइको तात्पर्य कसलाई वैश्य र कसलाई शूद्र भन्ने कुराको निर्क्यौल गर्न कोही तत्पर होला जस्तो छैन पहाडतिर यो स्थिति अष्पष्ट नहोला तर तराईतिर स्पष्ट छ । जस्तो पहाडमा बनीयाको गणना क्षेत्रीमा गरिन्छ भने तराइमा बनीया वैश्यमा गनिन्छ । बनीयाको कर्म व्यापार गर्नु हो र वर्णव्यवस्था अनुसार वैश्य वर्णले व्यापार गर्नु पर्छ भन्ने मनुस्मृतिमा उल्लेख छ ।

मनुस्मृतिमा उल्लेख भए अनुसारको कर्म बनीयाले गरिरहेको छ, अत बनीयालाई वैश्य वर्ण अन्तर्गत नै राख्नुपर्छ । तराइमा गए ख्वास जातको शूद्र वा दास पाइन्छ भने पहाडमा यिनै ख्वास नामधारी क्षेत्री पाइन्छ (सिलवाल, ०५८) । पाल्पाका खाती र भारतीय खातीहरू क्षेत्रीय हुन भने नेपालका अन्य क्षेत्रका खातीहरू शूद्र अन्तर्गत पर्दछन । सार्थ एकातिर वैवाहिक सम्बन्धबाट अनेकन जाति उत्पन्न भएका छन् भने अर्कोतिर धार्मिक संगठन वा सम्प्रदायको आडमा पनि विभिन्न जातिको सृष्टि भएको छ । नेपाली समाजमा अस्पृश्यताको भावना ल्याउने प्रमुख कारक स्मृति मानिन्छ । स्मृतिग्रन्थमा वर्णित अनेकन जातिको नाम वेदमा पनि पाइन्छ (सिलवाल, ०५८) ।

डोम जातिको उत्पतिको बारेमा मनुस्मृतिमा उल्लेख छ । चारै वर्णमा शूद्रवर्ण सबैभन्दा तलको वर्ण हो र शूद्रवर्णमा पनि जति जातीहरू छन् डोम जाति सबभन्दा निम्न जाति हुन् । डोमभन्दा तलको जाति अरु छैन (मनुस्मृति, १९८८) । मनुस्मृतिमा डोम जाति उत्पतिबारे व्याख्या गरिएको पाइन्छ तर डोम जातिको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाको वर्णन गरिएको पाइदैन ।

## २.३ दलित जातिबारेका शोध अध्ययन अनुसन्धान

दलित मुक्तिको प्रश्न रत्नवहादुर विश्वकर्माद्धारा लिखित पुस्तकमा माथिल्लो जातिद्धारा दलितहरू हेपिनुपरेको र शोषित परेका अवस्थाको वर्णन छ । भारतका अछुत जस्तै नेपाली समाजका दलितहरूले  शोषण, उत्पीडन र विभेदबाट मुक्त हुन आन्दोलनका निम्ति संगठित हुनुपने धारणा प्रस्तुत पुस्तकमा वर्णन गरिएको छ ।

शोधकर्ता विनोद सिलवालले गोठाटार गा.वि.स.का सार्की जातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक परिवर्तन र अवस्थाबारे स्थलगत सर्वेक्षण गरी वर्णन गरेका छन् ।

शोधकर्ता रामचन्द्र आचार्यले खोप्लाङ्ग गाविसको सार्की जातिको सामाजिक, आर्थिक अवस्थाबारे वर्णन गरेका छन् ।

शोधकर्ता रामप्रसाद गुरागाईले दलित कामी जातिको सामाजिक, आर्थिक स्थिति ज्यादै पिछडिएको निष्कर्ष निकालेका छन् ।

नेपालमा बसोबास गर्ने अन्य जातजातिहरूको बारेमा विभिन्न अनुसन्धान भएको छ । वा विभिन्न लेखहरू पनि प्रकाशित भएको पाइन्छ । तर शूद्र वर्णमा पर्ने खास गरी मध्य र पूर्वी तराईमा बसोबास भएको डोम जातिको बारेमा अहिलेसम्म खासै अनुसन्धान भएको छैन् । डोम जातिको बारेमा अहिलेसम्म एउटा अनुसन्धान मात्र भएको देखिन्छ । १९९९ इ.सं मा लक्ष्मी श्रेष्ठले विराटनगर उपमहानगरपालिका बसोबास गर्ने डोमहरूको बारेमा अध्ययन गर्नुभएको छ । यसको अलावा विस्तारै पत्रपत्रिकामा पनि डोम जातिको बारेमा कहिलेकाँहि केही न केही लेखरचना प्रकाशित भइरहेको छ ।

उपर्युक्त विद्धान लेखक, शोधकर्ताहरूको अछुत जातिका बिषयमा पूर्वप्रकाशित पुस्तक, शोधसामग्रीबाट जात व्यवस्था वर्णविन्यास, शूद्र वर्ण , दलित जातिबारे जानकारी पाए तापनि डोम जातिको सामाजिक, साँस्कृतिक, आर्थिक अवस्थाबारे विस्तृत ढङ्गले हुँदैन । तर यी सन्दर्भसामग्रीहरूले गर्न थोरबहुत सहयोग पुऱ्याउछ किनकी यी सामग्री दलित वर्गमै केन्द्रीत अध्ययन अनुसन्धान हुन् । यसर्थ शोधकर्ताले डोम जातिको सामाजिक पक्षको शोधअनुसन्धान गरेको छ । यसरी डोम जातिको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाबारे यस शोधपत्रले वर्णन गरेको छ ।

प्रत्येक अनुसन्धानको लागि सन्दर्भ सामग्री एउटा महत्वपूर्ण भागको रूपमा हुन्छ । सन्दर्भ सामग्रीको मुख्य उद्देश्य विषय वस्तु सितको परिचय प्राप्त गर्नु रहन्छ ।

यसै कुरालाई ध्यानमा राखी माथि उल्लेखित उद्देश्य सामग्रीको लागि पुनारावलोकन यस अध्ययनमा गरिएको छ । सन्दर्भ सामग्रीको विस्तृत रूपमा तल दिइएको छ ।

## २.४ दलितमाथि गरिएको पहिलोको अध्ययन (छुन नहुने जात)

देश भित्र र बाहिरका विभिन्न समाजशास्त्री र मानवशास्त्री इथनोग्राफिक अध्ययन नेपालमा गर्नु भएको छ । त्यस मध्ये, विकट एक हुन जसले इथनोग्राफिक अध्ययनको क्षेत्रमा धेरै योगदान पुऱ्याउनु भएको छ ।

विस्ट (२०३१) ले विभिन्न मानिसहरूको इथनोग्राफीको वर्णन गर्नुहुन्छ । विष्टले आफ्नो पुस्तकमा सार्की जातिको इथनोग्राफीको बारेमा छोटो अध्ययन गर्नु भएको छ । तथापि त्यहाँ पनि छुन नहुने अरु जातिको आर्थिक सामाजिक अवस्था परिवर्तनको विस्तृत सूचनाको कमी छ ।

कैपलान (१०७०) ले नेपालको पूर्वी गाउँको लिम्बु र ब्राम्हण हिन्दु वा उच्च जातिको सदस्यहरूको सम्बन्ध परिवर्तनको अध्ययन गर्नु भएको छ ।

गुरुगु (१९८९) ले आफ्नो पुस्तकमा नेपालको अल्पसँख्यक चेपाङ जातिको इथनोग्राफिक तस्वीरको बारेमा विस्तृत जानकारी दिनु भएको छ । उहाँले चेपाङ्ग

जातिको सामाजिक पर्यावरणीय आर्थिक, धार्मिक पारिवारिक वैवाहिक र नाता सम्बन्धमा निरन्तरता र परिवर्तनको बारेमा पत्ता लगाएका छन् ।

रेग्मी (१९९०) ले नेपालको जनजाति समुदाय धिमालको मानवशास्त्री अध्ययन गर्नु भएको छ । उहाँले धिमालको विभिन्न पक्षहरूको बर्णन गर्नु भएको छ, जस्तो की आर्थिक र सामाजिक संस्था सामाजिक विभेद धर्म र चाँडपर्व, गाँउको राजनीतिक संस्था, जीवनका पक्ष आदि ।

रेग्मी (१९९०) ले नेपाली जनजाती समुदायको cross cultural अध्ययन तयार गर्नु भएको छ । उहाँले गुरुङ्गको बहादुरी र सुनौली संस्कृतिको बारेमा वर्णन गर्नु भएको छ ।

होल्मवर्ग (१९६५) ले नेवार नेपालको एक हिमाली समुदायको जनजातिय-सामाजिक अध्ययन प्रस्तुत गरेका छन् । यस पुस्तकले नेवारको ethnography को राम्ररी प्रस्तुति गरेको छ ।

गुरुङ्ग (२००६) ले नेपालको भौगोलिक मानचित्र र जाति/जनजातिको बनावटका केही जानकारी दिएका छन् ।

के.वी. भट्टचन र एच गुरुङ्ग (२००६) ले आदिवासीको बारेमा साहित्य र पुस्तकहरूको जानकारी दिएका छन् ।

ए.के. गौतम आर.आर. र थापा मगर (१९९४) ले नेपालका केही छुन नहुने जातिका बारेमा जानकारी दिएका छन् । उहाँले आफ्नो पुस्तकमा छुन नहुने जातहरू बादी, डोम, गाइन, कामी, मुसहर, सार्की, हलखोर आदि वर्णन गर्ने कोशिश गरेका छन् ।

शर्मा, क्षेत्री र राणा (१९९४) ले जातिमा आधारत विभेद र यससँग सम्बन्धित कुराहरूको वर्णन गरेका छन् ।

केही मुटु छुने खालको जातमा आधारित विभेदको वर्णन उनको कितावमा दिइएको छ । उदाहरणका लागि तल एउटा दिइएको छ ।

कैलालीमा एउटा अछुत शिक्षकलाई उसको गाउँबाट धनगढी नियुक्तिको लागि पठाइएको थियो निकि उनले सन्तुलित आहार योजनाको खानामा उच्च जाति र अछतुतलाई सँगै बसेर खाने अनुमति दिएका थिए । विद्यालय निरिक्षक उसको पढाइएको शैलीबाट सन्तुष्ट थिए । तर प्रधानाध्यापक, एउटा ब्रम्हण, जसले उसको यो संस्कार स्वीकार गरेन उसको विरुद्धमा जिल्ला शिक्षा अधिकारीलाई उक्सायो पछि खाना खाने योजना छोडिएको थियो ।

(शर्मा, क्षेत्री र रणाः १९९४)

माथिको उदाहरणले देखाउँछ कि अछुतको विरुद्धमा धेरै विभेदहरू छन् जस माथि अध्ययन गरिनु पर्छ । तर दुर्भाग्यवस यो हुन सकिएन ।

जबसम्म यसको सत्य/सही/साँचो स्थितिको बारेमा अनुसंधान हुदैन तब सम्म अछुत माथिको शोषण र विभेद सदाको लागि रहन्छ केही विदेशी लेखकहरूले अछुत जातिको बारेमा लेख्ने कोशि गरेका छन् तर तिनीहरू ethnographic अध्ययन होइन ।

कापलान (१९७२) एउटा उदाहरण हुन जुन पश्चिमी नेपालको एउटा हिन्दु गाउँको सामाजिक परिवर्तनको बारेमा अध्ययन हो ।

त्यसैगरी, म्याकडोनाल्ड (१९७५) ले एउटा पुस्तक लेख्नु भएको छ । जसमा उहाँले केही अछुत जातिहरूका बारेमा लेख्नु भएको छ । यद्यपी खास/विशेष कितावहरू उपलब्ध छैन । त्रिभुवन विश्वविद्यालय स्नातकोत्तरको केही शोध पत्रहरूमा अछुतका बारेमा लेखिएका छन् ।

क्षेत्री (१९८५) ले 'गाइन' नेपालको एउटा गाइन जातिको बारेमा शोधपत्र तयार गरेका छन् ।

सुवेदी (१९९५) ले एउटा अछुत जाति 'वादी' जसको पेशा वेश्यावृति हो त्यसको बारेमा शोधपत्र लेखेका छन् ।

साह (२०५) ले नेपालको छालाको काम गर्ने जाति चमारको बारेमा शोधपत्र तयार गरेका छन् र यादव (२००५) ले पनि नेपालका मुसा खाने जाति 'मुसहर' को बारेमा शोधपत्र लेखेका छन् ।

## २.५ डोम जातिको बारेमा गरिएको अध्ययन अनुसन्धान

यो कुरा अघि नै उल्लेख भइसकेको छ कि नेपालका तल्ला जात (दलित) का बारेमा धेरै समाजशास्त्री र मानवशास्त्रीय अध्ययन गरिएको छ ।

समाजशास्त्री र मानवशास्त्रीहरूले डोम समुदायका बारेमा प्रशस्त अध्ययन गरेका छैन । विस्ट एउटा प्रसिद्ध मानवशास्त्री पनि डोम समुदायका अध्ययनका बारेमा मौन देखिन्छ । विस्ट (१९७४) का चार भागले पनि डोम समुदायका बारेमा विस्तृत जानकारी दिन असमर्थ । उसको पुस्तकले भने अनुसार 'मैथिल ब्राम्हण, राजपुत, काइसत, बनिय, तेली, कलवार, डोम, हलखोर, चमार र मुसलमान आदि धेरै सताब्दी अगाडि भारतका दक्षिण प्रान्तबाट सप्तरीमा आएका थिए । उनमात, हजाम, तेली, सुडी, चमार, डोम, हलखोर आदि मैथिल थारुहरू  हुन ।

कान्तिपुर दैनिक समाचारपत्र (५ मे., २००५) का अनुसार डोमहरू पेशागत जात हुन । उनीहरूको पारम्परीक संस्कृति मूल्य र मान्यताहरूले उनीहरूलाई बचपनमा विहे गर्ने अनुमति दिन्छ । उनीहरूले सुंगुरको मासु र रक्सी अवश्य पिउने छन् । कान्तिपुर दैनिक सामाचार पत्र (६ जुन २००५) का अनुसार डोमहरूका थर मलीक र मरीक छन् । उनीहरू तराईमा बसिरहेका छन् । अहिले उनीहरूले छिट्टै बिहे गरिरहेका छन् । तर केही स्वदेशी र विदेशी गैर सरकारी संस्थाहरूले सल्लाह दिएर, शैक्षिक कार्यक्रम आदि गरेर डोम समुदायका जीवन शैली सुधार्नका लागि काम गरिरहेका छन् ।

नेपाल सरकार (२००२) ले डोम जातिहरू तराईका सब भन्दा तल्लो अछुत मानिन्छ भने वर्णन गरेका छन् । हलखोर वाहेक तराईका कुनै पनि जात जातिहरूले उनीहरूको छोएका पानी र पकाएका खाना स्वीकार गर्दैन । यदि उच्च हिन्दु जातिका सदस्यले धोखाले पनि उनीहरूलाई छुदा उनीहरू गंगा जल छर्केर वा नदि

वा पोखरीमा स्नान गरेर आफूलाई शुद्ध (पवित्र) गर्छन् । आजको दिनमा पनि डोमहरूलाई कुनै व्यक्तिगत र सामुदायिक पाइप वा कलबाट पानी भर्न अनुमति दिइदैन । उनीहरूलाई पानी प्रयोग गर्न आफ्नो अलगै (वेग्लै) पाइप हुन्छ वा पानीभर्नु नजिक वा पोखरी वा नदि (खोला) मा जान्छन् ।

बाँसबाट विभिन्न किसिमका टोकरीहरू बनाउनु उनीहरूको जातिय परम्परागत पेशा हो । यसको आलावा, समसान (असमसान घाट) खन्नु र मुर्दा (लास वा शव) गाडने कामलाई पनि उनीहरूको परम्परागत पेशाको रूपमा मानिन्छ । (सेभ द चिल्ड्रेन यू.एन. र INHURED International, 1999) यो उनीहरूको जीवनको प्रमुख बाच्ने आधार हुन् ।

गौतम ए.के. र थापा मगर (१९९४) ले डोम, डोमरा, कहिलेकाही चण्डाल केही नामहरू डोमसँग गासिन्छन् । उनीहरूको साँचो उत्पतिमा अझ सम्म वैचारिक भिन्नता छन् भन्ने कुरा वर्णन गरेका छन् । केही प्रमुख अनुच्छेदहरू स

डोमहरूको सानो आकृति, गाढा रंग (कालो), लामो नमिलेका कपाल र सबभन्दा अनोठी विशेषता काँचको जस्तो आँखा हुन ।

हिन्दु जाति पद्धति अनुसार डोमहरू अछुत जातिको तहमा पर्छन्। यद्यपी उनीहरू अल्पसँख्यक छन्, उनीहरू तराईका सबै ठाँउमा पाइन्छन् । उनीहरू पेशागत र शुद्रहुन द्रविडियतहरूको आक्रमण पछि यिनीहरू (डोमहरू) उतरी टाकुरा (पहाड) र जंगलमा भागेको देखिन्छ । केही कुमाउमा शरण लिए जहाँ उनीहरूलाई स्थाई रूपमा दास बनाइयो । यो डोम दासहरूको जीवन मशुभन्दा पनि खराब भएको मानिन्छ र एउटा मालिक देखि अर्को मालिक सम्म चल सम्पत्तिको रूपमा वेचियो ।

प्रचानि कालदेखि नै यिनीहरूको बसोबास उतरी गंगामा रहेको तर्क गरिन्छ । यो रोहिनी दिशाको नजिकमा छन् र बिहारको क्षेत्रलाई छोएको छ । जहाँ डर्ट फुकेटका धेरै किल्लाहरू उनीहरूको पहिचानको प्रमाणको रूपमा छन् । यस कुराको पुष्टि गर्न उनीहरूको पुर्खाका नामहरू डोम डिह वा डोम गढ आज सम्म पनि रहेको छ । यो दावा गरिन्छ कि रोहिणीमा अवीसथत, रामगढ र सहन कोट केही डोमका

किल्लाहरू हुन् । एउटा विदानले विचार अगाडी सारेका छन् कि डोम गढ वास्तमा प्रवल गढ थियो जुन विस्तारै लोप (खतम) भइरहेको राजपुतहरूसँग सम्बन्धित थियो । यो पनि सल्लाह दिइन्छ कि एउटा डोमर वा डोनवर डोम परिवारबाट त्यस किल्लाको संस्थापक हुन सक्छ । यो पनि सम्भव छ कि स्थानीय रूपमा उनीहरु शक्तिशाली भए र राजपुतहरूलाई दासको रूपमा राखे ।

रामलवादका शासक, अली बकस डोम बनिन गरे कि यी मानिसहरू संगीतकारका रूपमा आए, जस स्थानबाट उनीहरू माथि उकले मधमी यी डोमहरूका बारेमा नेपाली इतिहासमा उल्लेख छैन, जोकी विशेष रूपमा नेपाल र भारतका सीमा क्षेत्र वा तराईमा बसोवास गरिरहेका छन् यदि अझ आडी अनुसन्धान गरिएमा त्यस पछि यसले एउटा नयाँ रूपमा उनीहरूलाई प्रस्तुत गर्न मौका प्रदान गर्ने छ ।

धेरै शताब्दी सम्म हिन्दु परम्पराको समाजमा दास र अछुतको रूपमा बसोवार गरे र यसै कारण उनीहरूले धेरै परम्परागत संस्कृति र मूल्यहरू गुमाए र एकासी रूपान्तर भएको देखिन्छ । तराईका डोमहरू अझसम्म अछुत मानिन्छ र त्यसै अनुसारले तल्लो कामहरू जस्तो फोहर फ्याक्ने, शौचालय सफा गर्ने र शव गाडने गर्छन । आजसम्म पनि गर्छन ।

यसरी हामी नेपाली डोमको बारेमा प्रशस्त सामग्री पाउन सक्दैनौ तर भारतीय डोमहरूको बारेमा केही सन्दर्भ सामग्रीरु लेखिएका छन् । प्रमुख अनुच्छेदहरू डोम/डोम/डोमरा/ वा महासा को बारेमा १९ औं शताब्दीका अन्त्यसम्ममा ethnographer हरूले डोम जातिको उत्पति र विकासको बारेमा लेखेका छन् । एच एच इ लियत ले उनीहरूलाई भारतको एक मौलिक जातिको रूपमा मान्छन् । डोमहरू पन्जाव, उत्तर प्रदेश, विहार, पश्चिम वंगाल, ओरिसा, महाराष्ट्र र मध्यप्रदेशमा फैलिएका छन् । आन्ध्र प्रदेश, कर्नाटक र केरलाका डोमहरू जो प्रमुख रूपमा नाच्नेहरू नट छन्, अरु डोमहरू भन्दा धेरै भिन्न छन् । धेरै र फरक कहानीहरू जुन भारत वा विभिन्न ठाउँमा घटेका वा भएका छन् । उनीहरूको दयनीय अवस्था  तल्लो स्तरको स्थितिलाई बढावा दिएका छन् । डोमहरूको

परम्परागत पेशाले शमसानमा काम गर्ने, मरेको जनावर फ्याक्ने, ढोल बजाउने, छाला तार्छन्, सुत्रुल र टोकरी बनाने जस्ता कामहरूको समावेश गर्छन । तर वर्तमान समयमा उनीहरू विभिन्न काममा विभाजित भएका छन् । जस्तो काम गर्ने (ज्यालादार), खेतीपाती गर्ने र गाईवस्तु पाल्ने उनीहरू मध्ये धेरैले सरकारी र गैर सरकारी संस्थाहरूमा झारु लगाउने काममा संलग्न भएका छन् । उनीहरू सामाजिक बनावटको समान गुण जस्तो कि patrilineal dexcent र पैतृक सम्पति र potrilocal वहस आदि र्गछन । उनीहरू मध्ये सबैले एक विवाह, कनिष्ठ sororate हल्कापन, सम्बन्ध विच्छेद र पूर्नविवाहको अनुमति दिन्छन् ।

विहारमा डोमहरूलाई माँगी वा धागड भनिन्छ र बाँस मालिकको दावा गरिन्छ । डोमहरू विभिन्न ठाउँहरू जस्तो की वार्ह, मोकामेह, वख्तैरपुर, फतुहाँ, वाँसघाट, खोजकालघाट, कुर्जोघाटर गुलावी घाटमा विभाजित भएका छन् र उनीहरूको बसोवास धेरै जसो गंगाको किनारमा र शमशानघाटको वरिपरि छन् ।

डोमहरूलाई भंगी र मेहतर पनि भनिन्छ । उत्तरप्रदेशको धेरै जसो डोम हरू तुरहिया र तुनैहा उपजातसँग सम्बन्धित छन् । डोमहरू सात उपसमुहसँग विभाजित छन् तरहिया वा तुरैहा, डोम, लालवेगी, हाडी, वासफोर, धानुक र दुसाध छन् । संयोगले सबै उपसमूहरूले आफूलाई स्वतन्त्र स्तरको समुदायको दावा गर्छन । उनिहरूले राजा हरिशचन्द्रसँग आफ्नो इतिहासलाई जोड्छन् । १९२१ को जनगणनाअनुसार उत्रर प्रदेशमा उनीहरूको जनसँख्या १९१९६ छन् । १९७१ को जनगणना अनुसार १४४४३ डोमहरू र ४४२० तुरैहाहरू थिए । उनीहरू तराईका मध्यम हावापानी भएको जहाँ आद्रता कम र वर्ण मध्यम छन् । गाउँमा उनीहरू अवधि शहरमा हिन्दी बोल्छन् । देवनागीरी लिपी प्रयोग गरिन्छ डोमहरू मांसाहारी हुन । जसले सुंगुरको मासु खान्छन् । उनीहरूको प्रमुख आहार चामल, गहुँ, ज्वार, बाजरा, जौ चना र तुर हुन । तोरीको तेल, वनस्पति घी, खाना पकाउनको लागि प्रयोग गर्छन् । उनीहरूको पुरुष र आइमाइले बजारबाट किनेको रक्सी खानको लागि प्रयोग गर्छन् ।

डोमहरूलाई उपजाति स्थान (क्षेत्र) र पेशाको आधारमा फरक छुटपाइन्छ । यी फरकहरू विवाह संचालन र सामाजिक नियन्त्रणको लागि जिम्मेवार हुन्छन् । तुरैहा डोमहरूले कुनै थरको प्रयोग गर्दैन ।

मामा को छोरीसँग विवाह सामान्य छन् । वाल विवाह, गौना, योवना अवस्थामा हुने गर्छन् । उनीहरू एक विवाहलाई अभ्यास गर्छन् । सींदूर कार्यका चुरा र विन्दी आइमाईको विवाहको (चिन्ह) प्रतिकहरू हुन् ।

कन्यादानको बदलामा पाँउ पुजाको प्रचलन महत्वपूर्ण विवाहको परम्परा छन् । दाइजोको रूपमा केही लुगा कपडा र भाडा वर्तन बेहुलीलाई दिइने चलन छन् ।

विवाह पछि वेहुली वुहुलाको घरमा जान्छन् । व्यभिार सम्बन्ध विच्छेदको सामान्य कारण हुन र सम्बन्ध विच्छेदमा पीडित पक्षलाई क्षतिपूर्ति दिइन्छ । एउटा सही कारणको अधारमा श्रीमान् वा श्रीमतीले सम्बन्ध विच्छेद गर्न सक्नछन् । सानो बच्चाहरू आमाको रेख देखमा रहन्छ भने ठूलो बच्चाहरू बुवासँग बस्छन् । पुर्नविवाह, मनिष्ट sorovate र मनिष्ठ lierivate लाई अनुमति दिइन्छ । एकल परिवारको सँख्या बढी छ । पुरुष डोमको श्रीमतीको जेठाजुसँग भाउजुसँग र सालीसँग र बुवाको वहिनीसँग हार्दिक सम्बन्ध हुन्छ । पैत्रिक सम्पत्ति सबै छोराहरूमा बराबर बाँडिन्छन् । जेठो छोरा पारिवारिक काम काजमा आज्ञा पालन गरिन्छ ।

आइमाईहरूले दाउरा जम्मा गर्ने, गाग्रीमा पानी ल्याउने र आर्थिक क्रियाकलापहरूमा पनि हात बटार्ने र छाला तार्छन काम गरेर भाग लिन्छन् । पारिवारिक निर्णय गर्नमा उनीहरूको हात हुदैन । वैवाहिक संस्कार सुविधाअनुसार वेहुला वा वेहुलीको घरमा मनाइन्छ ।

यो प्रतिवेदन तयारी अवधिमा यो अनुसन्धानले सन्दर्भ सामग्रीको धेरै महत्व महसुस गरेको छन् ।

डोमले फोहोर सफा गर्ने तथा बाँसबाट बन्ने घरेलु सामानहरू चोया, सुप (नाङ्लो), चङ्गेरी ढकी, डाला आदि तयार गर्ने गर्दछन् । यी सामानहरू विभिन्न चाडपर्व र विवाहमा हति आवश्यक मानिन्छन् । श्राद्धभोजमा डोमलाई भोजन नगराएसम्म

मृत्युसंस्कार पूर्ण हुँदैन भन्ने धारणा रहेको छ । पहिले-पहिले यिनीहरू पानी चल्ने सम्पन्न जातिको भोजभतेरमा जुठनेपात टिप्थे र त्यहि जुठो खान्थे । डोमहरूले सुङ्गुर पाल्ने गर्छन । यस कारण पनि डोमलाई दलितमा सबैभन्दा तल्लो स्तरीकरणमा राखिन्छ र हेयको दृष्टिकोणबाट हेर्ने चलन छ ।

यिनीहरूका सम्बन्धमा एउटा, दन्त्यकथा प्रचलित छ । एक जना ब्राह्मणका चारजना भाइहरू थिए । तिनीहरू सधैं नुहाउन जाने पोखरीको घाटमा एउटा गाई मरेको रहेछ । सबैभन्दा सानो भाईलाई त्यो मरेको गाई फाल्न बाध्य पारियो । त्यसपछि उसलाई जातच्युत गरियो. । जसको वंश पछि आएर डोम भयो । यसरी परम्परागत रूपले सरसफाइ गर्नु यिनीहरूको पेशा हुन गयो । सुँगुर पालन र बाँसको कार्य यस जातिको मुख्य पेशा हो । यिनीहरू काली, बल्ली, गोरैया, गहिल, मनुसदेवा आदि कुलदेवताको पुजा गर्दछन् । यिनीहरूमा आफ्नै किसिमको कुरी, अर्थात थरी रहेको पाइन्छ । अदलपुसरया, कोइलाआर, कस्मा, मल्ली, टकमैत, नगरवस्ती आदि कुरी पाइन्छन् ।

चन्द्रग्रहण र सूर्यग्रहण समाप्त हुनासाथ डोम/चमारलाई लत्ताकपडा, पैसा आलि लान गर्नाले नराम्रो प्रभावबाट मुक्त भइन्छ भन्ने मान्यता हाम्रो समाजमा रहेको छ । यिनीहरूमा जाँड-रक्सीको प्रयोग अधिक हुन्छ । शिक्षाको स्तर अति खराब रहेको छ । डोमहरू मरिक र मल्लिक/मल्ली थर लेखाउँछन् । यिनीहरू जातिको प्रधानलाई सरदार र गाँउको प्रधानलाई माइजन भन्दछन् ।

# अध्याय–तीन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययन अन्वेषनात्मक र वर्णात्मक ढाँचामा रहेको छ । यो अध्ययन समस्याको कारक तत्व र समाधानका उपायहरू समेत भएकोले खोज मूलक प्रवृतिको रहेको छ । डोम समुदायमा रहेको यथास्थितिलाई वर्णन गरिने भएकोले वर्णनातमक पद्धतिको प्रयोग पनि गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

(१) अहिलेसम्म यस नगरपालिकामा डोम जातिको बारेमा अध्ययन अनुसन्धान कार्य नहुनु

(२) जनकपुर नगरपालिकाका डोम जाति सामाजिक रूपले वहिस्कृत आर्थिक रूपले विपन्न र आशिक्षित हुनु

(३) शोधकर्ता यसै नगरपालिकाको बासिन्दा भएको हुनाले अध्ययन अनुसंधान गर्न कम खर्च र कम समय लाग्नुका साथै अनुसंधान सुगम र सजिलो हुनु

(४) शोधकर्तालाई डोम जातिको बारेमा पहिलेदेखि नै केही कुरा थाह हुनु र उनीहरूको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको बारेमा र जातिय विभेद असमानता प्रति विशेष परिचित हुनु । यिनीहरूको अवस्था यस्तो किन छ भन्ने कुराको पत्रा लगाउने जस्ता कारणहरूले गर्दा जनकपुर नगरपालिकाको छनोट गरिएको हो ।

## ३.३ समग्र जनसंख्या र नमूना विधि

अध्ययन क्षेत्र जनकपुर नगरपालिकाको वडा नं. १,१२,१५,७,१६ इत्यादि क्षेत्रमा बसोवास गर्ने डोमहरू छन् । ६० घरपरिवारलाई sample ramdom sampling अन्तर्गत को lottery विधि द्वारा अध्ययनको निमित छनोट गरिएका छन् । यस

क्षेत्रमा ६० घर डोम परिवारहरूको सामाजिक सांस्कृतिक आर्थिक अध्ययन गरिएको छ ।

## ३.४ तथ्यांकका प्रकार र स्रोत

यस अध्ययन एक समाजशास्त्रीय अध्ययन भएकोले गुणात्मकभन्दा मात्रात्मक पक्षलाई बढी जोड दिइएको छ । तर पनि पारिवारिक विवरणलाई मात्रात्मक रूपमा प्रस्तुत गरिएको छ र अन्य विषयहरूलाई गुणात्मक रूपमा पनि प्रस्तुत गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतमा अर्धसहभागी अवलोकन, मुख्य व्यक्तिहरूसँगको अन्तरवार्ता, घरधुरी सर्वेक्षणको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जसबाट उमेर लिङ्गको आधारमा जनसाँख्यिक विवरण, शैक्षिक स्थिति, आर्थिक स्थिति र पेशा व्यवसाय आदिको विवरण, शैक्षिक स्थिति आर्थिक स्थिति , पेशा व्यवसाय आदिको सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितिय स्रोत

द्वितीय स्रोतमा डोम जातिसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिका, अप्रकाशित शोध ग्रन्थ, स्वास्थ्य चौकी आदि अन्य स्रोतहरू रहेका छन् । जसबाट डोम जातिको उत्पति विकास धर्म, संस्कृति भेष भूषा रहनसहन र डोम जातिमा देखा पर्दै आएका सामाजिक आर्थिक परिवर्तन आदिको तथ्यगत सङ्कलन गरिएको छ । यसका आधारमा तथ्याङ्कलाई गुणात्मक तथा संख्यात्मक दुबै प्रकारको जनजातीय अध्ययनको रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ३.५ तथ्यांक संकलन तारिकाहरू

### ३.५.१ अन्तरवार्ता

यस प्रविधिबाट डोम जातिको बारेमा अवलोकन, मुख्य व्यक्तिहसँगको अन्तरवार्ताबाट प्राप्त हुन नसकेका तथ्याङ्कहरू संकलनका लागि यो प्रविधि प्रयोग गरिएको छ । यस प्रविधिबाट मुख्य गरेर जनसँख्या विवरण आर्थिक, स्रोत, आय, शिक्षा र धार्मिक तथ्याङ्कहरू बुझ्नका लागि प्रयोग गरिएको छ । यो अनतरवार्ता, अर्ध-संरचनात्मक प्रविधिबाट लिइएका छ । प्रश्नहरू अनुसूची बनाई पछाडि राखिएको छ ।

### ३.५.२ अवलोकन

समाजशास्त्री अध्ययनका लागि अवलोकन विधि तथ्याङ्क संकलनको एक प्रमुख विधि हो । यस प्रविधिबाट डोम जातिको सामाजिक अवस्थाका साथै अन्य पक्षहरू पोशाक, खानपिन, चाँडपर्वहरुको तथ्याङ्क संकलनका लागि प्रयोग गरिएको छ । डोम जातिको विभिन्न सामाजिक संस्कारमा अनुसन्धानकर्ता आफै जातिको विभिन्न सामाजिक संस्कारमा अनुसन्धानकर्ता आफै वेलावखत छिटफुट रूपमा सहभागी भै घटेका घटना र अन्तरकृयाहरू अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । यसरी तथ्याङ्क संकलनकर्ताले आफूले देखे जानेका र अनुभव गरेका कुराहरूको आधारमा तथ्याङ्क संकलन गरिने हुँदा बढी विश्वसनीय भएको पनि छ ।

### ३.५.३ मुख्य व्यक्तिहरूसंग अन्तरवार्ता

कुनै पनि कुराको बारेमा विस्तृत अध्ययन गर्दा एकै किसिमको मात्र तथ्याङ्क विधि उपयुक्त हुदैन । विभिन्न किसिमबाट छुट्टाछुट्टै तरिकाले तथ्याङ्क संकलन गर्दा बढी भरपर्दो हुने भएकोले प्राथमिक स्रोत र द्वितिय स्रोतको तथ्याङ्क संकलन गर्दा डोम जातिको उत्पति विकास धर्म स.स्कृति बारे विशेष जानकारी भएका मुख्य उत्पति विकास धर्म संस्कृति बारे विशेष जानकारी भएका मुख्य व्यक्तिहरूसँग विभिन्न विषयमा अन्तरवार्तालाई तथ्याङ्क संकलन गरिएको । यसमा खासगरी डोम जातिको उत्पति विकास धर्म संस्कृति सामाजिक संस्कारहरू रहनसहन, भेषभुषा आर्थिक तथा सामाजिक शैक्षिक स्थितमा देखा पर्दै आएको परिवर्तन आदि विषयमा केन्द्रित रही अन्तरवार्ता लिइएको थियो । मुख्य व्यक्तिहरूमा शिक्षक र सामाजिक कार्यकर्ता आदि रहेका थिए ।

## ३.६ तथ्यांक विश्लेषण

तथ्याङ्कक संकलनको कार्य समाप्त भएसकेपछि संकलन गरिएको आवश्यक तथ्याङ्कलाई बढी सतर्कता साथ तालिकाबद्ध गरिएको छ । गुणात्मक सूचनाहरूलाई आवश्यकताअनुसार व्यवस्था र विश्लेषण गरी तथ्याङ्क बुझिने बनाइएको छ । तालिकामा सँख्या र प्रतिशत समेत रहने गरी छुट्याइएको छ ।

# अध्याय-चार
# अध्ययन क्षेत्रको संक्षिप्त परिचय

## ४.१ जनकपुर अञ्चलको परिचय

पौराणिक कालको इतिहाससँग यस जिल्लाको ज्यादै घनिष्ट सम्बन्ध छ । यस जिल्लाको जनकपुर पौराणिक कालमा मिथिला प्रदेशको राजधानी थियो । यही स्थानमा रामचन्द्रले शिव धनुष भाँची सीतासँग विवाह गर्नु भएको थियो । भाँचीएको धुनुषको टुक्रा आजसम्म पनि धनुषामा छ भन्ने विश्वास गरिन्छ । यही पुण्य भूमिमा ठूल-ठूला देव-देवताहरूको आगमन भएको थियो भनिन्छ ।

धेरै शताब्दी पहिले यहाँ जनक नाम गरेका राजा राज्य गर्दथे । उनको नामबाट यस स्थलको नाम जनकपुर रहन गएको हो । नेपाल अधिराज्यको १४ अञ्चलमध्ये एक अञ्चलको नाम पनि यही पौराणिक महत्वको आधारमा जनकपुर अञ्चल रहन गएको हो । यस अञ्चलका जम्मा छ जिल्लामध्ये यो जिल्लाको नाम पनि उक्त पौराणिक महत्वकै आधारमा धनुषा राखिएको हो ।

नेपाल अधिराज्यको एकीकरण हुनुभन्दा अघि करीब २०० वर्षसम्म हालको यो जिल्ला मकवानपुर राज्यको अधिनमा थियो । पछि पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण गर्ने सिलसिलामा काठमाडौं उपत्यकालाई घेरामा पारी खाद्य पदार्थ र अंग्रेजहरूको सहायता पनि त्यहाँ पुग्न नदिई नाकाबन्दी गर्ने उद्देश्यले पृथ्वीनारायण शाहले आफ्ना भाइहरूको नेतृत्वमा फौज पठाई मकवानपुर आक्रमण गर्ने आदेश दिएका थिए । मकवानपुर राज्य गोरखाली फौजको अगाडी टिक्न सकेनन्  र यस प्रकार ई. १७६२ मा यो राज्य गोरखालीहरूको अधिनमा आयो ।

ज्यादै ठूलो पौराणिक महत्व भएको यो धनुषा जिल्ला नेपाल अधिराज्यको दक्षिण-पूर्वी तराई प्रदेशमा पर्दछ । यस जिल्लाको उत्तरमा सिन्धुली जिल्ला, दक्षिणमा भारतको विहार राज्य, पूर्वमा कमला नदी र पशिचममा महोत्तरी जिल्ला पर्दछन् । यो

जिल्लाको उत्तर-दक्षिण  लम्बाई करिब ४८ किलोमिटर (३० माइल) र पूर्व-पश्चिम चौडाइ करीब ४२ किलोमिटर (२६ माइल) छ । यो जिल्ला २६ ३५'देखि २७ ५' उत्तरी अक्षांश र ८५ ५२' देखि ८६ २०' पूर्व देशान्तरभित्र फैलिएको छ । यो जिल्लाको सदरमुकाम जनकपुरधाम हो । यस जिल्लाको क्षेत्रफल १,२१९ वर्ग किलोमिटर छ ।

धनुषा जिल्लामा जम्मा १०४ पञ्चायतहरू छन् । जसमध्ये एउटा जनकपुर नगर पञ्चायत छ । पुरुष १,६८,६७१ र महिला १,६१,९३० गरी यस जिल्लाको कुल जनसंख्या ३,३०६०१  छ । जिल्लाको उत्तरी भागमा जन-आवादी ज्यादै पातलो छ दक्षिणतिर ज्यादै बाक्दो छ । जनकपुर चुरोट कारखाना लगायत जिल्लाका धेरैजसो मिल कारखानाहरू जनकपुरधाममै छन् ।

आजकल यो जिल्ला उद्योगतिर लम्कदै छ तापनि धनुषाको आर्थिक गतिविधि कृषिमा नै आधारित छ । यस जिल्लामा बाहुन, क्षेत्री, नेवार, तामाङ्ग राई आदि जातिका मानिसहरू छन्  तापनि सबभन्दा धेरै बस्ती मैथिलीहरूकै पाइन्छ । यिनीहरू आफ्नै मैथिली भाषा बोल्दछन् तापिन प्रायः सबैजसो नेपाली भाषा जान्दछन् । दशै, तिहार बाहेक राम नवमी, विवाह पञ्चमी र परिक्रमा यहाँको मुख्य पर्व हुन् ।

## प्राकृतिक स्वरुप र सम्पदा

धनुषा जिल्ला नेपाल अधिरारुज्यको दक्षिण-पूर्वी भागमा पर्दछ । यस जिल्लाको धेरैजसो भाग तराई प्रदेशमा पर्दछ । यसको पूर्वमा कमला नदी तथा सिरहा जिल्ला, पश्चिममा महोत्तरी जिल्ला, उत्तरमा सिन्धुली जिल्ला तथा दक्षिणमा भारतको विहार राज्यको दरभङ्गा जिल्ला पर्दछन् ।

भौगोलिक बनावट

भौगोलिक बनावटको आधारमा यो जिल्लालाई निम्नलिखित तीन प्राकृतिक भागमा बाँड्न सकिन्छः-

१. चुरे डाँडा

२.	भावर प्रदेश

३.	तराई प्रदेश

## चुरे डाँडा

उत्तरमा महाभारत पर्वतमालासँग करीब करीब समानान्तर भई यो चुरे डाँडा पूर्व-पश्चिम फैलिएको छ । यसैको केही भाग यस जिल्लाको उत्तरमा पर्दछ । यो डाँडा हिमालय पहाड बनेको क्रममा सबभन्दा पछि बनेको डाँडा हो । यसलाई बाहिरी हिमालय पनि भन्दछन् । यो डाँडा बालुवा, बलौटे ढुङ्गा र “कङ्लोमेराइट” नामक चट्टानहरूबाट बनेको छ । यस जिल्लामा ६१० मिटर (२,००० फीट) भन्दा अग्लो डाँडा पाइदैन् । अधिराज्यको अन्य भागमा जस्तै यस जिल्लामा पनि यो डाँडा दक्षिणमा ठाडो भिरालो परी भावरमा मिलेको छ । बलौटे माटो भएकोले यहाँ खेती हुँदैन । यस भागमा साल, खयर, कर्मा आदिका रुखहरू पाइन्छन् । अधिराज्यभित्र दक्षिण-पूर्वबाट बहने मनसुनी हावाले यस डाँडाको दक्षिणतिर प्रशस्त पानी पार्दछ । बलौटे माटोले बनेको भएकोले यस क्षेत्रमा बराबर पैह्रो गइरहन्छ ।

यो डाँडाको दक्षिणी फेदीतिर उत्तरतिरबाट बस्ती सरी आएका मानिसहरूको केही साना-साना बस्तीहरू यत्रतत्र देखिन्छन् । रानीबास, चन्दनपुर, मैनी आदि यहाँका मुख्य बस्ती हुन् ।

## भावर पैदेश

चुरे डाँडाको दक्षिणी फेदीदेखि जमीनको स्वरुप विस्तारै भिरालो पर्दै दक्षिणमा तराई प्रदेशसँग मिल्न गएको छ । त्यसैले यस भागलाई तराईको उत्तरी अग्लो भाग पनि भन्न सकिन्छ । यस प्रदेशको उचाइ करीब १५२ मिटर (५००फीट) देखि ३०२ मिटर (१,००० फीट) सम्म छ । अधिराज्यको उत्तरमा हिमालय पर्वतबाट बगेर आएका नदीहरूको बगाइ यस भागमा आइपुगेपछि कम हुने हुनाले ठूल-ठुला नदीहरू बाहेक सबै साना-साना नदीहरू यस प्रदेशमा आइपुगेपछि जमीन मुनिबाट बध्दछन् र तराईतिर फेरी देखापर्न थाल्दछन् । बालुवा, जगदर, विघी, घागर, कोह , अमरी आदि यस किसिमका नदी हुन् । यो प्रदेशलाई जङ्गलले ढाकेको छ । यसको उत्तर-

दक्षिण चौडाइ करीब चार कोस भएकोले यस जङ्गललाई चारकोसे झाडी पनि भनिन्छ । साल, सिसौ, सिमल आदि यस जङ्गलका मुख्य रुखहरू हुन् । घना जङ्गल भएकोले यहाँ जङ्गली जनावरहरू प्रशस्त पाइन्छन् । जङ्गल फाँडीएको इलाकामा मकै, कोदो, गहुँ आदिको खेती गर्दछन् । गोदार, लालमिट्टि, बन्दीपुर, रामनगर आदि यहाँका मुख्य बस्ती हुन् ।

**तराई प्रदेश**

यस जिल्लाको दक्षिणी भाग तराई प्रदेशमा पर्दछ । तराई प्रदेश अधिराज्यको नै दक्षिणी पर्ने सबैभन्दा होचो भाग हो । यस प्रदेशको उचाइ करीब ६१ मिटर (२०० फीट देखि १५२ मिटर (५०० फीट) सम्म पर्दछ । भावर प्रदेशदेखि रहेको यो सम्म परेको तराई प्रदेशबाट बध्दा विघी, अर्दिनाथ, विलौटी, कमला आदि न्दीहरूले यस क्षेत्रमा मलिलो पाँगा माटो थुपार्दछन् । ठाउँ ठाउँमा नदीले पुरानो बाटो छोडी नयाँ बाटो लिंदा थुपारिएको पाँगा माटोले बनेको क्षेत्र खेतीको निमित्त निक्कै उपयोगी भएको छ । अधिराज्यमा दक्षिण-पूर्व दिशामा बहने मनसुनी वायुले वर्षायाममा प्रशस्त पानी पार्ने भएकोले पनि यो प्रदेश खेतीको निमित्त उपयोगी छ । जिल्लाको यस क्षेत्रमा हुने खाद्यान्नमा धान, गहुँ मकै आदि र नगदे बालीमा उखु र सुर्तीको प्रशस्त खेती गरिन्छ । यस क्षेत्रमा खाद्यान्न धेरै हुने भएकोले नै यो जिल्ला लगायत पूरा पूर्वी तराईलाई नेपालको अन्नको भण्डार भनिन्छ ।

यस जिल्लाको धेरैजसे पञ्चायत र जिल्लाको सदरमुकाम पनि जिल्लाको दक्षिणी भागमा रहेको छ ।

**नदीनालाहरू**

यस जिल्लाका मुख्य नदीहरू कमला, हर्दिनाथ, विघी, चारनाथ आदि हुन् । यिनका अतिरिक्त अरु धेरै नदी तथा खोलाहरू छन् । मुख्य नदीहरूको छोटकरी विवरण तल दिइएको छ :-

## कमला नदी

यो नदी सिन्धुली जिल्लामा पर्ने ८६८ मिटर (२,८४७ फीट) अग्लो चुरेको एउटा ठूलो डाँडाबाट निस्केको छ ।

## ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यको जनकपुर अञ्चल धनुषा जिल्लाको इतिहास पौराणिक कालसँग सम्बन्धित छ । आज यो जिल्ला नेपालको पवित्र धार्मिक स्थानहरूमध्ये गनिन्छ । विभिन्न औद्योगिक प्रतिष्ठानहरूको स्थापना र विभिन्न सडकहरूको निर्माणले गर्दा यो जिल्ला तीव्रताका साथ विकास गर्दैछ ।  यस जिल्लाको जनकपुर पौराणिक कालमा मिथिला राज्यको राजधानी भएकोले यहाँ जनक राजाको भव्य दरबार थियो ।

मिथिलाको इतिहासमा कर्नाट वंशको शासन काललाई स्वर्ण युग मानिन्छ, जुन समयमा मिथिलामा सांस्कृसितक तथा धार्मिक उत्थान चरम सीमामा पुगेको प्रमाणहर पाइएका  छन् । हरिसिंह देव यिनै कर्नाट वंशका एक प्रसिद्ध राजा थिए । यही कर्नाट वंशका सामान्य देवले मिथिला राज्यको स्थामना गरेको थिए । कलकत्ता विश्वविद्यालयका प्राध्यापक विनयचन्द्र सेनले "गण्डकीदेखि कोशीसमम ३०९ किलोमिटर (१९२ माइल) लामो र गङ्गादेखि हिमालयको बीचमा २०६ किलोमिटर (१२८ माइल) चौडाइ भएको मिथिला राज्यको विस्तार थियो" भनी लेखेका छन् ।

प्राचीन कालदेखि नै मिथिला खेतीको निमित्त प्रसिद्ध थियो । यहाँका राजा जनक आफै पनि हलो जोत्दथे  भनिन्छ । यसरी हलो जोतिरहेकै बेलामा एक दिन उनकै हलोबाट सर्वेश्वरी सीता उत्पन्न भएकी थिइन्  भनिन्छ । पछि यिनै सीताको अयोध्याका राजकुमार रामचन्द्रसँग विवाह भयो । यिनी राम सीताको जीवनीलाई आधार बनाई बाल्मीकी ऋषिद्वारा रामायणको रचना भयो । जुन आजकल हिन्दूहरूको पवित्र ग्रन्थ मानिन्छ ।

महाभारतको सभा पर्वमा उल्लेख गरिए अनुसार कर्ण आफ्नो दिग्विजयको अवसरमा मिथिला पनि विजय गरेका थिए । वन पर्वमा उल्लेख गरिुए अनुसार कृष्ण, अर्जुन तथा भीमसेनसँगै इन्द्रप्रस्थबाट राजगृह जाँदा मिथिला पनि आएका थिए ।

प्राचीन कालदेखि नै जनकपुर ज्ञान-विज्ञान, आध्यात्मवाद, दर्शन तथा साहित्यको प्रमुख केन्द्र थियो । यहाँका राजा जनक समक्ष महामुनि शुक्रदेवले आध्यात्मविद्याको अन्तिम परीक्षा  दिएका थिए भनिन्छ । राजा जनकको जन्म बारे निम्नलिखित किम्वदन्ति प्रचलित छ:

महाराज निमिले एक यज्ञ गर्ने विचार गरे । उनले आफ्नो पुरोहित वशिष्ठ समक्ष निम्तो पठाए । त्यसै समयमा राजा इन्द्रले पनि एक यज्ञ गर्ने विचार गरे र पहिले वशिष्ठलाई निम्तो दिइसकेका थिए । राजा इन्द्रले पहिलै नै निम्तो दिइसकेको हुनाले वशिष्ठ राजा निमिको यज्ञ सञ्चालन गर्न आउन सकेनन् । आफ्नो पुरोहितको अनुपस्थितिमा राजा निमिले गौतम र याज्ञवल्क्यजीबाट यो यज्ञ गराए । यो कुरा थाहा पाई रिसाएर वशिष्ठले “तिम्रो शरिर नास होस” भनी राजा निमिलाई श्राप लिए । यता वशिष्ठ पनि आफ्ना यजमानकहाँ नआई अरु कहाँ गएकोमा राजा निमि पनि रिसाएका थिए । उनले पनि रीसमा वशिष्ठलाई “शरीर नास होस्” भनी श्राप दिए । यसरी पुरोहित र यजमान दुवैको शरीर नाश भयो ।

यसरी राजा नभएको देशमा तपस्या गर्न नहुने सम्भ्मी गौतम, याज्ञवल्क्य, भृतु, परशुराम, भारद्वाज, वाल्मीकी आदि महामुनीहरूले गङ्गा, समुद्र तथा अरु नदीहरूलाई पनि आह्वान गरी राजा निमिको मृत शरीर मथन गर्न थाले । यसरी मथ्या उनैको शरीरबाट मिथि नामक बालकको उत्पन्न भयो । उनको नाम पछि देहहीन निमिको छोरा भएकोले विदेह र स्वयं उत्पन्न भएकोले जनक र मथन गरेर उत्पति भएकोले मिथि हुन गयो । यिनै मिथिलाका राजा भए । महाराज जनक शिवका परम भक्त थिए । यसैले भगवान् शिवले उनीदेखि प्रसन्न भएर आफ्नो “पिनाक” नामक धनुष उनलाई दिएका थिए । यही धनुष भाँची  रामचन्द्रले सीताजीसँग विवाह गर्नु भएको भएको थियो र यही धनुषबाट यस स्थानको नाम पनि धनुषा रहन गयो ।

यसरी यो जनकपुर नेपालको मात्र एक पवित्र तीर्थस्थल नभई विश्वका तमाम हिन्दूहरूको नै तीर्थस्थल मानिन्छ । पछि महाभारतकालमा पनि यहाँका राजा क्षममूर्तिले महाभारत युद्धमा कौरवहरूको पक्ष लिएका थिए । यसरी धेरै लामो समयदेखि जनकपुर हिन्दू इतिहासको गौरव गाथाको रुपमा रहेको पाइन्छ ।

पछि यो जनकपुर मिथिलाको राजधानी रहेन । यस राज्यको राजधानी बैशालीमा सारियो । यस पछि जनकपुरको गौरव पनि विस्तारै घट्न थाल्यो । पछि सत्र शताब्दीको आधा आधीदेखि सन्यासी चतुर्भुज गिरी र वैष्णव सुरकिशोर दासले यहाँ राम र सीताको मूर्ति फेला पारेदेखि फेरी यस स्थानको गौरव बढेदै गयो । त्यसवखत यो क्षेत्र मकवानपुर राज्यद्वारा प्रशासित थियो । यस स्थानको विकासको निमित्त मकवानपुरे राजाले सयौं एकड जमीन राखेका थिए ।

पछि गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा अगाडि पूर्वतिर टिष्टादेखि नारायणी नदीसम्म र काठमाडौं उपत्यकादेखि भारतको चम्पारन, सारन, मुजफरपुर, दरभङ्गा, जलपाइगुडी जिल्लाहरूको उत्तरी भागसम्म मकवानपुर राज्य फैलिएको थियो । आजकालको यो धनुषा जिल्ला पनि त्यसबेला यही राज्यमा पर्दथ्यो ।

त्यसवखत यहाँ सेन राजाहरू राज्य गर्दथे । एउटा सेन वंशावलीका अनुसार धेरै समय पहिले चित्रसेन नामक एक राजा चितौडमा राज्य गर्दथ्ये । जील राय र अजील राय भन्ने यिनका दुई भतिजा थिए । त्यसै समयमा गण्डकीको पश्चिम भावर क्षेत्रमा कर्ण सिंह नामका राजा राज्य गर्दथे । करीब बाईस वर्षसम्म कर्ण सिंहको सेवा गरिसकेपछि अजीलराय अथवा अजील सेन यहाँका राजा भए । पछि यिनकै वंशमा तुला सेन राजा बने र यिनै तुला सेनले मकवानपुर गढी बनाएका हुन् ।

पाल्पाका राजा मुकुन्द सेन र काठमाडौंका राजा रत्न मल्ल समकालीन थिए । भाषा वंशावली अनुसार काठमाडौंमा भोटेहरूको उपद्रव हुँदा काठमाडौंका राजा रत्न मल्लले मकवानपुरी सेन राजाहरूको सहायता पाएका थिए भनी लेखिएको छ । यो

यहायता दिने सेन नै हुन् भन्ने बुझिन्छ । यसरी पाल्पादेखि पूर्वको निकै ठूलो क्षेत्रमा आफ्नो अधिकार भइसकेपछि मुकुन्द सेन कोशी क्षेत्र विजय गर्नतिर लागे । इतिहासकार हेमिल्टनका अनुसार यस क्षेत्रमा सेन वंशको आधिपत्य जमाउने श्रेय मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनलाई नै छ ।

हेमिल्टनले भेट्टाएको एक वंशावली अनुसार मोरङका राजा विजयनारायण र उनका किराती सरदारसहरूमा केही वैमनस्य थियो । यसै अवसरमा लोहाङ सेन पूर्वी तराई विजय गर्न भनी हिडे । यसरी उनले सबभन्दा पहिले मगरातको एक सानो भाग जिते । त्यसपछि मोहन ठाकुरलाई पराजित गरी उनले वर्तमान महोत्तरीको एक भागमा दखल जमाए । अनि क्रमशः कोरानी, खेसराहा, रामपुर, पोखारी, झामुना, झागोडा, धामर, कलिसान, वेल्काकोट, सम्दा कर जैन, मैघवारी आदि कोशी क्षेत्रका सानातिना रियासतहरू उपर दखल जनाउँदै कोशीको किनारसम्म पुगे । यसप्रकार मुकुन्द सेनको राज्यको एक सीमा लगभग आधुनिक नेपालको पूर्वी सीमानासम्म पुगेको देखिन्छ । उनका जेठा छोरा मानिक सेन पाल्पाको आफ्नो पैतृक गद्दीमा बसे, अर्को छोरा विहङ सेन तनहुँ र त्यसैको छिमेकी तराईका राजा भए । कान्छा छोरा लोहाङ सेन आफ्नै बाहुबलले खडा गरेको मकवानपुर राज्यका अधिकारी भए ।

इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार पाल्पाका राजा रुद्र सेनका छोरा मुकुन्द सेन (प्रथम) (ई.सं. १५४०-७५) ले मकवानपुर लगायत बडियानलादेखि कमला नदीसम्मको तलहट्टीमा पनि आफ्नो अधिकार जमाएका थिए । यिनका देहान्तपछि यिनका पाँच छाराहरूले ठकुराईलाई वण्डा गर्दा गोरखादेखि दक्षिणपट्टिको तनहुँको मगरात भृङ्गी सेनको भागमा र मकवानपुरको भावरका साथै बडियाननालादेखि कमलासम्मको, पर्सादेखि महोत्तरीसम्मको तलहट्टी समेत लोहाङ सेन (ई.सं. १५७५-१६१०) को भागमा परेको थियो । यिनै दुधकोशीदेखि पूर्वपट्टि इलामसम्मको किरात प्रदेश र सप्तरी र मोरङका तलहट्टीमा समेत यिनको प्रशासन स्थापित भएको थियो ।

लोहाङ सेनको मृत्यु भएपछि राघव सेन, अरिहर, इन्द्रदेव, हरभञ्जन सेन, अथवा हरिहर सेन क्रमशः राजा भए । पछि हरिहर सेनको आफ्ना जेठा छोरासित मनमुटाव भएपछि आफ्ना राज्य कान्छा छोरा शुभ सेन र नाति रुइन्द्र विधाता सेनलाई बाँडिदिए । यसरी कमजोर भएको मौका पारी पूर्णियाका नवाव एस्पन्दर खाँले शुभ सेनलाई कैदी बनाई दिल्ली पठाए । पछि औरङ्गजेवलाई हात्ती कर तिर्ने गरी उनी छुटे । यिनी कैदमा छँदा उनका छोराहरू महापति सेन र माणिक सेनलाई किरातहरूले बचाइराखेका थिए । पछि यिनै किरातहरूका सहायताले फेरी मकवानपुरमा हमला ग्री विजय गरे । त्यसपछि करीब २० वर्षसम्म राज्य गरिसकेपछि माणिक सेनको मृत्यु भयो र उनका छोरा हेमकर्ण सेन राजा भए । यिनै हेमकर्ण सेनकी छोरी इन्द्र कुमारीसँग गोरखाका राजा पृथ्वीनारायण शाहको विवाह भएको थियो । त्यसपछि बखत तराईको उब्जाउ फाँट सबै मकवानपुरको अधीनमा भएको हुनाले मकवानपुर निकै धनी र बलियो राज्य थियो ।

त्यस बखत साना-साना राज्यमा विभाजित भइरहेको नेपाल एकीकरण गरी एक विशाल नेपालको परिकल्पना गर्ने गोरखाका राजा पृथ्वीनारायण शाहले मकवानपुरसित वैवाहिक सम्बन्ध कायम गरी आफ्नो शक्ति बढाउने विचार गरेका थिए । तर यो वैवाहिक सम्बन्ध हेमकर्ण सेनक छोरा दिग्वन्धन सेनलाई मन परेको थिएन । हेमकर्णको मृत्युपछि ई.सं. १७६२ मा पृथ्वीनारायण शाहले मकवानपुरमा हमला गरे । चौतरिया दल मर्दन शाह, काजी दलजीत शाह, काजी सुरप्रताप शाह र काजी वंशराज पाण्डेको नेतृत्वमा एक ठूलो फौजलाई मकवानपुरमा लडाँइ गर्न पठाए । यसरी केही महिना पछि गोरखालीहरूले मकवानपुर कब्जा गरे ।

त्यसबेला मकवानपुर एउटा धनी र सबल राज्य मात्र नभई काठमाडौं उपत्यकाका राज्यहरूको दक्षिण तराईसँग व्यापार तथा आवत जावत गर्ने मूल बाटोमा पनि पर्दथ्यो । यस राज्यलाई कब्जा गर्दा काडमाडौं उपत्यकामा समेत नाकाबन्दी गरी कब्जा गर्न सजिलो पर्ने भएकोले पृथ्वीनारायण शाहले यस राज्यमाथि आँखा गाडेका थिए । दिग्वन्धन सेनलाई पराजित गरिसकेपछि पृथ्वीनारायण शाह काठमाडौंमा

हमला गर्ने तयारीमा थिए । त्यसबेला दिग्वन्धन सेनले बेतियामा गई त्यष्हाँका नवावसँग मकवानपुरबाट गोरखालीहरूलाई हटाइदिनु भनी प्रार्थना गरेकोमा नवावले गुर्गिन खाँको मातहतमा एक ठूलो फौज पठाई सन् १७६३ मा मकवानपुरमा हमला गरे । तर गारेरखाली फौजको अगाडी यिनीहरू टिक्न सकेनन् । यसरी करीब तीन सय वर्षसम्म (पज.सं. १५७५-१८१९) नेपालको पश्चिम पहाड पाल्पादेखि सिक्किमको भू-भागसम्म राज्य गरी बसेका सेनाहरूलाई गोरखालीहरूले आफ्नो विशाल नेपालको सृजनात्मक अभियानमा घुँडा टेक्न बाँध्य गराय ।

सन् १७९५ रणबहादुर शाह नेपालका राजा भए । यिनकै सेनापति अमरसिंह थापाले राम मन्दिर, हनुमान मन्दिर, श्रीजनक मन्दिर गङ्गा सागर, धनुषसागरको जीर्णोद्वार कार्य गरी जनकपुरको जङ्गलबाट एउटा रमणीय स्थान बन्यो । यिनै अमरसिंह थापाले यहाँको जनक मन्दिर पनि बनाएका थिए । पछि सम्वत् १९९० को भूकम्पले यो मन्दिर भत्कियो र फेरी निर्माण गरियो । २००२ सालमा गङ्गा सागरको जीर्णोद्वार हुँदा पाईको सीताजीको भव्य प्रतिमा पनि यहीं राखिएको छ ।

पौराणिक कालको इतिहाससँग धनुषा जिल्लाको ज्यादै घनिष्ट सम्बन्ध छ । जनकपुर राजा जनकको गौरवमय शासन भमि अषटाबक्र, गार्गी याज्ञवल्क्य मैत्रेयी जस्ता विद्वान मनिषीहरूको चिन्तनको केन्द्र, माता जानकीको जन्मभूमि तथा प्राचीन मिथिला राज्यको राजधानी रहेको ऐतिहासिक सांस्कृतिक एवं धार्मिक महत्वले भरिएको जनकपुर वैदिक काल देखिने सम्पूर्ण हिन्दुहरूको लागि धार्मिक आस्था को केन्द्रका रूपमा रहदै आएको छ ।

मठ र मन्दिर एवं पोखरी नै पोखरीले भरिएको जनकपुरमा विभिन्न पर्व, मेला र जात्राको अवसरमा लाखौं तीर्थ यात्रीहरू पवित्र सरोवरमा स्नान गरे पछि मात्र मन्दिरमा पुजा गर्ने गर्दछन् । यसले पनि पवित्र सरोवरहरूको धार्मिक सांस्कृतिक एवं पर्यटकीय महत्व प्रस्ट हुन्छ । पोखरीहरूको बाहुल्यताले गर्दा जनकपुरलाई "पोखरीहरूको शहर" (City of Pond) को रूपमा पनि चिनिन्छ ।

”वावन कुट्टी वहतर कुण्डा फिरेसन्त जन झुण्डही झुण्डा” लोकिक्तिले जनकपुर क्षेत्रको पोखरीको महत्व एवं प्राचीनतालाई प्रष्ट गर्दछ । वृहद् विष्णु पुराणको मिथिला महात्म्य तेश्रो अध्यायमा पोखरीहरूको महत्व एवं बिशेषताको विश्लेषणले झन यसको पारम्परिक अस्मिता एवं विशिष्टतालाई परिलक्षित गर्दछ । यी पवित्र सरोवरमा पवित्र स्नान गर्नाले विभिन्न किसिमको पापबाट मुक्ति हुने आरोग्यता प्राप्त हुने एवं मनोवांछित फल प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ ।

यी पोखरीहरू सांस्कृतिक एवं धार्मिक रूपले मात्र होइन वातावरणीय दृष्टिकोणले पनि अति महत्वपूर्ण रहेका छन् । यी पोखरीहरूको जलले विभिन्न उपयोगको साथै स्थानीय वातावरणको लागि सुरक्षा कवचको भूमिका पनि निर्वाह गर्दछन् ।

विगतमा यी पवित्र सरोवरहरूको संरक्षणका लागि विभिन्न प्रयासहरू भएता पनि पछि जिम्मेवार निकाय एवं नागरिक समाजको उदासिनताले विस्तार-विस्तारै अतिक्रमित भै अस्तित्व नै संकटमा परेको छ । प्राचीनकाल देखि संरक्षित पोखरीहरूको सभ्यता एवं संस्कृतिलाई जोगाई राख्नु वर्तमान पुस्ताको नैतिक दायित्व हो नत्र भने भोलिको पुस्ताले चाहेर पनि यस्ता धरोहरलाई पुनजीवित गर्न सक्दैन त्यति वेला सम्म धेरै ढिलो भइसकेको हुनेछ । अतः पोखरीको विनाशलाई समय मै रोकिएन भने भविषयमा जनकपुरको धार्मिक अस्तित्व नै समाप्त हुने प्रायः निश्चित छ ।

**पोखरीको महत्व**

**पोखरीको महत्व विभिन्न दृष्टिकोणले महत्वपूर्ण रहेको छ ।**

**(क) धार्मिक तथा सांस्कृतिक महत्व** : जनकपुर नगरपालिका क्षेत्र भित्र रहेका प्राचीन पोखरीहरू कुनै न कुनै धार्मिक आस्था र विश्वाससित जोडिएको पाइन्छ । केहि पोखरीमा कुनै खास तिथिमा स्नान गरे पछि विशेष फल प्राप्त हुन्छ भन्ने जनविश्वास छ । यहाँ वर्ष भरिमा लाग्ने ठूला मेला एवं उत्सवहरू मध्ये विवाह पञ्चमी, रामनवमी जानकी नवमी अन्तर्गृह परिक्रमा, झुलन, गुरु पूर्णिमामा अउने

तीर्थयात्रीहरू यहाँका पवित्र सरोवरहरूमा स्नान गरेपछि मात्र मन्दिरमा पूजा गर्दछन् । यसले गर्दा पनि सरोवरको धार्मिक महत्व छ ।

**(ख) सांस्कृतिक महत्व** : जन्मदेखि मृत्युसम्म हुने प्रायः प्रत्येक संस्कारमा पोखरीको अपरिहार्य प्रयोग हुन्छ, कुमरम, मटकोर, दहनही, घीढारी जस्ता उपनयनका र विवाहका विधिहरू पोखरीसित सम्बन्धित छन् । कार्तिक स्नान माघ स्नान, वैशाख स्नान, एकादशीपूर्णिमा स्नान आदि । जनकपुरको पोखरीमा मनाइने छठ ले तराईका छुट्टै सांस्कृतिक पहिचान बनाउन मद्धत पुऱ्याएको छ । गंगासागर पोखरीको घाटमा दाह संस्कार गरेमा मृतात्मालाई शान्ति एवं स्वर्गधाममा बास हुन्छ भने जनविश्वास छ ।

**(ग) आर्थिक फाइदा** : पोखरीमा मत्सय पालन गरी वर्षेनी करोडौं रूपैया आय आर्जन गर्न सकिन्छ ।

**(घ) जैविक विविधता** : पोखरीमा विभिन्न किसिमको जीव जन्तु तथा वनस्पतिहरू पाइनुका साथै टाढा टाढाबाट पशुपंक्षीहरू जलविहार गर्न आउँछन् । पोखरी वरिपरी मानिसको बसोवासले गर्दा चराचुरुङ्गीहरूलाई स्वतन्त्र रूपमा विचरणमा बाधा हुने भएकोले टाढाबाट आउने चराचुरुङ्गीको सँख्यामा कमी भएको छ । पोखरीको पानी प्रदुषित भएकोले पानीमा पाइने जीव जन्तुको जीवन संकटमा परेको छ ।

**(ङ) पर्यटकीय पुरातत्विक महत्व** : पोखरीको पुनर्स्थापना गरी पुरातात्विक महत्वका धार्मिक सम्पदालाई जगेर्ना गरेमा पर्यटकीय विकासको प्रशस्त सम्भावना छ । विभिन्न पोखरीहरूलाई ऐतिहासिक पृष्ठभूमि एवं वर्तमान सान्दर्भिक उपयोगको आधारमा पोखरीहरूको सौन्दर्यीकरण गरी पर्यटकहरूको लागि रमणीय स्थलके रूपमा विकास गर्न सकिन्छ ।

## Kff]v/Lsf] boglo cj:yf x'g'sf sf/0fx¿

(क) जग्गाको अतिक्रमण

(ख) शहरी ढलको कमी

(ग) फोहरफाल्ने ठाउँको कमी

(घ) जनचेतनाको अभाव

(ङ) भू-उपयोग नीतिको अभाव

(च) सम्बन्धित निकायहरू बीच समन्वयको अभाव

(छ) पर्यावरणीय एवं धार्मिक पर्यटनसम्बन्धी योजनाको अभाव

(ज) आर्थिक श्रोत र दक्ष जनशक्तिको अभाव

(झ) जीवन शैली एवं प्रविधिमा परिवर्तन

(ञ) मन्द आर्थिक अवस्था

(त) संरक्षण प्रति उदासिनता

(वृहतर जनकपुर क्षेत्र विकास परिषद, जनकपुरधाम)

## ४.२ जनकपुरधामको पुरातात्विक महत्वका स्थलहरू

### जानकी मन्दिर

जनकपुरधामको जानकी मन्दिर हिन्दुहरूका लागि मुख्य आकर्षकको केन्द्र रहेको छ । यस मन्दिरले जनकपुरको शोभा बढाएको छ । कतिपय व्यक्तिहरूले यस मन्दिरलाई नेपालको ताजमहल पनि भनेका छन् । मुख्यतया मुगल वास्तु शैलीबाट प्रभावित यस मन्दिरमा हिन्दु वास्तुशैली पनि देखा पर्दछन् । जनकपुरधामको विच बजारमा अवस्थित यो मन्दिर ४८६० वर्ग फुटमा फैलिएको छ र लगभग ५० फुट अग्लो छ ।

### राम मन्दिर

यो मन्दिर जनकपुरधामको बीच बजारमा जानकी मन्दिरको दक्षिण तर्फ लगभग १०० कदम जतिको फरकमा स्थित छ । जनकपुर धाममा जतिको जानकी मन्दिरको महत्व छ त्यति कै यस मन्दिरको पनि महत्व रहेको छ । यो मन्दिरको लम्बाई २५ फिट छ भने चौडाई २३ फिट छ । जानकी मन्दिरको क्षेत्र श्री सुरकिशोर दासलाई दिए झै यस स्थानको पत्ता लगाउने क्षेत्र बद्रीनाथका एक साधु स्वामी श्री चतुभुज गिरीलाई दिइन्छ । यीनले खोजी गरेको समयमा यो क्षेत्र मकवानपुर राज्यको सेन वंशको अधिनमा रहेको थियो ।

## जनक मन्दिर

जनकपुर धामको बीच बजारमा अवस्थित यो मन्दिर राम मन्दिरबाट पूर्व उत्तर कुनामा लगभग २०० फिट को दुरीमा पर्दछ। यो सानोशिखर शैलीको मन्दिर उच्च स्थानमा रहेको छ र मन्दिरलाई चारैतिरबाट पर्खालले घेरिएको छ । स्थानीय मानिसहरूको भनाई अनुसार यो मंदिर पनि राम मन्दिर बनाएको समय मै अमर सिंह थापाले बनाउन लगाएका हुन् । यसके प्राचीन स्वरूप वि.सं. १९९० सालको भूकम्पका क्षतिग्रस्त भएकोले वि.सं. १९९४ सालमा पुनः निर्माण गरिएको हो । हालको मन्दिर इंट चुन र सुर्की द्वारा निर्माण गरिएको देखा पर्दछ।

## मणि मण्डप

जनकपुर नगर पंचायतको उत्तर पश्चिम कुनामा पर्ने वडा नं. १३ (मुजैलिया) गांव देखि पश्चिम) मा लगभग ५०-६० घर भएको एक सानो गांव छ जसलाई रानी बजार गांव भनिन्छ जसलाई स्थानीय मानिसहरू (मणि मण्डप) भन्दछन् उक्त स्थललाई देवस्थल मानि पुजा पनि गर्दछन् । मण्डपको विचमा एक लामो वाँस गाडिएको छ र केहि इंटहरू राखि लिपपोत गरि पुजा स्थल बनाएको छ । यस स्थलमा राम र सीताको विवाह माण्डप थियो भने स्थानी धारणा रहेको पाइन्छ।

## कपिलबस्तु महादेव मन्दिर

यसै स्थानमा प्राचीन कालमा कपिल नामक ऋषिको आश्रम थियो भन्ने स्थानीय विश्वास छ। यस स्थानको प्राचीनतालाई हेर्दै जाँदा वृहद विषणु पुराणको मिथिला महात्म्यमा यस महादेवको चर्चा भएको थाहा हुन्छ । यस स्थलमा वि.सं. १९९० सालको भूकम्प अघि एक शिव मन्दिर रहेको थियो जो भुकम्पमा भत्कन गयो भन्ने भनाई छ । त्यस प्राचीन मन्दिरको शिवलिंग हाल गांवको पूर्व लगभग १०० मी. टाढा रहेको छ। स्थानीय मानिसहरूको भनाई अनुसार एक जोगी बद्री गिरीले त्यस स्थलमा उक्त शिवलिंग स्थापना गरेका हुन् । हाल साल पुरातत्व विभाग द्वारा सिमन्तकी एक शिखर शैलीको मन्दिर बनाएको छ।

**कुपेश्वर महादेव**

जनकपुरधाम नगर पंचायत वडा नं. १२ दक्षिणमा कुवा रामपुर भन्ने गाउँको दक्षिण पूर्व तर्फ कुपेश्वरनाथ महादेवको मन्दिर छ । उक्त मन्दिर एक स्तुपाकार ढिस्कोमा अवस्थित छ । यो ढिस्को लगभग १२ फीट अग्लो छ भन्ने त्यसको पूर्व पश्चिम लम्बाई १५० फिट र उत्तर दक्षिण लम्बाई १३० फीट छ । यस मन्दिरमा कुपेश्वर मानिने महादेव एक कुण्ड जस्तो गोलाकर खाण्डोमा रहेको छ । जस कारण यहाँको महादेवलाई कुपेश्वर महादेव मानियो । कुपेश्वर महादेवको शिवलिंग एक आकृति विहित सानो कालो पत्थरको छ । यसलाई केहि विद्वानहरूले वराहको थुतुना हुन सक्छ भनेर अनुमान पनि गर्दछन् । यी कालो ढुंगा केही लाम्चो खालको भएकोले आवाद भएको थियो मानिन्छ ।

**नाथ बाबाको मन्दिर**

यो मन्दिर कपिलेश्वर गाउँ मै पूर्व तर्फ रहेको छ । याँ कुनै एक जोगी नाथ बाबाको नाउले प्रसिद्ध थियो । उनको एक कुट्टी यसै स्थानमा थियो । यिनैले कपिलेश्वर महादेवको शिवलिंगलाई वि. सं. १९९० सालको भूकम्पमा मन्दिर भत्किएपछि आफ्नो स्थानमा राखेका थिए ।

**धनुषा**

जनकपुरबाट १५ कि.मी. पूर्वोत्तर कुनामा धनुषा भन्ने स्थल छ । जनविश्वास अनुसार भगवान रामचन्द्रले यहि त्रेतायुगमा स्थानमा शिव धनुष भांची सीतासंग विवाह गरेका थिए र त्यो भांचीको धनुषाको एक टुक्रा यसै स्थानमा छ । यसै स्थानको महत्वले गर्दा यस जिल्लाको नाउँ धनुषा रहन गएको छ ।

यस स्थानमा रहेको तथाकथित धनुषालाई चारैतिरबाट पर्खालले घेरिएको छ । जसलाई धनुषा मन्दिर भनिन्छ र धनुषाको टुक्रा मानिने वस्तुको पुजा आज गरिन्छ । यो धनुषा निरन्तर बढी रहेको छ भने जन विश्वास छ । हाल त्यसको पूर्व पश्चिम लम्बाई ४० फिट ८ इन्च त्यसपछि वीचमा ठूलो पिपलको रुख छ जसको पश्चिम तर्फ पुनः त्यो टुक्रा देखिन्छ जसको लम्बाई ३० फीट रचोग टुक्रामा २ फीट छ ।

वि.सं. १९९५ मा यस धनुषाको टुक्रालाई रघुनाथ राम जयसवाल भन्ने व्यक्तिले चारैतिरबाट पर्खालले घेरेका हुन । यस मन्दिरमा राखिएको एक घण्टामा पनि यही सम्बत १९९५ मा नै उल्लेख भएको छ ।

**क्षीरेश्वरनाथ महादेव**

जनकपुरधामबाट १६ किलो मीटर उतरमा क्षेरेश्वर महादेवको मन्दिर छ । यो ढिस्को पूर्व पश्चिम लम्बाई ७० फीट र उत्तर दक्षिण चौडाई ५० फीट छ । यसको उचाई लगभग ४ फीट छ । यस मन्दिरमा कालो पथ्थरको एक प्राचीन शिवलिंग रहेको छ । यहाँको प्राचीनता बारे सोद्धा पुजारी अनुसार मन्दिर थियो जो  कलान्तरमा देवी प्रकोपले भत्तकन गयो र हाल त्यहाँ आधुनिक मन्दिर बनाउन जग खन्दा ती पथ्थरका टुक्राहरू निस्केका थिए । धेरै जसो पत्थर गांवका मानिसहरूले विभिन्न प्रयोग का लागि लिएर गएका थिए भन्ने स्थानीय पुजारीको भनाई छ ।

## ४.३ अध्ययनक्षेत्रको परिचय

यस शोधपत्रका अध्ययन गरिएको जनकपुर नगरपालिकाको उत्तर दक्षिण लम्बाई करीब ४ कि.मी. र पूर्व पश्चिम चौडाई ४ कि.मी. २०७० हेक्टर रहेको छ । यस नगरपालिकामा जम्मा १६ वटा वडा छ । यहाँको भौगालिक बनाबट समय र धेरै नदिनाला भएको सिंचित उवैर जमीनहरू छन् । यहाँ गर्मीमा अति नै गर्मी र जाडोमा सामान्य जाडो हुन्छ । गर्मीयाममा अधिकतम तापक्रम ३९.९९ डि.से. सम्म हुन्छ । जाडोयाममा तापक्रम घटन गई औषत न्यूतनम तापक्रम १०.३२ डि.से. सम्म पुग्ने गर्दछ । यस नगरपालिका भित्र जम्मा ३३ वटा पोखरी तथा १५ वटा मन्दिरहरू छन् । जनकपुरको विशेषताको रूपमा रहेको ‘जानकी मन्दिर र विवाह मण्डप’ जसले जनकपुरका् शोभा बढाउन सफल भएको छ यो मन्दिरहरू पनि यसै नगरपालिका भित्र पर्दछन् । यसको अलावा नेपालको कल कारखानाहरू मध्ये मानिने ‘जनकपुर चुरोट कारखाना’ तथा नेपालको एकमात्र संचालित रेलवे सेवा जनकपुर देखि जयनगर तथा जनकपुर देखि विजलपुरा सम्म छ । यस रेल सेवाले दिनहु हजारौ यात्रीहरूलाई यातायात सुविधा उपलब्ध गराउन सफल भएको छ । यस नगरपालिकामा बाहुन क्षेत्री, नेवार, भुयिहार, राजपुत, कायस्थ, उनीपार घानुक,

कुर्मि केवट, हजाम माली, कोइरी, लोहार, तेली, कलुवार धोवी हलखोर, डोम, दुसाध, चमार, ततमा, खतवे इत्यादि जात जातिरुको बसोवास छ । यि सबै जात जातीको राष्ट्रभाषा नेपाली हो । तर पनि मातृभाषा मैथली हो । यी सबैजात जातिहरू हिन्दु धर्म मान्दछन् । मुस्लिमहरूको पनि बसोवास छ ।

यहाँ विजुली वती अस्पताल, कलेज र हाइस्कूल तथा कलकारखानाहरूको सुविधा उपलब्ध छ । यहाँबाट भारतको जयनगर दरभंगा, मधुवनी आदि वोर्डर पर्ने हुनाले यहाँको अत्यधिक कारोवारहरू भारतसँगै हुन्छ ।

# अध्याय-पाँच
# डोम जातिको सामाजिक तथा सांस्कृतिक अवस्था

यस अध्यायमा धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १,६,७,१२,१५ र १६ बसोवास गर्ने डोम जातिको सामाजिक तथा साँस्कृतिक पक्षहरूको बारेमा स्थलगत सर्वेक्षणको आधारमा प्राप्त तथ्याङ्कहरूलाई समावेश गरी प्रस्तुत गरिएको छ ।

डोम जातिको जनकपुर नगरपालिका वडा नं. १,६,१२,१५,१६ विविध सामाजिक पक्षहरू जस्तै परिवारके किसिम, पारिवारिक जनसँख्या विवरण उमेरको आधारमा जनसँख्या, स्वास्थ्यको अवस्था, शिक्षाको अवस्था, वैवाहिक स्थिति, सामाजिक संगठन, सामाजिक समस्या अन्य जातिसँगको सम्बन्ध आदि तथा विविध साँस्कृतिक पक्षहरू जस्तै डोम जातिहरूको जीवनकालमा गरिने विभिन्न संस्कारहरू डोमले मनाउने विभिन्न चाँडपर्वहरू वाजागाजा, लवाइ खुवाई बनाउने विभिन्न साधनहरू आदिलाई प्रस्तुत गरिएको छ ।

## ५.१ सामाजिक अवस्था

डोम जातिको सामाजिक अवस्था जस्तै बसाईको प्रकृति, पारिवारीक विवरण, स्वास्थ्य शिक्षा, विभिन्न संगठनहरू आदि जस्ता सामाजिक पक्षहरूलाई यस अध्यायमा प्रस्तुत गरिएको छ ।

### ५.१.१ परिवारको किसिम

विविध जातजाति, जनजातिहरू बसोवास भएको हाम्रो देश नेपालमा जाति अनुसार विभिन्न किसिमको परिवारहरू देख्न पाइन्छ । परिवारको किसिममा मुख्य तथा संयुक्त र एकल गरी छुटयाएर अध्ययन गरिएको छ । वास्तवमा परम्परावादी नेपाली समाजमा आधुनिकीकरणको प्रभावले संयुक्त परिवारको बाहुल्ता कम हुँदै एकल परिवारमा बस्न रुचाउने क्रम परिवर्तनको रुदरयसहित मी घर भन्ने जनाउँछ । जसमा एकल परिवार भन्नाले बाबु, आमा, छोरा, विवाहित नछुटिएको छोरा बुहारी,

अविवाहित छोरी समेतलाई जनाउँछ भने संयुक्त परिवारमा बाजे, बजै, आमा बाबु, काका, काकी, छोरा, नाती अविवाहित छोरी समेत नछुटि ठूलो परिवार सँख्याको सदस्य भएको परिवार भन्ने बुझाउँछ। यसै अध्ययन क्षेत्रको (जनकपुर नगरपालिका १,६,७,१२,१६ र १८) घर डोम परिवार मध्ये छनौट गरिएका ६० घर परिवारलाई एकल र संयुक्त पारिवारिक बनौटको अधारमा तर तालिकामा देखाइएको छ।

**तालिका नं. ४**
**परिवारको किसिम**

| क्र.सं. | परिवारको किसिम | परिवारको सँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३७ | ६१.६६ |
| २ | संयुक्त | २३ | ३२.३३ |
| **जम्मा** | | **६०** | **१००.००** |

स्रोत : स्स्रोतः थलगत सर्वेक्षण २०६६

### ५.१.२ पारिवारिक संख्या

परिवारमा रहेका सदस्य सँख्याबाट जनसँख्या वृद्धि गरिवीजस्ता विभिन्न विकासका सूचकहरूको अवस्था था पाउन सकिन्छ। जनकपुर नगरपालिकामा वडा न. १, ६, ७, १२, १५ एवं १६ वडा नं. को घरमा वसोवास गर्ने छनौटमा परेमा ६० घर डोम परिवारको सदस्य सँख्या आधारमा पारिवारिक सँख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| तालिका नं. ५<br>परिवारको किसिम | | | |
|---|---|---|---|
| **क.सं.** | **परिवारमा संख्या** | **परिवार संख्या** | **प्रतिशत** |
| १ | १-३ | ४ | ७.७७ प्रतिशत |
| २ | ४-६ | ३३ | ५५ प्रतिशत |
| ३ | ७-९ | १२ | ३० प्रतिशत |
| ४ | १० भन्दा माथि | ५ | ८.३३ प्रतिशत |
| **जम्मा** | | **६०** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

तालिका नं.२ को अध्ययन गर्दा सानो परिवार संख्या ४ (७७ प्रतिशत), ४-६ परिवार संख्या ३३ (५० प्रतिशत), ७-९ परिवार सदस्य संख्या हुन । परिवार संख्या १८ (३० प्रतिशत र १० भन्दा माथि परिवार सदस्यहरू परिवार संख्या ५ (८.३३ प्रतिशत) रहेको देखिन्छ । जसबाट ४-६ परिवार सदस्य संख्या रहेको बढी देखिन्छ र १.३ परिवार सदस्य संख्या रहेको कम देखिन्छ । यसरी जनकपुर नगरपालिकामा क्षेत्रमा समेत परिवार नियोजन सम्बन्धी जनचेतनाको कमी रहेको देखिन्छ ।

### ५.१.३ शैक्षिक अवस्था

डोम जातिको अवस्था अति नै पिछडिएको देखिन्छ । शिक्षा नै मानव विकासको प्रमुख माध्यम हो तर डोम जातिहरू शिक्षाबाट टाढा रहेको पाइयो । शिक्षाप्रति अलि अलि झुकाव भए पनि उनीहरूलाई विद्यालयमा जान सख्त मनाही छ ।

**तालिका नं. ६**

**शैक्षिक स्थितिको अधारमा जनसंख्या विवरण**

| क्र.सं. | शैक्षिक स्थिती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | 134 | 40=60 |
| २ | साक्षर (प्रा.वि.) | 162 | 49=09 |
| ३ | नि.मा.वि. | 21 | 6=7 |
| ४ | मा.वि. | 9 | 2=72 |
| ५ | उच्च मा.वि. | 4 | 1=21 |
| ६ | सो भन्दा माथी | 0 | 0 |
| **जम्मा** | | **300** | **100=00** |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

जनकपुर नगरपालिकामा यी जाति शिक्षाको किरणबाट झण्डै आधा ४०.६० प्रतिशत (१३४ जना) मात्र छन् भने त्यस ठाउँको विकास स्थिति कस्तो होला अनुमान लगाउन सकिन्छ । त्यस्तै साक्षर (प्रा.वि. सम्म) मा ४९.०३ प्रतिशत (१६२ जना) नि.मा.वि. मा ६.३६ प्रतिशत २ जना (२.६२) प्रतिशत ९ जना र उच्च मा.वि. मा १.२१ प्रतिशत मात्र (४ जना) र त्यस भन्दा माथिको शिक्षा प्राप्त गर्ने १ जना पनि नभएको देख्दा त्यस ठाउँमा शिक्षाके अवस्था ज्यादै नाजुक देनिनुका साथै स्कूल जाने विद्यार्थीहरूले पनि विचैमा अध्यन छोडन वा विविध कारणले अध्ययन जारी नराख्ने देखियो ।

### ५.१.४ वैवाहिक स्थिति

डोम जातिमा एकल विवाह भन्दा बहुविवाहको प्रचलन बढी रहेको छ । प्रायः बढी पुरुष वा महिलाले आफ्नो जीवनकालमा दुई वा दुई भन्दा बढी पटक विहे गरेका छन् । एकल विवाहको तुलनामा बहु विवाहको प्रचलन बढी हुनाका धेरै कारणहरू छन् । सब भन्दा प्रमुख कारण आर्थिक कमजोरी हो । आर्थिक रूपले विपन्न भएको कारणले उनीहरूले आयको स्रोत बढाउनको लागि बहुविवाह गर्दछन् । उनको कारण शिक्षामा कमि पनि हो । त्यस्तै आफ्नो जिम्मेवारी प्रतिको लापरवाही पनि हो । अन्य जातिमा छोराछोरीलाई २०-२२ बढी सम्म पालन पोषण गर्ने जिम्मा बाबु आमाको हुन्छन् भने डोम जातिमा त्यस्तो पाइदैन । डोम जातिको रहन सहन सामान्य किसिमको हुन्छन् र यिनीहरूको केटा केटी आफ्नो काम आफै गर्न थाल्छन् । केटाकेटीहरू सानै उमेरदेखि शारीरिक मिहनेत गर्न थाल्छन । जस्तै सुंगुर चराउने, बाँसका विभिन्न सामाग्री बनाउने । यस प्रकार डोम जातिमा बहुविवाह बढी पाइन्छ । यी तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका नं. ७**
**उतरदाताको विवाहको प्रकारको विवरण**

| **विवाहको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| एक विवाह | २५ | ४१.६६ |
| बहुविवाह | ३५ | ५८.३३ |
| **कूल संख्या** | **६०** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

मानव जातिको निरन्तरता, संरक्षण स्थायित्वका लागि विवाह एक महत्वपूर्ण समाजिक संस्कार हो । जसबाट जैविकीय आनन्द स्थायी रूपमा प्रदान गर्दछ । यसैले यसको बारेमा पनि अध्ययन क्षेत्र जनकपुर नगरपालिकामा क्षेत्र वा डोम को वैवाहिक स्थितिको बारेमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**
**वैवाहिक स्थितिको आधारमा जनसंख्या विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अविवाहित | २२१ | ५९.२० |
| २ | विवाहित | १३९ | ३७.६६ |
| ३ | विधवा/विदुर | ९ | २.४३ |
| **जम्मा** | | **३६९** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

तालिका नं.८ अनुसार अविवाहितको संख्या २२१ (५९.२९ प्रतिशत) देखि कम उमेरको संख्या पनि बढी नै भएको देखिन्छ । साथै विवाहितहरु ३७.६६ जना रहेकोमा वैवाहिक निस्तरतामा कमी नभएको देखिन्छ । अध्ययन क्षेत्रको ६० घरमा विधवा/विदुरको संख्या जम्म ९ (२.४३ प्रतिशत) देखिन्छ ।

### ५.१.५ स्वास्थ्यको अवस्था

स्वास्थ्य मानिसको अमूल्य धन हो । स्वास्थ्य विना नत धन प्राप्त गर्न सकिन्छ न त मान र प्रतिष्ठा नै । त्यसैले अंग्रेजीमा एउटा उखान छ । "Health is Wealth" (स्वास्थ्य नै धन हो) । त्यसैले आफू स्वास्थ्य रहन मानिसहरूले उपचारका विभिन्न उपायहरू अवलम्बन गरेको हुन्छ ।

जनकपुर नगरपालिका क्षेत्रको स्वाथ्यको अवस्था अध्ययन गर्दा विल्कुलै नराम्रो नभएता पनि राम्रो पनि भय सकिने अवस्था छैन । खानेपानीको व्यवस्था सार्वजनिक

तथा नीजि अस्थायी रूपमा अध्ययन गरेको ६० घर मध्ये ४५ (७५ प्रतिशत) घरमा नीजि अस्थायी धारा तथा १५ घरमा सार्वजनिक पानी को धारा उपभोग नगरेको र केही घरमा चर्पी पनि भए तर पनि खुला दिशा पिसाव गर्नेको बढी संख्या देखिएकोले स्वास्थ्यको अवस्था राम्रो देखिदैन ।

जातिगत रूपमा जाँड, रक्सी प्रयोग गर्ने यहाँका डोम जातिमा यस्ता मधपान र कंकट, चुरोट, खैनी आदिको प्रयोगले गर्दा घाँटी, टि.वी. रोग, रुघाखोकी, ज्वरो आउने समस्या सामान्य नै मान्दछन् । धामी झाँक्रीमा विश्वास गर्ने यहाँका डोम जातिको स्वास्थ्य र त्यसको सुविधाको पहुँच भन्दा टाढा रहनु, आर्थिक अवस्था कमजोर हुनु स्वास्थ्य सँख्यामा गई सुविधा लिनु पर्छ भन्ने कराको जनचेतना नहुनुले स्वास्थ्य भनेको भगवानको हातको कुरा हो भन्नेहरू पनि भेटियो ।

### ५.१.६ चर्पीको अवस्था

यहाँका डोम जातिहरू चर्पी नबनाई जङ्गल खेतवारीको खाली जग्गालाई प्रयोग गरिएको पाइन्छ । शिक्षा र चेतनाको कमी विकासको पूर्वाधारको अभावको कारणले यसरी खुल्ला जग्गामा दिशा पिसाव गर्ने गरेको पाइयो । अध्ययन छनौटको ६० घरको अध्ययन तालिका तल दिइएको छ ।

**तालिका नं. ९**
**चर्पीको विवरण**

| **क.सं.** | **चर्पीको अवस्था** | **घर संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | चर्पी हुने | १९ | ३१.६६ |
| २ | चर्पी नहुने | ४१ | ६८.३३ |
| **जम्मा** | | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

यस अध्ययन क्षेत्रको चर्पीको विवरण तालिका न. ४ अनुसार एकतिहाई भाग घरमा पनि चर्पी भएको पाइदैन । चर्पी हुने घरसंख्या ९ ३१.६६ प्रतिशत) र नहुने ४१ (

६८.३३ प्रतिशत) बाट के थाहा पाउन सकिन्छ भने चर्पी हुनेलाई समेत अन्यका खुल्ला दिशापिसाव गर्ने हुनाले आफ्नो चर्पी प्रयोगबाट हुने शारीरिक फाइदाबाट पनि भई रहेके छन् ।

### ५.१.७ सामाजिक संगठन र तिनको कार्य

यस स्थानमा वसोवास गर्ने डोमहरूको कुनै पनि किसिमको बैधानिक वा औपचारिक संगठन रहेको पाइएन । यस क्षेत्रका डोमहरू गुठीमा एकता हुने गरेको र त्यही गुठीले सम्पूर्ण डोमहरूलाई एकतामा बाँधी मर्दा वा साह्रोगाह्रो पर्दा र विवाह गर्दा एक आपसमा सहयोग गर्न वा सामूहिक कार्य गर्न एकजुट गराउन सहयोग गर्ने गरेको पाइयो । यस्ता विभिन्न सामाजिक कार्यहरूमा आर्थिक तथा पारिवारिक सहयोग जुटाउन यस गुठीले प्रमुख भूमिका खेल्ने गरेको पाइयो ।

### ५.१.८ अन्य जातिसंगको अन्तरसम्बन्ध

जनकपुर नगरपालिका क्षेत्रका डोमहरूको मुख्य पेशा नाङ्ग्लो, डालो, ढकिया, भकारी हाते पङ्खा आदि बनाउनु हो । यिनीहरू यस्ता बस्तु बाँसबाट बनाउने भएकाले आफूलाई बँसमाली भन्न समेत रुचाउछन् । जसको अर्थ हुन्छ बाँसको काम गर्ने । यस्ता वस्तुहरू यसै नगरपालिकामा तथा वरपरका क्षेत्री, ब्राम्हण, कायस्थ, दुसाध, चमार इत्यादिलाई बेच्ने गर्दछन् । यिनीहरूको अन्य जातिसँग कामको आधारमा सुमधुर सम्बन्ध रहेको पाइयो ।

### ५.१.९ महिलाको अवस्था

जतिसुकै नारीको स्थान र महिलालाई हिन्दु धर्मशास्त्रमा प्रशंसा गरे तापनि व्यवहारमा नारीहरू पुरुषको दास, खिलौना र मनोरंजनका साधन बनेका देखिन्छन् । हुन त हिन्दु धर्मशास्त्र अनुसार । नारी भनेको लक्ष्मीको रूप र सरस्वती हुन् र नारीहरू जँहा पुजिन्छन् । त्यहाँ देवता खुशी हुन्छन् भनिएको छ तर यर्थातमा त्यस्तो भएको पाइदैन । नेपाल समाज भित्रका विविध जातिहरू भएपनि केही रूपमा फरक देखिए तापनि सबै दलित उत्पीडित जातिहरूमा महिलाको स्थिती राम्रो छैन । हुन त सिङ्गो नेपालमा नै महिलाको स्थिति त्यति राम्रो छैन । तर पनि उच्च जातिमा

नेपालमा नै महिलाको स्थिति त्यति राम्रो छैन । तर पनि उच्च जातिमा महिलाहरूको अवस्था पहिले भन्दा केहि सुध्रिएको छ । तिनीहरू जीवनको हरेक क्षेत्रमा विस्तारै प्रगति गरिरहेका छन् । तर तल्लो जातिको महिलाहरूको अवस्था जस्ताको त्यस्तै रहेको छ । त्यसमा पनि डोम जातिमा महिलाको अवस्था पुरानै जस्तो रहेको छ । अलिकति पनि उधार भएको देखिएन । महिलाहरू दिनभरी घरमा काम गर्दछन् । आफ्नो परम्परागतको पेशागत काम पनि गर्छिन तर पुरुषहरूले उनीहरूमाथि अत्याचार अपराध गरिरहेका छन् । महिलाहरूले दिनभरि जति सुकै काम गरे पनि पुरुषले राम्रो व्यवहार गर्दैन । बेलुका रक्सी खाएर आउँछन् र स्वास्नीलाई अकारण कुट्न थाल्छन् । महिलाहरू जति सुकै काम गरे पनि घरमा शासन पुरुषको रहेको पाइयो । पुरुषको आदेश बिना महिलाहरू सानो भन्दा सानो काम पनि गर्न सक्दैन । डोम महिलाहरूको कुनै अस्तित्व रहेको छैन । उनीहरू पशु जस्तै जीवन विताइरहेका छन् । महिलाको इच्छा अधिकारको कुनै मोल छैन । केटा मान्छेले जुनबेला मन लागे कुनै केटीसँग विह गर्छन । जुन बेला मन लाग्छ केटीलाई छोडिदिन्छन् । डोम समुदायमा बहुविवाहको प्रचलन बढिरहेको छ । एउटा पुरुष आफ्नो जीवनकालमा जति पटक पनि विहे गर्न सक्छन् त्यस्तै महिलाले पनि गर्न सक्छन् । त्यसमा कुनै बन्देज लागेको छैन । जीवनको प्रत्येक क्षेत्रमा पुरुषको नै बर्चस्व रहेको देखियो । समान रूपले मिहेनेत मजदुरी गरे पनि डोम महिलाहरू उत्पीडित नै छन् । पुरुषबाट सताइएका नै देखियो ।

### ५.१.१० बसोबास

बासस्थान मानिसहरूको एक महत्वपूर्ण अधारभूत आवश्यकता हो । चाहे मानिस धनीहोस या गरिब होस । उसको निम्ति घाम, पानी, जाडो, गर्मी जस्ता प्राकृतिक प्रकोपबाट बच्नको लागि घरको आवश्यकता हुन्छ । नेपाल कै परिप्रेक्ष्यमा हेर्ने हो भने शहरी क्षेत्रमा मानिसहरू भीमकाम महलहरू ठढयाउने होडबाजीम देखिन्छन् । तर ग्रामीण क्षेत्रमा भने होडबाजी नमै प्राकृतिक शत्रुबाट बाँच्नका निम्ति घर बनाउछन् ।

धनुषा जिल्लामा महलहरू नबनेका होइनन् । राम्रो भन्दा राम्रो महलहरू पनि धनुषा जिल्लामा पाइन्छ तर डोमहरू पुरानै खालका फुसको घरमा बसी प्राकृतिक प्रकोपबाट आफ्नो सुरक्षा गरिरहेका छन् । डोम जातिको बसोवास उच्च जातके बसोवास क्षेत्रभन्दा अलग हुने क्षेत्रमा रहेको अवलोकनबाट पत्ता लगाइएको छ । यिनीहरू यति गरिब छन् कि दुई छाकको खाना को व्यव्सथा गर्न नै धौ धौ परिरेको छ । राम्रो घर कहाबाट बनाउन सक्छन् । सबै डोमका घरहरू प्रायः माटो फुसको झुप्री, कहि कहि ईटको घर पनि छन् । त्यस्तो घरमा बस्न उनीहरू बाध्य छन् । आफू बस्न बनाइएको घरको छेउ मै संगुर र कुखुराको लागि पनि बाँसबाट निर्माण गरिएको गोलो घर हुन्छ। त्यसलाई पानीबाट सुरक्षा गर्न माथिबाट प्लास्टीक वा फुसको झुप्रो राखिन्छ । त्यसलाई खोप भनिन्छ ।

### ५.१.११ सामाजिक चेतना र राजनैतिक चेतना

पैसा, पद, वर्ण, लिङ्ग, धर्म र जाति आदि सामाजिक रवाफका कारणले अझै पनि समाजमा भेदभाव घटन सकेको छैन । अझै पनि समाजमा अवसर पाउनेहरूले अवसरबाट बंचित वर्गलाई शोषण गरेके देखिन्छ । यसरी हरेक समयमा पिल्सिएर सामाजिक असमानताको शिकार हुने जातिहरू मध्ये डोम जाति पनि एक हो । शिक्षा र चेतनाको अभाव र माथिल्ला जातिहरूबाट थिचिइरहेका यी जातिहरूमा पनि कैयौं कुरीति र सामाजिक बिसंगतिहरू अझैसम्म भइरहेको छ । यस जातिका सदस्यहरू अझै पनि माथिल्ला जातिहरूसँग धक फुकाएर खुला रूपमा बोल्न डराउछन् । अझै पनि आधुनिकता, प्रजातन्त्र र सामाजिक वर्गीय चेतना यहाँ मौलाउन सकेको पाइदैन । अझै पनि बिरामी पर्दा धामी, झाँक्री, भुतप्रेत पिचास र झारफुकमा विश्वस गर्ने देवता र पुरोहित वादमा भरोसा गर्ने प्रचलन पाइन्छ भनी मुख्य सूचनादाता विद्यालयका शिक्षक बताउछन् ।

एकातिर आर्थिक रूपमा जतिशोषित छन् त्यति नै अर्कोतिर सामाजिक भेदभाव पनि शोषित देखिन्छन् । आफ्नो जातिभन्दा माथिल्लो जातिसँग एउटै आसनमा बस्न नपाइने सार्वजनिक स्थल देवालय, मन्दिर, पसलभित्र पस्नबाट बन्चित छन् भने

यिनीहरूले पैसा तिरेर पनि कुनै पसलबाट समान लिंदा ढोका बाहिर बसी नछोइकन भूईमा राखेपछि मात्र टिपेर लिने चलन छ भने चियापसलमा चिया पिएपछि चियाको गिलास आफूले माझेर दिएपछि पसलले पुनः पखालेर चोख्याउने या त्यो गिलासलाई छुट्टै राखि त्यसमा अरुजातलाई फेरि चिया खान नदिने चलन अचेल कायमै छ । उतरदातामा जातिय विभेद विरुद्ध चेतनाका कमी नै रहेको देखिन्छ । दलितसम्बन्धी संघ/संस्थाका बारेमा सोधिएका प्रश्नमा ४७ जना उतरदाताले थाहा छैन भने पाइयो । ६० जना उतरदाता मध्ये १३ जना उतरदाता देशको प्रधानमन्त्रीको नाम सरकारका बारेमा बताउन सक्छन् । भने वा २१.६६ प्रतिशत । अरु उतरदातालाई राजनीति गतिविधि प्रति जानकारि देखिदैन । त्यसैगरी १० प्रतिशत उतरदाताले आफ्नो विवेक प्रयोग गरी नेताको कार्य दक्षता, सिद्धान्त अनुसार भोट दिएका छन् भने ९० प्रतिशत उतरदाताले जुन पार्टीले पैसा दिन्छ खसी मासु खान दिन्छ त्यसकै आधारमा भोट दिएका छन् ।

### ५.१.१२ परिवार नियोजनको अवस्था

अध्ययनको क्रममा परिवार नियोजनको बारेमा सोध्दा धेरै कम उत्तरदाताले भने कि उनीहरू परिवार नियोजनको साधनको प्रयोग गर्छन । यसको अनुपात तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका नं. १०**
**परिवार नियोजनको अवस्था**

| क्र.सं. | | उतरदाता | प्रतिशत |
|---|---|---|---|
| १ | साधन प्रयोग गर्ने | १५ | २५ |
| २ | साधन प्रयोग नगर्ने | ४५ | ७५ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

माथिको तालिका हेर्दा ६० जना उतरदाता मध्ये १५ जनाले मात्र अस्थायी परिवार नियोजनका साधन अपनाएका छन् । स्थायी साधनको प्रयोग कसैले पनि गरेको देखिदैन । जबकि ४५ जनाले जवाफ थियो हामीहरू कुनै पनि साधनको प्रयोग गर्दैनौं । तपाईहरू परिवार नियोजनको साधनको प्रयोग किन गर्नु हुन्न भनी सोध्दा धेरैजनाको जवाफ थियो हामीलाई त्यसको बारेमा केही थाहा छैन भने कोही कोहीको जवाफ थियो हामी जानेर पनि त्यसको प्रयोग गर्दैनौं । ७५% मात्र जुन परिवार नियोजनको साधनको प्रयोग गर्छन । तिनी सबैलाई त्यसको बारेमा कमै भए पनि थाहा छ र तिनीहरू केहीलाई अलि अलि त्यस सम्बन्धी चेतना पनि छ ।

# अध्याय – छ

## ६.१ सांस्कृतिक अवस्था

संस्कारको शाब्दीक अर्थ परिमार्जनलाई बोध गराउँछ । 'संस्कार' संस्कृति भाषाबाट आएको शब्द हो । जसको अर्थ शुद्ध पारिएको भन्ने हुन्छ । यस प्रकार मानिसको मानसिक एवं शारीरक शुद्धता निमित विधिवत गरिने धार्मिक अनुष्ठान नै संस्कार हुन। (श्रेष्ठ २०५६)

हिन्दु मान्यता अनुसार जीवनका विभिन्न चरणहरूमा निर्धारित संस्कारहरू सम्पन्न गरेपछि मात्र त्यति समाजको पूर्व सदस्य बन्न सक्ने विश्वास गरिन्छ । हिन्दु संस्कृति भन्नु संस्कारहरूको जारी भएको छ । जस अन्तर्गत जन्मे देखि मृत्यु पश्चात सम्म विभिन्न खाले संस्कारहरू छन् जुन हिन्दु बमोजिम धर्म अन्तर्गत विभिन्न जाति समुदायको पृथक पृथक हुन सक्छ ।

मानिस एउटा यस्तो प्राणी हो जो आफ्नो जन्म देखि मृत्युसम्म विभिन्न संस्कारहरू गर्दछ । यी धर्म संस्कार रितिरिवाजको जीवनचक्र भित्र अनेकौं उपचक्रहरू पर्दछन् । हिन्दु धर्म अनुसार मउरूपलाई शुद्ध पार्न संस्कार अवप्रासन, व्रतबन्ध विवाह इत्यादि गरिन्छ तर डोमहरूमा संस्कार गरिन्छ ।

(क) जन्म संस्कार
(ख) विवाह संस्कार
(ग) मृत्यु संस्कार

## ६.२ जन्मसंस्कार

मुख्य सूचनादाताहरूका अनुसार डोम जातिको जन्म संस्कार यस प्रकार गरिन्छ ।

यस जातिमा महिलाहरू गर्भवती भए पनि कुनै कुराको वर्णित गर्दैनन् । यिनीहरू जस्तो समान्य अवस्थामा रहन्छन् । त्यस्तै गर्भवती भए पछि पनि रहन्छन् । यिनीहरूको दिनचर्चामा कुनै खास परिवर्तन हुदैन । महिलाहरू घरका सारा काम

पहिला जस्तै गरि रहन्छन् । खाने कुरामा पनि कुनै खास परिवर्तन गर्दैनन् । गर्भवती अवस्थामा गरिने सामान्य सावधानी पनि यिनीहरू गर्दैनन् । खासगरी दुई कुरामा यिनीहरू ध्यान राख्ने गर्दछन् ।

(क) गर्भावस्था भर कुनै भारी समान उठाउदैनन ।

(ख) लामो दुरीको सफर गर्दैनन । अर्को सुत्केरीको अवस्थामा महिलालाई एउटा छुट्टै कोठा दिन्छ । सुत्केरी आमा र बच्चालाई ६ दिन सम्म त्यो कोठाबाट बाहिर निस्कन मनाही हुन्छ । डोम जाति मध्येको एक वृद्ध तथा अनुभवी महिलाले सुडिनी भूमिका निर्वाह गर्छन् । ६ दिन पछि छैठी मनाइन्छ । छैठीमा आफ्ना नातेदारहरूलाई निम्तो दिइन्छ । सुङ्गुरको मासु भोज खुवाइन्छ र धुमधामसँग छैठी मनाइन्छ ।

सुत्ने कोठालाई बच्चाको फुपु (वा वहिनी) ले ६ दिनसम्म सफा गर्ने गरिन्छ । छैठी दिन बच्चाको बाबुले बहिनीलाई सुत्केरी कोठा सफा राखे वापत उपहार दिन्छ । उपहारमा नगद पैसा वा नँया पोशाक वा गहना हुन सक्छ । सातो दिन नामाकरण गरिन्छ । यस समुदायमा पनि छोरी र छोरीबीच भेदभाव गरिन्छ । छोरा जन्मिदा खुब रमाइलो गरि छैठी मनाइन्छ भन्ने छोरी जन्मिदा समान्य किसिमले छैठी मनाइन्छ । ५ बर्ष पछि छोरालाई मुण्डन कार्य पनि गर्दछ ।

## ६.३ विवाह संस्कार

डोमहरूले आफ्नो रगतसमूह नातामा बिहे गर्दैन । यस समुदायमा ४ पुस्तासम्म आफ्नो नातामा बिहे हुदैन । ४ पूस्तापछि रगत समूहमा बिहे हुन सक्छ । डोम समुदायमा बाल विवाह बढी हुन्छ । ३ बर्ष देखि ४ बर्षसम्म केटाकेटीको बिहे भइसकेको हुन्छ । यस समुदायमा २ प्रकारले विवाह सम्पन्न हुन्छ ।

## ६.४ चोरी विवाह

डोम समुदायमा चोरी विवाह धेरै कम प्रचलन छ । किनभने यस जातिमा प्रायः वाल्यवस्थामा विवाह सम्पन्न हुन्छ । यस्तो अवस्थामा न त केटालाई केही थाह हुन्छ । न त केटीलाई नै । चोरी विवाह अन्तर्गत केटालाई केटीको दाई वा मामा वा कुनै आफन्तको मानिसद्वारा चोरी गरी केटीको घरमा लगिन्छ र विवाह सम्पन्न हुन्छ ।

## ६.५ मागी विवाह

डोम समुदायमा ९५ प्रतिशत विवाह मांगी विवाहद्वारा नै सम्पन्न हुन्छ । विहेमा दुवै पक्षको मध्यस्थता यिनीहरूमा सबभन्दा वृद्ध मानिसले गर्छन । सर्वप्रथम केटी पक्षको सबभन्दा ठूलो उमेरको व्यक्ति केटाको घरमा जान्छन र केटाको बाबुसँग विहेको बारेमा कुरा गर्छ । यस जातिमा दाइजोको प्रचलन बढी छ । दाइजोको रकम तय हुन्छ । केटीको बाबुले केटाको बाबुलाइृ दाइजो स्वरूप पैसा दिनुपर्छ । विवाह हिन्दु धर्मशास्त्र अनुसार सम्पन्न हुन्छ । विहेमा केटा पक्षका मानिसहरू केटीको घरमा जान्छ । यसलाई तराईको भाषामा वरियात भनिन्छ र नेपालीमा जन्ती भनिन्छ । दुलहा आफ्नो मामाको काँधमा जढछ वा पालकीमा जो काठबाट बनाइएको हुन्छ । त्यसलाई चार जना व्यक्तिले काँधामा उठाएर केटीकहाँ लग्छ । सबभन्दा अगाडि दुलाहा बिचमा जन्तीका मानिसहरू र पछिबाटा बाजा बजाउनेहरू हिंडछन् र विस्तारै हिडंदै दुलहीको घरमा पुग्छन् । त्यसपछि केटीपक्षका महिलाहरूले सर्वप्रथम दुलाहाका परीक्षण गरिन्छ । अर्थात दुलाहालाई शुद्ध पारिन्छ किनभने (अर्वा चामल र फूल पुजा गर्नमा पनि कामलाग्छ र सबै शुभकार्यमा यो दुवै चीजको प्रयोग गरिन्छ) अर्थात दुलहीलाई सगसम्बन्धीहरूले अर्वा चामल र फूलद्वारा दुलाहालाई चुमाउछ । अनि दुलाहालाई केटीको घरमा प्रवेश गरिन्छ । त्यसपछि विवाहको प्रकृति आरम्भ हुन्छ । पुरोहितके काम माली जातले गर्छ । विहे हुँदा महिलाहरूलाई मैथली भाषामा गीत गाउँछन् । यता जन्तीहरूलाई खुब स्वागत र सम्मान गरिन्छ । विहेमा सुंगुरको मासु, कुखुराको मासु, रक्सीको खुव प्रयोग हुन्छ । फेरी रातिमा नाच गान हुन्छ,

बिहेको तेश्रो दिन दुल्हीलाई सजाएको पाल्कीमा राखी चारजना मानिसले आफ्नो काँधमा राखी दुलाहाको गाउँमा सबैजना फिर्ता आउँछन् ।

(३) दुलाहाको घरमा दुलाहाको आमा, दिदी, बहिनीले दुलहीको स्वागत गर्छ यस प्रकार बिहे सम्पन्न हुन्छ । डोम समुदायमा बालविवाह, बहुविवाहको प्रचलन बढी पाइन्छ । बिहे पश्चात पुरुषको मृत्यु भएमा विधवाले आफ्नो देवर वा सबभन्दा नजिकको नातामा पर्ने मानिससँग बिहे गरिहाल्छन् । जसलाई 'संगति विवाह' भनिन्छ । डोम जातिमा पुरुषमा महिला होस समान्यता एक भन्दा बढी विवाह गरेको हुन्छ ।

## ६.६ मृत्यु संस्कार (अन्त्येष्टी)

१० वर्ष मुनिको बच्चाको मृत्यु हुँदा लाशलाई जमिनमा गाडिन्छ तर ११ वर्ष भन्दा माथिको मानिसको लाशलाई जलाइन्छ । मरेको ११ दिनसम्म किरिया बसिन्छ । ११ औं दिन कर्ता किरियाबाट मुक्त हुन्छ र बाह्रौ दिनमा विभिन्न सगर सम्बन्धिहरूलाई भोज खवाइन्छ । भोजमा मासु खादैन तर १३ औं दिनमा मासुको भोज गरिन्छ । जसमा आफ्ना नजिकको सगासम्बन्धीलाई बोलाईन्छ । मृतकको परिवारमा मानिसहरू १२ दिन सम्म नुन र मासु खादैन ।

## ६.७ रहनसहन

मानिसले बाँच्नका लागि विविध प्रकारका उपायहरू अवलम्बन गर्नुका साथै नयाँ नयाँ उपायहरूको खोज गर्दै रहन्छ । जसको फलस्वरूप व्यक्तिको उपयुक्त राम्रो व्यवहार समजका अन्य समूहहरूले पनि सिक्दछन् । अबलम्बन गर्दछन् र यिनै सामुहिक व्यवहारलाई रहन सहन भनिन्छ । दैनिक चल्ने जीवनप्रक्रियालाई सरल सुगम र व्यवहारिक बनाउन यस डोमहरूले आफ्नै प्रकारको चाल चलन रहन सहन अँगाल्दै आएका छन् । आर्थिक सामाजिक, भौगोलिक र साँस्कृतिक विविधताले रहनसहनमा भिन्नता ल्याउँछ किनभने वातावरणले मानिसलाई ठूलो प्रभाव पारेको हुन्छ । यिनीहरू सोझा र सरल स्वभावका छन् । यी नगरपालिकाका डोम

समुदायको रहन सहन, खानपान पहिरन कस्तो छन् यी कुराहरूको वर्णन तल गरिएको छ ।

### ६.८ खानपान

यी नगरपालिकाहरूका डोम समुदाय साधारणतया खानपानमा दाल, भात, रोटी तरकारी अचार माछा, मासु खाने गर्छन । मासुमा यिनीहरू प्रायः सुंगुरको मासु र कुखुराको मासु खान गर्छन । किनभने यी दुवैलाई यिनीहरू आफै पाल्छन् । यी गाउँहरूमा मुख्य खाद्यान्न बालीमा धान मकै गहुँ आलु भटमास सिमी बोडी भन्टा, सखरखण्ड, पिडालु साग सबजी आदि रहेका छन् । डोम समुदायहरूले रक्सीको सेवा बढी गरेको पाइन्छ । यस क्षेत्रका डोमहरू आफ्नो आयको ठूलो हिस्सा रक्सी खानमा खर्च गर्छन । कुनै पनि चाँडपर्व मनाउँदा या खुसी मनाउँदा यिनीहरू खुव रक्सी खान्छन् र नाचगान गर्छन । रक्सीको साथमा यिनीहरू सुङ्गुरको मासु खुब खान्छन् ।

यिनीहरू फलफुल बढी खादैनन यिनीहरू आफैले आफनो घरको वरपर लगाइएको फल जस्तै अम्बा, वयर, मेवा आदि खान्छन् । पैसाले किनेर धेरै कम मात्रमा फुलफूल खान्छन् । यिनीहरूसँग खेतीयोग्य भूमि पनि छैन । तसर्थ यिनीहरू सबै खाद्यान्न किनेर नै खान्छन् । सागसबजीमा यिनीहरू आलु प्याज लगाउछ । फर्सी, चमसुर, पालुङ, रायो, गोलभेडा आदि खाने गर्छन । यिनीहरू जे पनि खान्छन् किनेर नै खान्छन् । त्यसै कारणले यिनीहरूको आर्थिक अवस्था नराम्रो भएको हो ।

### ६.९ भेषभुषा

डोम समुदायको पहिरन साधारण किसिमको देखिन्छ । यिनीहरू जाडोमा न्यानो कपडा र गर्मीमा सुतीका कपडाहरू लगाउने गर्छन । साडी चोलो महिलाहरूको पहिरन हो भन्ने पुरुषहरू कुर्ता, धोती, गन्जी, सर्ट आदि लगाउँछन् । यिनीहरूमा पुरुषले पाइन्ट लगाएको ३-४ जना मात्रै पाइयो त्यो पनि भर्खरको ७-८ बर्षको केटा मात्र थियो । आभुषणमा महिलाहरूले अंगठी, सिक्री, पाउजु, टीका, चुरा बाला, झुम्का र नाकमा नथिया लगायत विविध प्रकारका चाँदीबाट निर्मित गहनाहरू

लगाउने गर्दछन् भने पुरुषले एक हातमा बाला कानमा कुण्डल अंगुठी जस्ता प्रायः तामाका हुन्छन् । यिनीहरूको आफ्नो जातिगत पोषाक देखिदैन । यिनीहरू राष्ट्रिय पोषाक कहिलै पनि लगाउदैनन् । यिनीहरू कुर्तासँग सुरुवाल नलगाई धोति वा लंगुटा लगाउने गर्दछन् ।

## ६.१० नातेदारी

अन्य समुदाय जस्तै डोम जातिमा पनि नाता व्यवस्था रहने पाइयो उपरोक्त वाडाहरूमा बसोवास गर्ने डोम समुदायको नातेदारी व्यवस्थालाई दुई भागमा विभाजन गरि हेर्न सकिन्छ । जस्तो पहिलो नातेदारीमा बाबुपट्टिको नाता अर्थात रगत सम्बन्धित नाता र दोस्रो नातामा आमापट्टि वा वैवाहिक सम्बन्धी नाता पर्दछन् । साथै यी दुई प्रकारका नाताले व्यक्तिहरूलाई एक आपसमा आवद्ध बनाएर राखेको हुन्छ । नातेदारीके व्यवस्था अनुसारको परम्परालाई सबैले मानेका छन् । आफ्नो नातेदारी सम्बन्ध भित्र मृत्यु भएमा शोक, दुःखमा सहयोग गर्नु तथा शुभकार्य जस्तो जन विवाह जाँडपर्व उत्सव आदिमा निम्तो मात्र जानु भोज भनेर आदिमा जानु यिनीहरूको प्रचलित व्यवहारहरू हुन् । डोमहरूमा विवाह गर्दा मामा चेला फुपु चेला, फुफु चेली आफ्नो रगत सम्बन्धी नातामा विवाह वर्णन हुन्छ । डोम समुदायमा विधवा विवाह, बहु विवाह बढी पाइयो तर यिनीहरू हिन्दु जातिमा सबै भन्दा तलका जात हुन ।

## ६.११ चाँडपर्व

डोम समुदायको अध्ययन गर्ने क्रममा के देखियो भन्ने यिनीहरूको आफ्नो कुनै धर्ममा चाँडपर्व छैन । सबै धर्म र चाँडपर्वहरू हिन्दु धर्मावलम्बी ब्राम्हण, भूमिहार या अन्य हिन्दुहरूसँग मेल खान्छ । यिनीहरूले ती सबै चाँडपर्व मनाउछन् जो कि यिनीहरूमा वरिपरिका अन्य समुदायले मनाउने गर्दछन् । यसको अलावा चाँडपर्व मान्ने र मनाउने क्रममा स्थान विशेष ठाउँ विशेष, समय विशेष र जाति विशेष आदि विविध कुराले असर पारेको पाइन्छ । आफूले माथि देवीदेवताहरूप्रति उनीहरूको अपार आस्था भक्ति हुन्छ । यिनीहरू त्यतिकै श्रद्धामा साथ ति

देवताहरूको पुजा पनि गर्ने गर्दछन् । डोम जातिले पुर्ण देवीदेवतालाई दुई भागमा विभाजित गरेर हेर्न सकिन्छ ।

## ६.१२ डोम जातिको आफ्नो देवीदेवता र चांडपर्व

केही देवीदेवता यस्तो छन् जसलाई मात्र डोम समुदायले पुज्ने गर्दछन् । अन्य समुदायले ती देवीदेवतालाई मान्दैनन । फरक-फरक ठाउँमा बसेको डोमहरूले फरक-फरक देवीदेवतालाई पुज्ने गर्दछन् । डोम समुदायले कस्तुरी मसान, महापुर लखन, दिवान सदायप संसरीमाई र गोरही माई जस्ता देवी देवतालाई पुज्ने गर्दछन् । डोमहरूको देवता सामुहिक हुन्छ र पूजा गर्दा अनिवार्य रूपले बलि दिने गर्दछन् । बलि दिंदा सुंगुर वा कुखुराको मात्र बली दिइन्छ । उनीहरू भूतप्रेतमाथि बढी विश्वास गर्दछन् । भूत प्रेत लागेमा झारफुक गरी धामी झाँक्रीले मसान देवताको आह्वान गर्दछ र देवतालाई माछा र दारु भेट दिइन्छ । पूजाको क्रममा सुंगुरको बलि दिंदा त्यसलाई कुनै हतियारले नकाटी बाँसबाट निर्मित एउटा चकिलो डन्डालाई सुंगुरको शरीरको अगाडिको खुट्टा नजिक पेशभन्दा माथि जोडले गोविन्छ । यसरी गर्दा सुंगुर जोड जोडले कराउँछ र जति बढी कराउँछ त्यति नै बढी देवता प्रसन्न हुन्छ भन्ने अन्धविश्वास उनीहरूमा रहेको पाइन्छ । पाँच मिनेटपछि सुंगुर मर्छ त्यसपछि मरेको सुंगुरलाई देवताको चारैतिर परिक्रमा गराइन्छ । त्यस सुंगुरको मासुलाई पछि प्रसादको रूपमा सबै आफ्ना सगा सम्बन्धिहरूलाई वितरण गरिन्छ या आफ्नै घरमा सबै आफन्तहरूलाई निम्तो दिई भोज खुवाइन्छ । आफ्नो देवीदेवताहरूलाई मासुको अलावा डोमहरू हिन्दु धर्मावलम्बी भएकाले हिन्दु देवी देवतालाई पुज्ने र मान्ने गर्दछ् । जस्तै नागनागिनीको पुजा गर्दछन् तर डोमहरूले पनि उनको पुजा गर्दछन् । हुन त डोमहरूलाई मन्दिर र देवालयमा प्रवेश मनाही गरेको छ । तर यिनीहरू मनवार कृष्ण, राम, विष्णु यी सबै देवतालाई आदर गर्दछन् । डोमहरू देवीदेवताहरूलाई पुज्नुको साथै उच्च जातका हिन्दुहरूले मनाउने प्रायः सबै चाँडपर्व मनाउँछन् । जस्तै दशैं तिहार, होली, माघे संक्रान्ति, साउने संक्रान्ति, रामनवमी, भाद्रमा मनाइने कृष्णजन्ममष्ठ्मी हरितालिका ब्रत जो

महिलाहरूले मात्र गर्दछन् । कर्तिक महिनामा मनाइने छठपर्व यी सबै पर्वहरू डोम समुदायले वडो धुमधामको साथ मनाउने गर्दछन् ।

### ६.१३ डोमकछ

महिलाहरूको दाश्रो सबैभन्दा प्रिय लोकनाट्य हो- डोमकछ । डोमकछको अर्थ हुन्छ डोमकथ्य अर्थात डामको स्वांग । स्वांग लोकनाट्यको एउटा मान्य विद्या हो । पुरुषहरू जन्ती गएको बेलामा सुनसान घर-दैलोको वातावरणलाई महिलाहरू डोमकछको माध्यमद्धारा भंग गर्दछन् र कोलाहल थपिन्छ । डोमकछको अभिनय महिलाहरूद्धारा महिलाहरूकै लागि हुन्छ । यसमा पनि पुरुष निषेध गरिएको हुन्छ । डोमकछको माध्यमद्धारा महिलाहरू रातभरी जाग्राम बस्छीन् । घर-आँगनको सुरक्षा पनि र मनोरञ्जन पनि । कथानक घर-गृहस्थी सँग गाँसिएको हुन्छ । श्रृगार एवं हास्यले परिपूरित यस लोकनाट्यमा पुरुषविहिन परिवेशमा मुक्तकण्ठले गीत गाउँदै नाच्दै समय विताउँछिन् । पुरुषको अभिनय पनि पुरुष नै गर्दछछन् । यसको गीतात्मक सम्बादमा विवाहको प्रति सामाजिक अवधारणाको विवेचना हुन्छ । जलुआको विहे समाजमा चन्दा उठाएर डोमीन बाँसको डगरा बेच्न राजाको हवेलीमा जान्छिन् र त्यहि अड्की जान्छे । डोमीनलाई खोज्दै डोमारा त्यहाँ पुग्छ- बाबुराम, बाबुराम डगरा बेचइते डोमिनी हेरायलरेकी । कुनै हत्तो-पत्तो नलागेपछि डोमरा ढोको फोडेर भित्र प्रवेश गर्दछ । त्यहाँ डोमनी हुन्छे । लिएर घर आउँछ ।

डोम परदेश गएको हुन्छ, त्यतिबेला उसको व्यथा जटिन जस्तै मार्मिक र वेदनायुक्त हुनछ । यसमा नारीको शोषण, विवाहको सामाजिक आवश्यकता, गृहस्थि जीवनको जटीलता आदिको मुक्त अभिव्यक्ति भएको छ । यस लोक नाट्या दाम्पत्य जीवनको उतारचढाउको पनि अत्यन्त मार्मिक प्रस्तुति गरिएको छ ।

### ६.१४ भाषा

हरेक मानव जातिले आफ्ना मनका भावना बिचार कुण्ठा विनप एक अर्कोमा पोख्ने मुख्य माध्यम नै भाषा हो । भाषाले नै मानिसलाई एक अर्कामा नजिक बनाउँछ र संसारको जुनसुकै समाज समुदायमा भाषाको जरुरत पर्छ । प्रायः सबै जाति र

वर्गको आफ्नै मातृभाषा हुन्छ मातृभाषाबाट नै उसको जातिय पहिचान हुन्छ भने राष्ट्रिय भाषाबाट उसको राष्ट्रीयता थाह हुन्छ । तर तिनीहरू आफ्नो राष्ट्रभाषा नेपाली बोलन  जान्दैन । ६० जना उतरदाता मध्ये ४२ जना वा ४० प्रतिशत उतरदाताले नेपाली भाषा बोल्न जान्दैनन् भने २० जना उतरदाताले नेपाली भाषा बोल्न र लेख्न सक्छन् । उनीहरूले आफ्नो मातृभाषाको अलावा अरु जात वाहुन या अन्य समुदायले बोलने मैथली, हिन्दी भाषाको पनि प्रयोग गरिएको  पाइयो । उनीहरू आपसमा कुरा गर्दा आफ्नै भाषा प्रयोग गरेको पाइयो ।

## ६.१५ धर्म

डोम समुदायले हिन्दु धर्मको मात्र अनुसरण गरेका छन् । धर्म परिवर्तनको बारेमा सोध्दा उनीहरूले हामीहरूले हिन्दु धर्मलाइ मात्र मानेका छौ । यो धर्म परम्परा देखि मान्दै आएका छौं । अरु धर्मको बारेमा हामी सोच्नै सक्दैनौ । जनकपुर नगरपालिकामा एउटा पनि व्यक्ति वा परिवार यस्तो देखिएन जो हिन्दु धर्मको अलावा अर्को धर्म मान्दैछ ।

# अध्याय–सात
# आर्थिक अवस्था

आर्थिक क्रियाकलापबाट नै मानिसले आफ्नो जीवनस्तर सुधार्न र भविष्यलाई उन्मुक्त उन्नतितिर उन्मुख गराउन सक्छ । गाँस-बाँस कपास जस्ता मानिसका अधारभूत आवश्यकतावाहेक जीवनमा आवश्यक पर्ने स्वास्थ्य, शिक्षा, सुरक्षा, मनोरंजन यातायात सबै कुराहरूलाई परिपूर्ति गर्ने मुख्य श्रोत भनेको नै अर्थ हो । जीवनका हरेक क्षणमा अर्थतन्त्रले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि समाज कति सुखी छ र कति समान्य छ त्यो हेर्नुपर्दा सबभन्दा पहिले त्यस समाजसँग सम्बन्धित आर्थिक अवस्थालाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ । चाहे समाजिक होस वा सांस्कृतिक शैक्षिक होस या औद्योगिक या पौराणिक क्षेत्रमा होस अर्थतन्त्रको ठूलो महत्व रहेको छ । कुनै पनि समाज वा समुदायको आर्थिक अवस्थामा त्यहाँको भूमिको बनोट भगौलिक वातावरण एवं हावा पानीले नै मुख्य रूपले प्रभाव पारेको हुन्छ ।

मानिस आफ्नो जन्मथलो छोडेर एउटै मानव समूहबाट पनि अलग भई विश्वका कुनाकाप्तामा एवं अन्य जाति र वंशमा समिश्रण हुन पुगेको मुख्य कारण पनि आर्थिक कारण नै हो । मानव सभ्यता र विकास सदैव आर्थिक प्रभाव भित्र फसेको हुन्छ ताकी आर्थिक जीवनलाई संचालन गर्न अनेकौं पेसा र व्यवसायलाई वाध्यतावश अपनाउनुपर्ने हुन्छ ।

शुरु शुरुका मानिसहरूले आजको जस्तो वैज्ञानिक विकास यातायात र संचारको सुविधा नभएको कारणले एक ठाउँबाट अर्को ठाउँमा जान्न या उत्पति समान पठाउन यो उपयोग गर्न पाउदैनथ्यो । समाज एवं समूहमा जसले जे जति उत्पादन गर्दथे । त्यहि आपूर्ति गर्नुपर्ने र समाजले उत्पादित वस्तुहरूबाट नै आफ्ना समानमा जातिय विभाजन हुन आएको देखिन्छ । अतः समाजमा दमाई, सार्की, कामी, डोम, लोहार आदि जातिहरूको उदय भएको हो । डोम जातिले मुख्यतः बाँसका विभिन्न

समान बनाउने श्रम विभाजन भएतापनि त्यसकामले मात्र उनीहरूको जीवन चलाउन अत्यन्तै कष्ठप्रद भएको हुनाले आजकल आफ्नो परम्परागत पेशाको साथै अरुकाम पनि गर्न थालेका छन् ।

## ७.१ आर्थिक दृष्टिकोणले सक्रिय र निष्क्रीय जनसंख्या

कुनै पनि जाति वा समुदायको अध्ययन अनुसंधान गर्दा सर्वप्रथम तिनीहरूको आर्थिक दृष्टिकोणले सक्रिय जनशक्ति भन्नाले आर्थिकोपार्जन कार्यमा संलग्न जनशक्तिलाई दृष्टिकोणले सक्रिय जनशक्ति भन्नाले आर्थिकोपार्जन कार्यमा संलग्न जनशक्तिलाई जनाउँछ त्यसैगरी निष्क्रीय जनशक्ति भन्नाले आर्थिक उत्पादन गर्ने नसक्ने जनसख्याहरूलाई जनाउँछ । डोम समुदायमा १० वर्षको उमेर देखि आफ्नो परम्परागत पेशाको काम सुंगुर गोठाला गर्न थाल्दछन् र साठी वर्ष भन्दामथिका बुढापाकाहरू पनि केही न केही समान्य घरेलु काम गरिरहेका छन् । यस नगरपालिकामा रहेका सक्रिय र निषक्रीय जनसँख्यालाई तलको तालिकामा देखाएको छ ।

**तालिका नं. ११**

**डोम जातिको आर्थिक दृष्टिकोणले सक्रिय र निष्क्रीय जनसँख्याको वितरण**

| उमेर समूह | सँख्या | प्रतिशत |
|---|---|---|
| १० वर्ष मुनिका | ७३ | ३१.३३ |
| ११-५९ वर्षका | १३३ | ५७.०२ |
| ६० बर्षभन्दा माथि | २७ | ११.५५ |
| **जम्मा** | **२३३** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०६६

(२) माथिको तालिका अनुसार यस नगरपालिकामा रहेको जम्मा जनसँख्या २३३ हो । जसमध्ये ७-१० वर्षसम्मको उमेरको जनसख्या ७३ रहेको छ ।

## ७.२ भूस्वामित्व

कृषि प्रधान समाजमा भूमिको स्वामित्वले आर्थिक स्थिति देखाउँछ । भूमि आर्थिक पक्षका महत्वपूर्ण साधन हो । अछुत डोम जातिको पनि कृषि भूमि आफ्नो छैन । ६० जना उतरदातामध्ये ६० जना नै उतरदाताका एक रोपनी पनि भूमि आफ्नो स्वामित्व नभएको पाइयो । ६० जना नै उतरदाता सुकुम्वासीका रूपमा नै वसोवास गरेका छन् ।

## ७.३ पेशा

व्यक्ति जब जन्मन्छ तब उसलाई अति आवश्यक पर्ने गाँस, बास, कपास हुन्छ । यस्तै गाँस, बास, कपास, को परिपूर्तिका लागि अर्थात बाँच्ने वचाउने प्रकृयामा व्यक्तिले कुनै न कुनै पेशा अवश्य अपनाएका हुन्छन् । जस्तै कोही उत्पादन गर्छ भने कोही नोकरी गर्दछ कोहि मजदुरी गरेका हुन्छ तर धनुषा जिल्लाका डोमहरू आफ्नो परम्परागत पेशालाई नै अपनाएका छन् । किनभने उनीहरूसँग खेती योग्य जमीन छैन न त उनीहरू नोकरी नै गर्दछन् । अछुत जाति भएको हुनाले उनीहबाट कसैले प्रायः उच्च जाति वा कृषि कार्यमा मजदुरी पनि गराउदैनन । त्यसै कारण यी क्षेत्रका सबै डोमहरू आफ्नो परम्परागत पेशालाई नै निरन्तरता दिन बाध्य छन् । उनीहरूको परम्परागत पेशामा त्यही बाँसका विभिन्न सामग्री बनाउने र त्यसलाई बजारमा लगेर बेच्नु या गाउँघरमा धुमाई बिक्री गर्दछन् । यसैबाट आएको पैसाबाट उनीहरूको खाद्यान्नको आवश्यकता पूर्ति हुन्छ । बाँसको सामग्री बनाउनु अलावा प्रायः सबै परिवारले सुङ्गुर र कुखुरा पनि पालेका छन् । त्यसको किनबेच पनि गर्छन । त्यसबाट पनि यिनीहरूलाइ केही आम्दानी भइहाल्छ । यी सबै कामको अलावा कहिलेकाँही मजदुरी पनि गर्दछन् । गाउँघरका कृषकहरूले धान गहुँ या अन्य अन्नहरू राख्न बाँसको भकारी बनाउने गर्दछन् । यी सबै काम गरे वापत यिनीहरूलाई पहिले धेरै आम्दानी हुन्थ्यो । तर बदलिदो समयको साथ अहिले आएर यस क्षेत्रका मानिसहरूले बाँसको सामाग्रीको प्रयोग गर्न कम गरेका छन् । त्यस कारण यिनीहरूको आम्दानी पनि कम भएको छ । पहिला यिनीहरू बाँसबाट विभिन्न

सामग्रीहरू जस्तै सुपली, वैन, चगेरा, ढकिया, तराजु आदि बनाउथे र यसबाट राम्रो आय हुन्थ्यो । तर यस क्षेत्रमा मानिसहरू बाँसको सुपलीको ठाउँमा पितलको सुपली प्रयोग गर्दछन् ।

| **तालिका नं. १२**<br>**पेशागत अधारमा उतरदाताको विवरण** | | |
|---|---|---|
| **उमेर समूह** | **सँख्या** | **प्रतिशत** |
| सुङ्गुर तथा कुखुरा पालन | २४ | ४० |
| मजदुरी | १६ | २६.६६ |
| दुबै | २० | ३३.३३ |
| **जम्मा** | **६०** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६६

**तालिका नं. १३**

**सरसफाइबाट बार्षिक आम्दानी**

| **आम्दानी रुपियामा** | **घरमूली संख्या** | **प्रतिशत** |
|---|---|---|
| २५००० सम्म | १४ | २२.५८ |
| २५०००-५०००० | २४ | ३८.७० |
| ५०००० भन्दा माथि | २४ | ३८.७० |
| जम्मा | ६२ | १०० |

स्रात स्थलगत सर्वेक्षण

## ७.४ पशुपालन

पशुपालनमा सुङ्गुरपालक जातिका रूपमा प्रख्यात यी जाति वा समुदायको घरपरिवार धान्ने प्रमुख आर्थिक स्रोतका रूपमा यसलाई लिन सकिन्छ । अध्ययन

क्षेत्रको ६४ घर परिवार मध्ये ४४ घर परिवारले सुङ्गुर पालन गरेको पाइयो जुन संख्याको ६८.७५ प्रतिशत हुन आउँछ। अर्को तर्फ पालन नगनेहरूको संख्या ३१.२५ प्रतिशत हुन आउँछ । सुङ्गुरपालक कृषक डोमहरू जो ४४ घरपरिवारमा छरिएका छन् । उपर्युक्त तालिकामा उनीहरूको वार्षिक आम्दानीको हिसाबले उनीहरूलाई वर्गिकरण गर्दा बार्षिक १०,००० सम्म आम्दानी गर्ने घरपरिवारको संख्या १९ वटा छ जुन ४३.१८ प्रतिशत हुन आउँछ। भने १०,००० देखि २०,००० सम्म आम्दानी गर्ने घरपरिवारको संख्या २३ वटा छ जुन ५२.२७ प्रतिशत हुन आउँछ भने २०,००० भन्दा माथि वार्षिक आम्दानी गर्नेको संख्या ४.५४ अर्थात २ वटा घर परिवार छ। स्मरण रहोस् ३१.२५ प्रतिशत ले सुङ्गुर पालन गर्दैनन्। उक्त तथ्याङ्कलाई तालिकामा पनि प्रस्तुत गर्न सकिन्छ।

**तालिका नं. १४**

**बार्षिक आन्दानी**

| आम्दानी रुपियामा | घरमूली संख्या | प्रतिशत |
|---|---|---|
| १०,००० सम्म | १९ | ४३.१८ |
| १०,०००-२०००० | २३ | ५२.२६ |
| २०००० भन्दा माथि | २ | ४.५४ |
| जम्मा | ४४ | १०० |

स्रोत स्थलगत सर्वेक्षण २०६४

### ७.५ डोमजातिको बार्षिक आय

कुनै पनि मानिसको आर्थिक अवस्था कस्तो छ । उसको जीवन कति आरामले वितिरहेको या दुःखले यसको बारेमा पत्ता लगाउन उसको बार्षिक आम्दानी र खर्चको बारेमा थाह हुन आवश्यक हुन आउँछ। शोधकर्ताले अध्ययनको लागि छनौट नगरिएका जनकपुर नगरपालिकामा सर्वेक्षण गरि यस नगरपालिकाका डोमहरूको आम्दानी र खर्चको मोटामोटी लगभग पता लगाउने प्रयास गरिएको छ । यसरी

सर्वेक्षण गर्दा सबै डोमहरूको अवस्था लगभग एकै किसिमको पाइयो एक परिवारको बार्षिक आम्दानी लगभग ५० देखि ६० हजार रुपिया छ भने खर्चको हिसाव गर्दा लगभग त्यति कै गर्छन् । आम्दानीको मुख्य श्रोत सुङ्गुर, कुखुराको बिक्री र बाँसका सामाग्रीको विक्री हो भनाईको मतलव तिीहरूले बचत गर्न सकिरेको छैनन् । किनभने उनीहरूको आयश्रोत सिमित छ । त्यसमा पनि उनीहरू आफ्नो आम्दानीको लगभग २०-२५ प्रतिशत हिस्सा रकसी खानमा खर्च गर्दछन् । यसै कारण उनीहरूको अवस्था सधिरहेको छैन । यस क्षेत्रको सर्वेक्षण क्रममा एउटा कुरा के देखियो भने यी नगरपालिका डोमहरू एक दिन खाना नखाई बाँच्न सक्छन तर रक्सी नखाई बाँच्न सक्दैनन् ।

## ७.६ डोम जातिको विगत र वर्तमानको अवस्था

यिनीहरूको प्रमुख पेशाको रूपमा परम्परादेखि बाँसको विभिन्न सामग्री बनाउने र बेच्ने तथा सुङ्गुर र कुखुराको व्यवसाय गरेको छ । यी दुवै पेशाहरू उनीहरूको वाबु/बाजेले नै अपनाएको थियो र अहिले पनि यिनीहरू त्यही पेशालाई निरन्तरता दिइराखेको छन् । तसर्थ उनीहरूको आर्थिक अवस्था, विगत भन्दा भिन्न हुन सकेको छैन । वर्तमान अवस्था पनि दयनीय नै रहेको छ । जसले गाउँ छाडी शहरतिर गई बसेका छन् । उनीहरूको आर्थिक अवस्था अलिकति भएपनि सुधारिएको छ ।

(४) डोम जातिको आर्थिक अवस्था निम्न हुनुका कारण निम्न छन् :

### (क) शिक्षा र चेतनाको कमी

डोम जाति शिक्षामा निकै पछाडि परेका छन् । शिक्षाबाट पाउने चेतना यिनीहरूले पाउनु सकेका छैनन यिनीहरू केवल भाग्यलाई दोष दिंदै अल्छिपना गर्दै मौज मस्तिमा लागको सोझा भएको कारणले गर्दा यिनीहरू आर्थिक रूपले पछि परेका छन् ।

**(ख) वचत गर्ने वानी नहुनु**

यी जाति सामान्य र सरल किसिमको जीवन पद्धति विताउन मन पराउँछन् । राम्रो आय भएको वखत पैसा जोगाउनुके सट्टा अनावश्यक खर्च गरेर पैसा सिध्याउछन् । डोमहरू प्राय: सबै दिन रक्सी खाने गर्दछन् । रक्सी बिना उनीहरूको कुनै पनि खुशी या पर्व अधुरो रहन्छ । आर्थिक अवस्था कमजोर हुनुमा यो पनि एउटा प्रमुख कारण रहेको छ ।

**(ग) वैकल्पिक पेशा एवं सीपको अभाव**

यस जातिमा परम्परागत पेशा वा सीपका अलावा नयाँ सीपक्षमताको विकास र खोज गर्न सकिरहेका छैनन । अन्य राम्रोको जान पनि उनिहरूमा छैन । कुनैले केही नयाँसीप र कला जाने पनि आर्थिक अभावको कारण केही गर्न सकिरहेका छैन ।

**(घ) अछुत जाति हुनु र छुवाछुतको चलन बढी हुनु**

हुन त नेपालका दलित जातिहरूको आर्थिक अवस्था नै चिन्ताजनक छ तर डोम जातिको अलावा अन्य दलितहरू उच्च जातिको कहाँ काम गरेर आय आर्जन गर्छन् । तर डोम जाति अछुत जाति भएको हुनाले उच्च जातिहरूले उनीहरूबाट काम लिदैनन् । फलस्वरूप डोमहरू ज्यालादारी गर्न सक्दैनन् । आयको श्रोत सीमित रहेको छ । यो नि एक प्रमुख कारण हो ।

**तालिका नं.१५**
**सरसफाई सम्बन्धित पेशामा डोम महिलाको संलग्नता**

| सरसफाइको काम गर्ने/नगर्ने | महिला समुदाय | प्रतिशत |
|---|---|---|
| गर्ने | २३ | ३५.९४ |
| नगर्ने | ४१ | ६४.०६ |
| **जम्मा** | **६४** | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण २०६६

# अध्याय-आठ
# सारांश, निष्कर्ष र सुझाव

## ८.१ सारांश

कुनै पनि देशको विकास त्यस देशको सामाजिक आर्थिक एवं सांस्कृतिक मूल्यामान्यता निर्भर रहेको हुन्छ । प्रत्येक जातजातिको आफ्नै किसिमको संस्कृति र आदर्श रहेको हुन्छ र यसै बमोजिम नै त्यस समाजले प्रगति गरेको हुन्छ । यस अनुसंधानको मुख्य उद्देश्य धनुषा जिल्लाको जनकपुर नगरपालिकाको डोम जातिको समान्य जीवनशैली उनीहरूको आर्थिक विपन्नता र उच्च नीचको भावनाले उनीहरूले भोग्नु पर्ने समस्याको बारेमा अध्ययन गर्नु हो ।

हाम्रो देशमा रहेका विविध जात-जाति मध्ये अछुत डोम जातिको पनि आफ्नै किसिमको सांस्कृतिक परम्परा रहको छ । डोम जाति नेपालका पूर्वी तराईका जिल्लाहरू जस्तै झापा, सप्तरी, धनुषा, सिराहा र भारतका बिहार राज्यको सिमानासँग जोडिएका जिल्लाहरू बारा, पर्सा र रौतहटमा बसोवास गरेका छन् । तर यस अध्ययनको क्षेत्र धनुषा जिल्लाको जनकपुर नगरपालिकाका डोम जातिहरू छन् ।

धनुषा जिल्लामा पनि डोम जातिको बाहुल्यता रहेको हुँदा उनीहरूको अवस्था हरेक क्षेत्रमा ज्यादै दयनीय र कमजोर रहेको हुँदा यहाँ उनीहरूको गरीवीको कारण पता लगाउने उद्देश्यले यस शोधलाई अगाडि बढाइएको छ । आफ्नै किसिमको धर्म, सँस्कृति र आर्थिक जीवनशैली लिएर बसोवास गर्दै आएका डोमहरूले आफ्नो जातिय पहिचान प्रस्तुत गरेके पाइन्छ । यसरी हेर्दा पुरै नेपालमा डोमहरूको कूल जनसख्या ८९३१ रहेको छ । जसमा पुरुषको जनसख्या ४६३१ छ भने महिलाको कुल जनसँख्या ४३०० रहेको छ ।

डोमहरूको जीवनयापनको प्रमुख आधार परम्परागत व्यवसाय नै रहेको छ । त्यस कारणले उब्जनी होस वा नराम्रो होस, यिनीहरूलाई प्रत्यक्ष प्रभाव पर्छन । डोमरुको आधिभन्दा बढी जनसँख्याले परम्परागत पेशालाई नै अपनाएका छन् भने धेरै कम जनसँख्याले पशुपालन गरेका छन् । डोमजातिहरू शिक्षा, स्वास्थ्य, राजनीति जस्ता कुराहरूबाट टाढा रहेका छन् । यस जातिको पारिवारिक बनौट हेर्दा संयुक्त परिवारको सँख्या नै बढी छ । यिनीहरूमा पैत्रिक सम्पत्ति नाममात्रको हुन्छ । परिवारको सबै जना मानिसले मिहिनेत गर्छन् र आएको पैसा सम्मिलित रूपमा नै खर्च हुन्छ । तसर्थ उनीहरू संयुक्त परिवारमा नै बढी विश्वास गर्दछ । डोम जातिमा भेष भूषा खान, पान, रहनसहन आदिमा परम्पारगत जीवनशैली बिताउने डोमहरू आर्थिक रूपले धेरै नै पछाडि परेका सीप मूलक कामको अभावले आफ्नो परम्परागत पेशा अपनाउनु बाध्य हुन्छन् । यसरी देखिएका सामाजिक आर्थिक, शैक्षिक, विविध, कुराहरू अध्ययन पश्चात ज्यादै पछाडि परेका र वर्तमान समयमा आफ्नो परम्परागत मूल्य मान्यतालाई केही रूपमा परिवर्तन गर्दै अगाडि बढाउदै गइरहेको कुरा निष्कर्षबाट थाहा हुन आउँछ ।

जनकपुर नगरपालिकामा बसोवास गर्ने १०० परिवार मध्ये ६० घर परिवारहरूलाई Simple random sampling को Lottery विधिद्वारा अध्ययनको निमित्त छनौट गरिएका थिए । गुणात्मक र सँख्यात्मकका साथै प्राथमिक र द्वितिय दुवै तथ्याङ्क यस अध्ययनमा उपयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्नको निमित्त अर्ध संरचनात्मक अन्तर्वाता, असहभागी अवलोकन र मुख्य धनिसँगको अन्तरर्वाता विधिहरूको उपयोग गरिएका छन् ।

## ८.२ निष्कर्ष

प्रस्तुत शोधको अध्ययन क्षेत्र धनुषा जिल्लाको जनकपुर नगरपालिका रहेको छ । यस शोधको नामाकरण जनकपुर नगरपालिकाको डोम जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको एक अध्ययन राखिएको छ । जहाँ यस जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षको अध्ययन गरिएको छ । यी जाति सरल इमान्दार र

सोझा देखिनछन् र आफू भन्दा उच्च मानिसलाई आदर सम्मान गर्ने गर्दछन् । यिनीहरू पहिला देखि नै जो पेशा अपनाएका छन् त्यसैलाई निरन्तरण दिइ रहेका छन् । जीविका स्वरूप यिनीहरूले आर्थिक अवस्था पहिले भन्दा राम्री हुन सकेको छैनन् ।

कानूनले निषेध गरे पनि समाजिक रूपमा जातिय विभेद तथा छुवाछुत अनत हुन सकेको छैन । नेपाली समाजमा दलितहरूको अवस्था एक्कासी शताब्दीमा पनि उपेक्षित तिरस्कृत छ । दलित डोमको अवस्था झन अपेक्षित र निस्कृत देखिन्छ । बसोवासका निमित सरकारले दिएको जग्गा जमीनको पनि धनी पुर्जा प्रमाण पत्र नभएको देखिन्छ । सुंगुर र कुखुरा पालन पुरानो पेशा अपनाएको देखिन्छ । समग्रमा डोम जातिको सामाजिक आर्थिक सांस्कृतिक अवस्था दयनीय देखिन्छ ।

**सुझाव**

(क) डोम समुदायका शिक्षाको ज्योति निःशुल्क शिक्षाले मात्रै उनीहरूलाई समेटन सकेन अब थप प्रोत्साहन दिन मासिक भत्ता जस्तो आवश्यक योजना अघि सार्नु पर्छ ।

(ख) डोम समुदायले जाँड रक्सीमा धेरै फजुल खर्च गर्छन त्यसमा कटौति गर्नु पर्छ ।

(ग) बाँसको मालि बाँसमाली, भनिने डोम समुदायले निर्माण गर्ने बाँस जन्य सामाग्रीको व्यवासीकरण कुनै राष्ट्रिय एवं अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गराउनु पर्ने अति आवश्यक देखिएको छ ।

(घ) पशुपालन व्यवसायमा पनि सँगुर विशेष रूपले पाल्ने कृषकहरूमा देखिएको डोमहरूलाई बिना धितो श्रमसहयोग दिइनुपर्दछ ।

# सन्दर्भसामाग्री


- अनौपचारिक क्षेत्र सेवा केन्द्र (२०५३) नेपालमा जातिय छुवाछुत
- अर्न्तरिम संविधान (२०६३) चन्डेश्वरी प्रकासन
- केन्द्रिय तथ्यांक  विमाग (२०५९)
- खत्री प्रेम कुमार (२०५०) नेपाली समाज र संस्कृति काठमाडौं साझा प्रकाशन
- गोरखापत्र २०६६ साल जेष्ठ ५ गते मंगलवार
- गौतम राजेश, अशोक थापा मगर (१९९४) ट्राइवल इथ्नोग्राफि अफ नेपाल, भोलम १,२, दिल्ली बुक फेथ इन्डिया
- कान्तिपुर (२०६३) चैत्र १३ गते समाज बेचन गाँउ किन्नु पर्ने पृष्ठ १
- जनकपुर वृहत क्षेत्र विकास परिसर जनकपुर धाम
- झाहरिवंश (१९९८) तराइ दलित एक्सन एण्ड नेपाल
- ठाकुर दिगम्बर (२०५९) रौतहट जिल्लाको डोम जातिको सामाजिक अवस्थाको एक अध्ययनअप्रकाशित स्नात्तकोत्तर शोधपत्र समाजशास्त्र, मानवशास्त्र विभाग पाटन संयुक्त क्याम्पस त्रि.वि. काठमाडौं
- दलित संस्थान संरक्षण सम्बन्धित विधेयक २०५९
- नेपाल दलित जनविकास परिषद २०३०
- नेपाल (नेपाल सरकार सुचना विभाग) जेष्ठ, असार २०६६
- नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान (२०३९) नेपाली वृहत शब्दकोष
- नेपालको मधेसी समाज - दिपक चौधरी
- नेपाली, जि.एस. (१९६५ ईस्वी) द नेवारसः एन इथ्नोशोसियोलोजिकल स्टडि अफ हिमालीयन कम्यूनिटि बम्बै युनाइटेड एसिया
- पाण्डे मधुसुदन (२०६०) नेपालका जनजातिहरू काठमाडौं पैरवी प्रकाशन
- पाण्डे मधुसुदन (२०६२) नेपालका दलितहरू काठमाडौं पैरवी प्रकाशन

- पाण्डे राम निवास, दिनेश चन्द्र रेग्मी (२०५४) नेपालको पौराणीक इतिहास, काठमाडौं नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि.
- बिष्ट डोरबहादुर (२०३०) सबै जातको फुलबारी
- मनुस्मृति संस्कृत सन् १९९८
- मेचीदेखि महाकालीसम्म भाग १ एवं २
- यादब उपेन्द्र (२०५४) नेपालको मधेशी समुदाय
- शर्मा जनकलाल (२०३९) हाम्रो सामाज एक अध्ययन
- शर्मा जनकलाल (२०४३) हाम्रो समाज एक अध्ययन काठमाडौं साझा प्रकाशन
- हफ्फर एन्ड्रूस (१९७९ ईस्वी) द काष्ट हाइरार की एण्ड स्टेट इन नेपालः एस्टडी अफ मुलुकी ऐन अफ १८५४ ईस्वी इन्स् बुकः युनिभर्सिटिज भरलग वागनर
- होमवर्ग-डेबिड एच (१९८९ ईस्वी) अर्डर इन प्याराडक्स : मिथ रिचुल एण्ड एक्सचेन्ज एमोङ नेपाल तामाङ कर्नेल युनिभर्सिटि प्रेस
- श्रेष्ठ, हरिप्रसाद (२०५६) नेपालको इतिहास र संस्कृति काठमाडौं रत्नपुस्तक भण्डार

# उत्तरदाताको नामावली

| सि.नं. | नाम | लिङ्ग पुरुष, | महिला | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|---|
| १ | खेनारी मंलीक डोम | √ | | ३९ | " | साक्षर | सुंगुर पालन एवं बासको काम |
| २ | हरिखन मंलीक डोम | √ | | ५२ | " | निरक्षर | " |
| ३ | बिजुली मंलीक डोम | √ | | ५३ | " | माध्यामिक | " |
| ४ | मिश्री मंलीक डोम | √ | | ३५ | " | साक्षर | " |
| ५ | रामशरण मंलीक डोम | √ | | ३२ | " | निरक्षर | " |
| ६ | योगेन्द्र मंलीक डोम | √ | | २५ | " | निरक्षर | " |
| ७ | दिनेश मंलीक डोम | √ | | ५५ | " | निरक्षर | " |
| ८ | नागेश्वर मंलीक डोम | √ | | ५० | " | निरक्षर | " |
| ९ | जगदेव मंलीक डोम | √ | | ४० | " | साक्षर | नगरपालिका सरसफाइ, सुंगुर पालन एवं बासको काम |
| १० | विनोद मंलीक डोम | √ | | ३५ | " | साक्षर | " |
| ११ | सुरेश मंलीक डोम | √ | | ४० | " | साक्षर | " |
| १२ | बन्ठा मंलीक डोम | √ | | ३९ | " | साक्षर | " |
| १३ | अक्ष मंलीक डोम | √ | | ६९ | " | निरक्षर | " |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | शत्रुघन मंलीक डोम | √ | | ४६ | " | निरक्षर | " |
| १५ | नागेन्द्र मंलीक डोम | √ | | ४७ | " | निरक्षर | " |
| १६ | जगदिश मंलीक डोम | √ | | ३२ | " | निरक्षर | नगरपालिका सरसफाइ |
| १७ | भरत मंलीक डोम | √ | | ३६ | " | निरक्षर | " |
| १८ | फेकन मंलीक डोम | √ | | ३२ | " | निरक्षर | " |
| १९ | राजेन्द्र मंलीक डोम | √ | | ३७ | " | निरक्षर | " |
| २० | भरो मंलीक डोम | √ | | ३९ | " | निरक्षर | " |
| २१ | सन्तन मंलीक डोम | √ | | ३५ | " | निरक्षर | बासको काम एवं सुगुर पालन |
| २२ | भन्टुन मंलीक डोम | √ | | ३६ | " | निरक्षर | " |
| २३ | शिवशरण मंलीक डोम | √ | | ३० | " | निरक्षर | " |
| २४ | राधे मंलीक डोम | √ | | ३२ | " | निरक्षर | " |
| २५ | कलावतीदेवी | | √ | ३१ | " | निरक्षर | " |
| २६ | सुनैनादेवी | | √ | २५ | " | निरक्षर | " |
| २७ | रामवतीदेवी | | √ | २७ | " | निरक्षर | " |
| २८ | सन्जलादेवी | | √ | ३२ | " | निरक्षर | " |
| २९ | रैनादेवी | | √ | ४० | " | निरक्षर | " |
| ३० | नैनादेवी | | √ | ९७ | " | निरक्षर | " |
| ३१ | काजद देवी | | √ | ४७ | " | निरक्षर | " |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | चाँदनी देवी | | √ | २३ | " | निरक्षर | " |
| ३३ | फुलवती देवी | | √ | २२ | " | निरक्षर | " |
| ३४ | जयनाथी देवी | | √ | २१ | " | निरक्षर | बजार सरसफाइ |
| ३५ | रुकमिणी देवी | | √ | २२ | " | निरक्षर | " |
| ३६ | रेखा देवी | | √ | २६ | " | निरक्षर | " |

# प्रश्नावली

अन्तवार्ताको लागि तयार पारिएको प्रश्नावली फारम

१ उत्तरदाताको नाम मिति

घरसंख्या

धर्म शिक्षा

उमेर लिङ्ग

| सि.नं. | नाम | लिङ्ग | | उमेर | शिक्षा (क) | वैवाहिक स्थिति (ख) | पेशा (ग) |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |

वैवाहिक स्थिति घरको किसिम

२ विस्तृत पारिवारिक विवरण

पुनश्चः

(क) (१) निरक्षर (२) साक्षर (३) प्राथमिक (४) निम्न माध्यामिक (५) माध्यामिक (६) उच्च माध्यामिक (७) उच्च माध्यामिक माथि

(ख) (१) अविवाहित (२) विवापहत (३) विधवा/विदुर (४) छुट्टै बसेको

(ग) (१) कृषि (२) व्यापार (३) नोकरी (४) समाज सेवा/राजनिति

(५) श्रमिक ज्याला (६) अन्य भए.........

(क) डोम जाति को सामाजिक अवस्था

१. तपाईको परिवार कस्तो किसिम को हो ?

(क) सकारात्मक ☐ परिवार संख्या ☐

(ख) संयुक्त ☐ परिवार संख्या ☐

२. तपाईको घरमा घरमुली को छ ?

(क) पुरुष ☐ (ख) महिला ☐

३. तपाईको समाजमा कस्तो मान्छेले धरमुली को भूमिका निर्वाह गर्दछ ?

.......................................................................................

४. तपाईको समाजमा गुठी वा त्यस्तै अन्य सामाजिक संगठनहरू छन् ?

(क) छन् ☐ (ख) छैनन् ☐

यदि छन् भने संगठन को नाम

(क) ..................................................................

(ख) .................................................................

५. के यस समुदायमा रहेका जाति राजनीतिक रूपमा विभिन्न स्थानमा चुनावमा उठेका छन् ?

(क) छन्  (ख) छैनन्

यदि छन् भने संगठनको नाम

क) ........................................................................

(ख) ........................................................................

६. यस समाजमा झैगडाको स्थिति कस्तो छ ?

झैगडा (क) हुन्छ  (ख) हुदैंन

यदि हुन्छ भने मेलमिलाप वा समाधान कहाँबाट गर्नु कुन्छ

.(क) आफ्नै जातिको गाँउ मुखिया

(ख) वडाध्यक्ष

(ग) गा.वि.स. अध्यक्ष

(घ) जिल्ला प्रशासन

(ङ) अदालत

(च) प्रहरी चौकी

७. यस स्थानमा बसोबास गरेको कति वर्ष भयो ?

(क) २० वर्ष भन्दा कम

(ख) २० वर्ष देखि ५०

(ग) ५० देखि ८० वर्ष सम्म

(घ) ८० देखि ११० वर्ष सम्म

(ङ) ११० भन्दा माथि

८. तपाईको पूर्वज कहाँबाट बसाई सरेर आएका हुन ?

........................................................................

९. तपाइले आज सम्म भोट दिनु भएको छ ?

छ  छैन्

१०. नागरिकता लिनुभएको छ ?

छ  छैन्

११. तपाइको समुदायमा भएका प्रमुख समस्याहरू के-के हुन ?

..........................................................................................

१२. खाने पानी कहाँबाट ल्याएर खानुहुन्छ ?

(क) आफ्नो घरमा भएको धाराबाट ☐

(ख) सार्वजनिक इनार ☐

(ग) सार्वजनिक धारा ☐

(घ) सार्वजनिक ट्युवेल ☐

(ङ) अन्य ☐

१३. घर वरिपरिको स्वास्थ्यको स्थिति

(क) सफा (ख) ठिकै (ग) फोहर

१४. दिसा-पिसाव कहाँ गर्नुहुन्छ ?

(क) चर्पी ☐ (ख) खेतीबारी ☐ (ग) जंगलमा ☐

यदि चर्पी छ भने कस्तो किसिमको छ ?

(क) आधुनिक/वैकल्पिक ☐ (ख) साधारण ☐

१५. यस समुदायमा के-के रोगहरू मुख्यतया लाग्ने गर्दछन् ?

(क) .................... (ख) ....................

(ग) .................... (घ) ....................

१६. विरामी परेमा कहाँ उपचार गर्नु हुन्छ ?

(क) अस्पताल ☐ (ख) स्वास्थ्य ☐

(ग) औषधि पसलमा गई विरामी भनी औषधि खाने

(घ) बैध उपचार ☐ (ङ) घरायसी उपचार ☐

(च) धामी/झाक्री ☐

१७. तपाईलाई परिवारमा नियोजन सम्बन्धमा जानकारी छ ☐

१८. यदि छ भने, गर्नु भएको छ ?

(क) छ ☐ (ख) छैन ☐

२९. तपाईले छोरा छोरीलाई खोप/सुई दिनुभएको छ ?

(क) छ ☐ (ख) छैन ☐

२०. छैन भने किन ?

..............................................................................................

**(ख) सांस्कृतिक अवस्था**

२१. तपाईहरूका मुख्य चाडपर्वहरू के - के हुन ? ती कहिले पर्दछन् र कसरी मनाइन्छ ?

..............................................................................................
..............................................................................................
..............................................................................................
..............................................................................................
............

२२. तपाईहरूका प्रमुख देवी/देवताहरू कुन कुन हुन ? ती देवी/देवतालाई कसरी मान्नु/पुजा गर्नुहुन्छ ?

..............................................................................................
..............................................................................................
..............................................................................................
..............................................................................................
............

२३. तपाईहरू जन्म संस्कार कसरी गर्नुहुन्छ ? बच्चाको नामाकरण कसले र कसरी गर्दछ ? तपाईको परिवारमा बच्चा जन्मिदा सुतक (जुठो) लाग्दछ ? यदि लाग्छ भने, कति लिनसम्म लाग्छ ?

..............................................................................................
..............................................................................................
..............................................................................................
.........................................................................

२४. तपाइको जीवनमा जन्म भन्दा वाहेक अन्य प्रमुख संस्कारहरू के-के हुन ?

..................................................................................................

..................................................................................................

..................................................................................................

..................................................................................................

............

२५. तपाईको समुदायमा कस्तो विवाह प्रक्रियाहरू प्रचलनमा छन् ?

(क) मागी विवाह ☐ (ख) बहुविवाह ☐

(ग) प्रेम विवाह ☐ (घ) जारी विवाह ☐

(ङ) अन्तरजातिय विवाह ☐ (च) फुफु चेला/मामा चेल ☐

२६. तपाईहरू विवाह संस्कार कसरी गर्नुहुन्छ ?

..................................................................................................

..................................................................................................

२७. मृत्यु सस्कार कसरी गर्नुहुन्छ ?

..................................................................................................

..................................................................................................

२८. तपाईको समुदायमा कस्ता परम्परागत पुजा तथा अन्य सस्कारहरू प्रचदनमा छन् ?

..................................................................................................

..................................................................................................

२९. तपाईको समाजमा रहेका परम्परागत रीतिरीवाज विश्वास /चलनहरू के-के हुन् ?

..................................................................................................

..................................................................................................

३०. नातेदारको सम्मान केले र कसरी गर्नु हुन्छ ?

..................................................................................................

..................................................................................................

३१.   तपाईहरूको दैनिक खानामा प्रयोग गरिने कुराहरू के के हुन ?

..........................................................................................

..........................................................................................

३२.   दैनिक प्रयोगमा ल्याइने पोशाकहरू के के हुन ?

..........................................................................................

..........................................................................................

३३.   कस्ता किसिमका गरगहनाहरू लगाउनु हुन्छ ?

..........................................................................................

..........................................................................................

३४.   विभिन्न संस्कारहरू तथा पर्वमा प्रयोगमा ल्याइने बाजाहरू के के हुन ?

३५.   तपाइएको समुदायमा कस्ता किसिमका नाच/गानहरू कुन-कुन अवसरमा नाचिन्छन्/गाइन्छन्  ?

..........................................................................................

..........................................................................................

३६.   परम्परागत चलनहरूमा कतिको परिवर्तन आएको छ ? के-के मा परिवर्तन भएको छ ?

..........................................................................................

..........................................................................................

३७.   तपाइहरूले प्रयोग गर्ने प्रमुख औजारहरू के-के हुन् र ती कुन-कुन प्रयोजनको   निमित्त प्रयोग गरिन्छन् ?

(ग)   आर्थिक अवस्था

३८.तपाईको जग्गा कति प्रकारको छ ?

| क.सं. | जग्गाको प्रकार | जग्गा रोपनीमा | कैफियत |
|---|---|---|---|
| १ | निजी | | |
| २ | मोहियानी | | |
| ३ | अधिमा | | |
| ४ | एलानी | | |
| ५ | अन्उ | | |

३९. तपाईको जग्गाबाट कुन कुन प्रकारको अन्न उत्पादन हुन्छ ?

| क.सं. | उलको नाम | कुल उत्पादन | खपत |
|---|---|---|---|
| १ | धान | | खाना/बेच्न/जाँड |
| २ | मकै | | " |
| ३ | कोदो | | " |
| ४ | आलु | | " |
| ५ | फाफर | | " |
| ६ | गँहु | | " |
| ७ | जौ | | " |
| ८ | अन्य | | " |

४०. तपाईलाई आफ्नो उत्पादनले खान पुगेर बेच्नु पनि हुन्छ ?

(क) हो ☐ (ख) होइन् ☐

४१. तपाईलाई आफ्नो उत्पादनले कति सम्म खान पुग्छ ?

(क) ०-३ महिना ☐ (ख) ३-६ महिना ☐

(ग) ६-९ महिना ☐ (घ) ९-१२ महिना ☐

४२. अन्य कहाँबाट ल्याई नपुग समयमा गुजारा गर्नुहुन्छ ?

(क) नोकरी ☐ (ख) व्यापार ☐

(ग) ज्यालादारी ☐ (घ) अन्य ☐

४३. तपाईहरू कुन कुन पशुहरू पाल्नुहुन्छ ?

| क.सं. | पशुको प्रकार | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

४४. तपाइको परिवारमा बाँस सगुर पालन को अलावा के-के आय स्रोतहरू छन् ?

..........................................................................................

..........................................................................................

४५. तपाईले कहाँबाट ऋण लिनु भएको छ ?

(क) बैंक ☐ (ख) स्थानीय साहु महाजन ☐

(ग) आफन्त ☐ (घ) सहकारी सस्था, महिला समुह ☐

४६. के प्रयोजनको लागि लिनु भएको हो ?

(क) उन्नत खेती गर्नु ☐ (ख) पशुपालन गर्न ☐

(ग) घर निर्माण गर्न ☐ (घ) उपचार गर्न ☐

(क) छोराछोरी पाउन ☐ (ख) सस्कार गर्न/पर्व मनाउन ☐

(ग) अन्य ☐

४७. यस समुदायमा गैरसरकारी संघ संस्थाबाट विकासका कार्यक्रमहरू भएका छन्?


N.GO को नाम

(क) कार्यक्रमहरू
(अ)
(आ)
(इ)
(ई)

(ख) (अ)
(आ)
(इ)
(ई)

(ग) (अ)
(आ)
(इ)
(ई)

# मधेशी मूलका जातिहरू


मधेशी मूलका जातिहरू
जातजाति हिन्दु
जनजाति
मुसलमान
बयालीस/पेशागत र अन्य
छ जात
व्यापारी समूह
किसानी समूह
दक्ष पेशागत
अन्य
दलित
थारु
पुर्विय/मध्यथारु
पश्चिम थारु
अन्य
दनुवार
माझी
राजवंशी
ताजपुरिया
धिमाल
धाँगड
सतार
अन्य
सैयद, सेख, पठान. मगल
पेशागत अन्य

सुँगुर बस्ने खोर